## परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक अविरल स्थापितको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि तयार पारिएको हो ।

## १.३ विषय परिचय

अविरल स्थापितको जन्म २०११ साल फागुन ८ गतेका दिन कास्की पोखराको नदीपुर-३ पाटनमा पिता मृगरत्न स्थापित र माता यशोमतीका कोखबाट भएको हो । बालीविज्ञानमा विद्यावारिधिसम्म गरेका वैज्ञानिक स्थापित २०२५ सालपछि साहित्यिक फाँटमा देखापरेका हुन् । २०२५ सालमा सर्वप्रथम नयाँ सन्देश पत्रिकामा 'दुई मुक्तक' शीर्षकको कविता प्रकाशित गरी औपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेका स्थापितले तीसभन्दा बढी कथाहरू, दशवटा जति कविताहरू र एउटा एकाङ्कीको समेत रचना गरेका छन् । उनका प्रायः सबै कथाहरू माकुराको जालो (२०४०) र अविरलका कथाहरू (२०५६) कथासङ्ग्रहहरूमा सङ्कलित छन् भने कविताहरू अझै पनि विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् ।

## १.४ समस्याकथन

नेपाली भाषा र साहित्यको विकासमा मह□वपूर्ण योगदान पुऱ्याएका अविरल स्थापितको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न समयमा सामान्य रूपमा चर्चा परिचर्चा भए पनि बृहत् रूपमा अध्ययन हुन सकेको छैन । त्यसैले प्रस्तुत शोधपत्र अविरल स्थापितको जीवनी, व्यक्तित्व र कृतित्वको विविध पक्षलाई प्रकाशमा ल्याउनका लागि निम्नानुसारका समस्यासँग सम्बन्धित रहेको छ -

- अविरल स्थापितको जीवनी के-कस्तो रहेको छ ?
- उनका व्यक्तित्वका पाटाहरू के-कस्ता छन् ?
- उनका हालसम्म प्रकाशित साहित्यिक कृतिहरू कति र के-कस्ता रहेका छन् ?
- उनको नेपाली साहित्यका क्षेत्रमा के-कस्तो योगदान रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य अविरल स्थापितको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित रहेको छ । समस्याकथनमा उल्लेख गरिएका समस्याहरूको समाधान गर्नु नै यो शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । तसर्थ यसको प्रमुख उद्देश्य निम्नानुसार केन्द्रित रहेको छ -

- ▶ अविरल स्थापितको जीवनी प्रस्तुत गर्ने,
- ▶ उनका व्यक्तित्वका विभिन्न पक्षहरूको परिचय दिने,
- ▶ उनका प्रकाशित साहित्यिक कृतिहरूको विश्लेषण गर्ने,
- ▶ उनको साहित्यिक योगदानको उल्लेख गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

अविरल स्थापितले नेपाली साहित्यमा उल्लेखनीय योगदान दिएका छन् तर पनि यिनका बारेमा गहन रूपमा अध्ययन भएको देखिदैन । अविरल स्थापित र उनका कृतिका बारेमा यस शोधकार्य पूर्व भएका सामान्य चर्चा र टिप्पणीहरूलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- ▶ एम.आर. शर्माले २०२८ सालको मधुपर्कमा अविरल स्थापितको 'भित्तामा टाँगिएका चित्रहरू' भन्ने कथामा विषयवस्तु राम्रो भए पनि त्यसलाई प्रष्ट्याउन नसकिएको जनाएका छन् ।
- ▶ सीताराम ढकालले २०३५ सालको मधुपर्कमा स्थापितको 'मासिक तलव' भन्ने कथामा कर्मचारीहरूको विवशता झल्कने यथार्थ नेपाली समाज अनुकूल छ भनी उल्लेख गरेका छन् ।
- ▶ श्रीराम पाण्डेले २०३५ सालको मधुपर्कमा स्थापितको 'माकुराको जालो' कथालाई मनोविश्लेषणात्मक कथा भनेका छन् ।
- ▶ भिष्मराज काफ्लेले २०३६ सालको मधुपर्कमा स्थापितको 'मृगतृष्णा' कथामा नेपाली जनजीवनमा आजका युवापिंढीको बहुसङ्ख्यक सोचाइलाई लिएको जनाएका छन् ।
- ▶ भोज जोशीले २०३८ सालको प्राङ्गणमा स्थापितको 'मृत्युदान' कथाले एकातिर सशक्त कथाकारका मर्मस्पर्शी भाव परिलक्ष्यित गरेको र अर्कातिर आधुनिक चिकित्सा प्रणालीसामु प्रश्नचिन्ह उठाएको जनाएका छन् ।

- माकुराको जालो (२०४०) कथासङ्ग्रहको सम्पादकीयमा स्थापितका कथाहरू कुनै घटकीय सम्भावनाभित्र त्रस्त स्थिति सृजना गर्दै त्यसैमा बगिरहेर अनेक त्रास र आशङ्कको गुजुल्ट्याइभित्र उद्विग्न र चिन्तित मनोद्वेगका अभिव्यक्तिका रूपमा रचिएका छन् भनिएको छ ।
- अविरलका कथाहरू (२०५६) को सम्पादकीयमा स्थापितका कथाहरू हाम्रै समाजका कथाहरू हुन् भन्दै यिनमा हाम्रै समाजका पीडा र भोगाइहरू छन् भनिएको छ ।
- लक्ष्मीशरण अधिकारीले २०६१ सालमा तयार पारिएको नेपाली कथाका सन्दर्भमा पोखरा नामक कार्यपत्रमा पोखरेली कथाकारहरूमध्ये मनोविज्ञानवादी धारामा कलम चलाउने प्रतिनिधि कथाकार अविरल स्थापित हुन् भनेका छन् ।

यी सामान्य रूपमा चर्चा गरिएका टिप्पणीहरूलाई मह□वपूर्ण मान्दै प्रस्तुत शोधपत्रमा अविरल स्थापितको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गहन अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य, महŒव र उपयोगिता

प्रस्तुत शोधपत्रको अध्ययनबाट साहित्यकार अविरल स्थापितलाई नेपाली साहित्यजगतमा सबैका सामु चिनाउने प्रयास गरिएको छ । त्यस्तै नेपाली साहित्यको विकासका निम्ति अविरल स्थापितले पुऱ्याएको मुख्य योगदानलाई व्यवस्थित रूपले प्रस्तुत गरिएको छ । स्थापितको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई अध्ययन विश्लेषण गर्न चाहनेहरूका लागि प्रस्तुत शोधपत्रको आफ्नै महŒव रहेको छ । यिनका बारेमा आजसम्म पूर्णतया अध्ययन हुन नसकेको सन्दर्भमा प्रस्तुत शोधपत्रको आफ्नै औचित्य र उपयोगिता रहेको छ ।

## १.८ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्र अविरल स्थापितको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रहेको छ । यहाँ उनका जीवनका विभिन्न आरोह-अवरोह एवम् व्यक्तित्वका विविध आयामलाई स्पष्ट पार्दै उनका अन्य भाषामा लेखिएका कृतिहरूलाई छोडेर नेपाली भाषामा लेखिएका साहित्यिक कृतिहरूको मात्र अध्ययन गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रका लागि अविरल स्थापितको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । शोधनायकसँग सम्बन्धित

र परिचित व्यक्ति, उनका परिवार, नातेदारसँग सम्पर्क गरी अन्तर्वार्ता विधिद्वारा सामग्री सङ्कलन गरिएको छ । त्यसैगरी पुस्तकालयीय अध्ययन विधिबाट पनि सामग्री सङ्कलन गरिएको छ । स्थापितका पुस्तकाकार कृतिका अग्रभागका लिखित भूमिका र मन्तव्यलाई पनि सहायक सामग्रीका रूपमा लिइएको छ । उनको जीवनी र व्यक्तित्वको अध्ययनमा जीवनीपरक समालोचना तथा कृतिहरूको विश्लेषणमा सैद्धान्तिक अध्ययनविधिको समेत प्रयोग गरिएको छ ।

### १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसारका पाँच परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ -

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : अविरल स्थापितको जीवनी

तेस्रो परिच्छेद : अविरल स्थापितको व्यक्तित्व

चौथो परिच्छेद : अविरल स्थापितको कृतित्व

पाँचौ परिच्छेद : उपसंहार वा निष्कर्ष

उपर्युक्त परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

## परिच्छेद दुई

# अविरल स्थापितको जीवनी

### २.१ वंशपरम्परा र पारिवारिक पृष्ठभूमि

अविरल स्थापितको पुर्ख्यौली थलो हालको काठमाडौँ जिल्लाको लगनटोल हो ।[ज्ञ] स्थापित नेवार परिवारका व्यक्ति हुन् । यिनका पुर्खाहरू काठमाडौंतिरै रहेको देखिन्छ । स्वर्गीय हीरारत्न स्थापितका शाखा सन्तानका रूपमा स्वर्गीय दानरत्न स्थापित रहेका र उनकै छोराका रूपमा मृगरत्न स्थापितको जन्म भएको हो । अविरल स्थापित स्वर्गीय मृगरत्न स्थापितका एक मात्र छोरा हुन् ।[द्द]

यिनका बाबु मृगरत्न स्थापित जागिरे जीवनको सिलसिलामा पोखराको राष्ट्रिय मा.वि.मा प्रधानाध्यापक भएका र आमा यशोमती स्थापित पनि शिक्षिका भएर पोखरा बस्ने क्रममा जग्गा किनेर घर बनाउने काम भएको हो । यसरी उनका बाबु पोखरा आएर बसेपछि त्यही अविरल स्थापितको जन्म भएको हो ।[घ] हाल स्थापित गण्डकी अञ्चलको कास्की जिल्ला पोखरा उपमहानगरपालिकाको वडा नं. ३ धर्मशीला बुद्धविहार मार्ग नदीपुर पाटनमा आफ्नो परिवारका साथ बस्दै आएका छन् ।[ढ]

### २.२ जन्म र जन्मस्थान

अविरल स्थापितको जन्म २०११ साल फागुन ८ गते पिता स्वर्गीय मृगरत्न स्थापित र माता यशोमती स्थापितका तेस्रो सन्तानका रूपमा भएको हो । यिनको जन्मस्थान हालका गण्डकी अञ्चल, कास्की जिल्ला पोखराको नदीपुर पाटनमा भएको हो । यिनको न्वारनको नाम टेकरत्न स्थापित हो भने बोलाउने नाम चाहिं भुवनरत्न स्थापित हो । साहित्य लेखनका क्रममा उनले आफ्नो नाम अविरल स्थापित राखेका र त्यही नामबाटै उनी साहित्यिक फाँटमा परिचित भएका छन् ।[छ]

### २.३ बाल्यकाल

अविरल स्थापितको बाल्यकाल आफ्ना मातापिताकै रेखदेखमा सहज र सम्पन्न रूपमा बितेको पाइन्छ । बाबुआमा दुबै जागिरे भएकाले उनको बाल्यकाल सुखद र

---

१ शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

२ ऐजन् ।

३ डिल्लीराम सुवेदी, अविरल स्थापितको कथाकारिताको अध्ययन, २०६१, अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

४ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

५ ऐजन ।

सम्पन्न रूपमा बित्यो, त्यतिबेला उनलाई कुनै कुराको पनि अभाव भएको देखिँदैन । जागिरका सिलसिलामा बाबु विभिन्न स्थानमा सरुवा हुँदा उनी पनि आमाका साथ ती स्थानहरूमा घुम्ने अवसर प्राप्त गरेको देखिन्छ । यस अवसरमा उनी पोखराका विभिन्न स्थानहरू, काठमाडौं, स्याङ्जा, गुल्मीको तम्घास, चितवनका भरतपुर, नारायणगढ आदि स्थानहरूमा पुगेको देखिन्छ ।[६] उनले चितवनका उन्मुक्त वातावरणमा जङ्गली फूल टिप्ने, साइकल सिक्ने तथा अञ्चलाधीश चन्द्रमान थकालीका गाडीमा चढेर शिकार खेल्ने शिविरमा बाबुसँग जाने, आफूभन्दा अग्लो तोरीबारीमा लुकामारी खेल्ने जस्ता अवसरहरू बाल्यकालमा प्राप्त गरेको बुझिन्छ ।[७] उनको बाल्यकालको शारीरिक अवस्था पनि हृष्टपुष्ट र स्वस्थ रहेको पाइन्छ । उनले बाल्यावस्थामा बाबुआमाका अतिरिक्त ठूलीआमाको पनि विशेष माया प्राप्त गरेको देखिन्छ । उनी एक मात्र छोरा भएकाले पनि उनको बाल्यकाल सबको रेखदेख, माया, ममता र लाडप्यारमा हुर्किएको देखिन्छ ।[८]

## २.४ शिक्षा-दीक्षा

### २.४.१ अक्षराम्भ र प्रारम्भिक शिक्षा

आफ्ना बाबु जिल्ला शिक्षा कार्यक्रम स्याङ्जामा कर्मचारी हुँदा त्यहीको आदर्श माध्यमिक विद्यालयमा २०१५ सालदेखि उनले अक्षराम्भ गरेको देखिन्छ । यसअघि नै घरमा बाबुआमाको सान्निध्यमा उनले सामान्य कखरा सिकेको पनि पाइन्छ । त्यसैगरी उनका बुबाको जिल्ला शिक्षा कार्यालय गुल्मीमा सरुवा भएपछि उनले त्यहीको स्थानीय विद्यालय महेन्द्र मा.वि. तम्घासमा कक्षा एकदेखि कक्षा तीनसम्मको अध्ययन गरेको देखिन्छ ।[९] कक्षा चार र पाँचको अध्ययन भने उनले चितवनको बालकुमारी माध्यमिक विद्यालयमा पूरा गरेका हुन् । २०२१ सालपछि भने उनले आफ्नै घरमा फर्किएर पोखराको राष्ट्रिय उच्च माध्यमिक विद्यालयमा माध्यमिक तहको अध्ययन गरेको देखिन्छ । उनले २०२६ सालमा प्रथम श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि उनको माध्यमिक तहसम्मको शिक्षा पूरा भएको देखिन्छ । यसरी स्थापितले विभिन्न जिल्लाका विद्यालयहरूमा अध्ययन गरी २०२६ सालमा आफ्नो प्रारम्भिक शिक्षा पूरा गरेको देखिन्छ ।[१०]

---

[६] ऐजन ।

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

[१०] ऐजन ।

### २.४.२ उच्च शिक्षा

२०२६ सालमा राष्ट्रिय उच्च मा.वि. कास्कीबाट एस.एल.सी. परीक्षा परीक्षा उत्तीर्ण गरेपछि स्थापितले अमृत साइन्स क्याम्पस काठमाडौंमा आएर बाइलोजी विषयमा आई.एस्सीमा भर्ना भई अध्ययन गर्न थालेको पाइन्छ । करिब ६ महिनाको अध्ययनपछि कोलम्बो प्लानअन्तर्गत पाँचवर्ष अनर्स कृषि अध्ययन कार्यक्रमअन्तर्गत छात्रवृत्ति पाई उनी भारतका हरियाणास्थित कृषि विश्वविद्यालयमा बी.एस्सीको अध्ययन पूरा गरेको देखिन्छ ।[११] त्यसैगरी सन् १९८२ मा बेलायतबाट 'ट्रोपिकल क्रप्स प्रोडक्सन' मा एम.एस्सी. गरेका स्थापितले सन् १९८५ मा बेलायतबाटै 'हिउँदे कोसेबाली' सम्बन्धी बालीविज्ञानमा एम.एल. गरेको पाइन्छ । उनले सन् १९९४ मा बेलायतबाट बाली विज्ञानमा (पी.एच.डी.) विद्यावारिधि गरेको देखिन्छ ।[१२] यसरी विदेशमा नै उच्च शिक्षा प्राप्त गरेका एक विज्ञानको विद्यार्थीको झुकाव र लगाव सधैं आफ्नो देश र क्षेत्रसँग नै सम्बन्धित रहेको देखिन्छ ।

## २.५ ब्रतबन्ध, विवाह र पारिवारिक स्थिति

अविरल स्थापित नेवार समुदायअन्तर्गत बौद्ध धार्मिक परम्परामा हुर्केका छन् । उनी बौद्ध धर्म मान्ने भए पनि उनमा हिन्दू मिश्रित संस्कार पाइन्छ । नेवारीमा 'काइटा पूजा' वा 'लौगोटी पूजा' भनिने उनको ब्रतबन्ध २०२२ सालमा भएको हो । उनको विवाह चाहिं २०३६ साल फागुन १३ गतेका दिन परम्परागत चलनअनुसार बुटवल निवासी सिद्धिमानसिंह तुलाधर तथा श्रीमती हर्षशोभा तुलाधरकी कान्छी सुपुत्री राज्यश्री तुलाधरसँग भएका हो । स्नातक तहमा अध्ययनरत राज्यश्रीको शिक्षा उनी वैवाहिक जीवनमा गाँसिए पछि भने अधुरै रहन गयो । स्थापितको परिवारमा आफू, श्रीमती, एक छोरा र दुई छोरीसहित पाँच सदस्य रहेको देखिन्छ ।[१३] हाल उनका छोरा सजलरत्न स्थापितले म्यारिल्यान्ड युनिभर्सिटीबाट कन्जरभेसन बाइलोजीमा एम.एस्सीको अध्ययन पूरा गरेका छन् । उनी अहिले वासिङ्टन डि.सी.मा इकोपार्टनर्स भन्ने संस्थामा कार्यक्रम अधिकृत पदमा कार्यरत छन् । उनकी जेठी छोरीको नाम स्वप्निलरत्न स्थापित हो । उनी अहिले लुथर कलेज अमेरिकामा वि.एस्सीमा अध्ययनरत छिन् । कान्छी छोरी स्वरूपाश्री स्थापितले भने अहिले कक्षा १२ को अध्ययन पूरा गरेकी छिन् । उनी अङ्ग्रेजी भाषामा विशेष दक्ष छिन् ।[१४]

---

[११] शोधनायकसँग रहेका शैक्षिक प्रमाणपत्रका आधारमा ।

[१२] ऐजन ।

[१३] ऐजन ।

[१४] ऐजन ।

स्थापित छोराछोरीलाई झर्कोफर्को देखाउने र हप्कीदप्की लगाउने खालका छैनन् । छोराछोरीलाई ललाइफकाइ गरेर माया ममतामै हुर्काउने उनको प्रवृत्ति छ । अप्ठारा तथा असामान्य कुराहरूलाई पनि सामुहिक छलफल गरी समाधान निकाल्ने उनको प्रवृत्ति छ । भौतिक दण्ड नदिई माया ममता दिएमा मात्र छोराछोरी सप्रन्छन् भन्ने उनको धारणा रहेको छ ।

## २.६ आर्थिक स्थिति र आजीविका

अविरल स्थापितको परिवारमा पाखुराको बलमा पसिना बगाएर खर्च चलाउन यथेष्ट सम्पत्ति पुर्ख्यौली अवस्थादेखि नै भएको देखिन्छ । अहिले पनि स्थापितको पोखराको नदीपुर पाटनमा एक रोपनी जग्गामा तीन तले पक्की घर रहेको छ ।[१५] यसका साथसाथै आफूले विभिन्न सङ्घसंस्थामा आवद्ध भएर कार्य गरेबापतको पारिश्रमिकका साथै छोराले अमेरिकामा आफ्नो अध्ययन खर्च पूरा गरी पठाएको रकमले उनको घरका सम्पूर्ण कार्यहरू सम्पन्न हुने गरेका छन् । यसका साथै आफ्नो घरको एउटा फ्ल्याट भाडामा दिए बापतका रकमले पनि उनको दैनिकको सानोतिनो कार्यमा सघाएको पाइन्छ ।[१६] यसरी अविरल स्थापितको आर्थिक स्थिति र आजीविका संयुक्त परिवारमा रहँदादेखि नै सम्पन्न रहेको पाइन्छ । एकातिर आफू स्वयम् पनि विदेशमा गएर अध्ययन गर्नु र अर्कातिर आफ्ना सन्तानहरूलाई पनि देश विदेशमा पठाएर अध्ययन गराउन सक्नुले पनि यस कुराको पुष्टि गर्दछ ।

## २.७ साहित्यिक क्षेत्रमा प्रवेश

### २.७.१ साहित्य लेखनको प्रेरणा र प्रभाव

कुनै पनि स्रष्टाको साहित्य सृजनाको पछाडि कुनै व्यक्ति, घटना वा परिवेशले मह□वपूर्ण भूमिका खेलेको हुन्छ । अविरल स्थापितको पनि राष्ट्रिय उच्च मा.वि.मा साथीहरूको समूहले भित्तेपत्रिका निकाल्न थालेपछि नेपाली साहित्यमा विशेष रुचि बढेको हो ।[१७] स्कूलको साहित्यिक वातावरण, साहित्यको क्षेत्रमा केही योगदान पुऱ्याउन सकिन्छ भन्ने मह□वाकांक्षा, पोखरा तथा लुम्लेको सौन्दर्य तथा प्राकृतिक वातावरण, युवावस्थाका अव्यक्त अनुभूतिलाई निकास दिने माध्यम तथा दिदी र साथीहरूका अनवरत प्रेरणाले गर्दा साहित्यिक फाँटमा लाग्ने प्रेरणा पाएको उनी बताउँछन् ।[१८]

---

[१५] ऐजन ।

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] ऐजन ।

आफ्नै कक्षामा अध्ययन गर्ने साथीहरू तथा अग्रजहरू जस्तै विकल शेरचन, हरिप्रसाद पराजुली, रामकाजी श्रेष्ठ, पुष्प श्रेष्ठ, अनिल सुवेदी, विनोद तुलाचन आदिको प्रेरणा र प्रभाव पनि उनमा रहेको बुझिन्छ । त्यसैगरी नेपाली शिक्षकहरू उपेन्द्र रेग्मी, भोला गुरु, केशवराज पराजुली तथा भूगोल शिक्षक रामराज रेग्मी आदिले उत्साहित, प्रेरित र सहयोग गर्ने गरेकाले नै स्थापितलाई साहित्यिक क्षेत्रमा लाग्न थप बल पुगेको देखिन्छ ।[१९] उनी आफूभन्दा अगाडिका विजय मल्ल, गोविन्द गोठाले, विश्वेश्वरप्रसाद कोइराला, परशु प्रधान, पारिजात, रमेश विकलजस्ता कथाकार र उपन्यासकारहरू तथा लेखनाथ पौड्याल, भूपि शेरचन, हरिभक्त कटुवाल, वैरागी काँइला जस्ता कविहरूका कृतिहरूको अध्ययनबाट समेत निकै प्रभावमा परेको देखिन्छ ।[२०]

२०२८ सालमा अमृत साइन्स क्याम्पसमा 'मेरो मनस्थिति आकासमा कावा खाँदा' भन्ने कथा वाचन गर्दा पुरस्कृत हुनु, बेलुकी पिपलको बोटमुनि नयाँ र स्थापित लेखकहरूसँग परिचय गर्न पाउनुले उनका लागि नयाँ अनुभव र ऊर्जा दिएको पाइन्छ । तारा बराल, उत्तम कुवँर, प्रह्लाद योन्जन, विश्व शाक्य, विजय मल्ल आदिसँग चिनापर्ची हुनु, रूपरेखा पत्रिकाका सम्पादकलाई उनकै प्रेसमा भेट्नु र उनको सकारात्मक सोंचले अविरलको लेखन कार्यमा विशेष प्रभाव पारेको देखिन्छ ।[२१] भुवन ढुङ्गाना र दमन ढुङ्गानासँगको परिचयले पनि उनमा थप ऊर्जा दिएको पाइन्छ । अविरलको विवाह पूर्वको प्रेमलाई प्रेमिका बनाउने वा मिल्ने साथीमै सीमित गर्ने भन्ने मानसिकताले पनि उनलाई थप भावुक बनाएको देखिन्छ भने आमा, ठूलीआमा र आफ्नै श्रीमतीको सहयोग र सद्भावले पनि साहित्यिक क्षेत्रमा लाग्न घचघच्याएको उनी बताउँछन् ।[२२]

### २.७.२ लेखन तथा प्रकाशनको आरम्भ

अविरल स्थापितको साहित्यिक व्यक्तित्व नपाली साहित्यका विविध विधामा क्रियाशील देखिन्छ । नेपाली साहित्यमा उनले फूटकर कवितादेखि कथा, एकाङ्की लेखन र प्रकाशन गरेका छन् । उनले अप्रकाशित कविता भन्ने उपन्यास २०३६ सालदेखि लेख्न थालेको तर सो कृति पूरा गर्न नसकी अधुरो नै रहेको बताउँछन् ।[२३]

---

१९ ऐजन ।

२० ऐजन ।

२१ ऐजन ।

२२ ऐजन ।

२३ ऐजन ।

स्थापितले २०२४ सालमा राष्ट्रिय उच्च मा.वि.मा अध्ययन गर्दा 'नयाँ सन्देश' नामक कविता नयाँ सन्देश भित्तेपत्रिकामा प्रकाशित गरेको देखिन्छ । त्यसैगरी २०२४ सालमा नै कोशेली भन्ने भित्ते पत्रिकामा उनको 'प्रेमिकाको मृत्युपछि' भन्ने कथा प्रकाशित भएको देखिन्छ । उनमा सानैदेखि विभिन्न पत्रपत्रिकाहरूमा लेखरचनाहरू प्रकाशित गर्ने रुचि देखिन्छ । त्यसैगरी २०२७ सालमा 'मेरो मनस्थिति आकासमा कावा खाँदा' भन्ने कथा अमृत साइन्स क्याम्पसको मुखपत्र अस्कल मा प्रकाशित भएको देखिन्छ । स्थापितले प्रमुखतः कथा, कविता, एकाङ्कीका साथै तीन सयभन्दा बढी लेख अङ्ग्रेजीमा र अनुसन्धानपत्रहरू पनि प्रकाशित छन् । उनले कृषिविज्ञानसँग सम्बन्धित २-३ वटा पुस्तकहरू पनि प्रकाशित गरेका छन् । उनका फुटकर कथाहरू माकुराको जालो र अविरलका कथाहरू कथासङ्ग्रहमा प्रकाशित छन् । उनका साहित्यिक कृतिहरूको कालक्रमिक सूचि यसप्रकार दिन सकिन्छ-

| क.सं. | शीर्षक | विधा | पत्रिका | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | प्रेमिकाको मृत्युपछि | कथा | कोशेली | २०२४ |
| २. | नयाँ सन्देश | कविता | नयाँ सन्देश | २०२४ |
| ३. | दुई मुक्तक | कविता | नयाँ सन्देश | १.९, अ.४/२०२५ |
| ४. | मेरो मनःस्थिति आकासमा कावा खाँदा | कथा | अस्कल | २०२७ |
| ५. | पोखरा-एक स्केच | कविता | रूपरेखा | व.१७, अ.४/२०३३ |
| ६. | पेन्डिङ फाइल | " | मधुपर्क | व.१०, अ. ३/२०३४ |
| ७. | महिनाको पहिलो दिन | " | " | " |
| ८. | मैले सपना भनी बिर्सिदिएको छु | गीत | गोरखापत्र | २०३४ असोज |
| ९. | हिजो आज | एकाङ्की | मधुपर्क | व.११, अ.४/२०३५ |
| १०. | दुई कविता (भ्रष्टाचार, प्रेस्किप्सन) | कविता | " | व.११, अ.९/२०३५ |
| ११. | दुई कविता (बानी, प्रेम) | " | " | व.१३, अ.७/२०३७ |
| १२. | सफाई | " | रूपरेखा | व.२२, अ.९/२०३८ |
| १३. | निकासा | " | " | " |
| १४. | नाफा नोक्सान | " | मधुपर्क | व.१५, अ.४/२०३९ |
| १५. | माकुराका जालो | कथासङ्ग्रह | " | २०४० |

| | | | | |
|---|---|---|---|---|
| १६. | अविरलका कथाहरू | ” | ” | २०५६ |

## २.८ संस्थागत संलग्नता

अविरल स्थापितले बी.एस्सीसम्मको अध्ययन पूरा गरेपछि सन् १९७७ देखि १९८५ सम्म लुम्ले कृषि अनुसन्धान केन्द्रमा अनुसन्धान अधिकृतको रूपमा कार्य गरेको देखिन्छ । त्यसपछि सोही संस्थामा उनले सन् १९८६ देखि १९९१ सम्म विज्ञान विभाग प्रमुख र समन्वयकर्ताको रूपमा कार्य गरेको देखिन्छ । उनी सन् १९९४ देखि १९९५ सम्म सोही संस्थामा अनुसन्धान निर्देशकका रूपमा रहेको देखिन्छ ।[२४] त्यसैगरी सन् १९९७ मा 'ली बर्ड' नामक संस्थाको कार्यक्रम निर्देशकको रूपमा रहेर पनि उनले कार्य गरेको देखिन्छ । त्यसैगरी ए.पी.ओ. अफिस मलेसियामा पनि उनले केही वर्ष वैज्ञानिकका रूपमा र सन् २००४ देखि योजना प्रमुखका रूपमा रहेर कार्य गरिरहेका छन् ।

## २.९ कर्म क्षेत्रमा प्रवेश

एक जना वैज्ञानिक भएको हैसियतमा अविरल स्थापितले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थामा रहेर कार्य गरेको बुझिन्छ । उनले २०३२ सालमा बी.एस्सी को अध्ययन पूरा गरी फर्केपछि एक वर्षसम्म अमर मा.वि. पोखरामा कृषि विषयका शिक्षक भएर कार्य गरेको देखिन्छ ।[२५] त्यसपछि भने उनले आफ्नो जीवनमा कहिल्यै पनि शैक्षिक पेशा अङ्गालेको देखिँदैन । स्थापितले सन् १९७७ देखि १९९५ सम्मको १८ वर्ष लुम्ले कृषि अनुसन्धान केन्द्रका विभिन्न तह र तप्कामा रहेर कार्य गरेको बुझिन्छ । त्यसैगरी १९९७ मा उनले 'ली-वर्ड' नामक संस्थामा कार्यक्रम निर्देशकका रूपमा रहेर कार्य गरेको पाइन्छ । त्यस्तै स्थापितले सन् १९९७ देखि हालसम्म मलेसियामा रहेको अन्तर्राष्ट्रिय वनस्पति वंशज अनुसन्धान संस्थामा विभिन्न तहमा रहेर कार्य गरेको देखिन्छ ।[२६] यसरी स्थापितले आफ्नो जीवनभरि नै विभिन्न सङ्घसंस्थाहरूमा आबद्ध भएर कार्य गरेको देखिन्छ ।

## २.१० रुचि र स्वभाव

हरेक व्यक्तिका आ-आफ्नै रुचि र स्वभावहरू हुन्छन् । मानिसको चाहना र रुचिअनुसार नै उसको व्यक्तित्व निर्माण भएको हुन्छ । अविरल स्थापितको पनि आफ्नै किसिमको रुचि र स्वभाव रहेको पाइन्छ । सरल र सहज व्यवहार एवम् मिलनसारिता

[२४] ऐजन ।

[२५] ऐजन ।

[२६] ऐजन ।

र मृदुभाषिताजस्ता गुणहरू उनमा रहेको पाइन्छ । उनमा सदाचार, सत्कर्म र सामाजिक कार्यमा संलग्न रहनेजस्ता चारित्रिक विशेषता रहेको देखिन्छ । अविरलले आफू सानो छँदा पाइलट बन्ने रुचि वा लक्ष्य लिए पनि त्यो पूरा हुन सकेन । उनले सानैदेखि नै नयाँ नयाँ कुराहरूको सिर्जना गर्नमा रुचि रहेको बताउँछन् ।[२७] आफूलाई मन नपरेका कुराप्रति आफ्नो असन्तुष्टि व्यक्त गर्ने स्वभाव देखिए पनि उनमा अहङ्कार र घमण्ड भने पटक्कै पाइँदैन ।

बाल्यावस्थामा अविरलको पढ्ने वातावरण सहज भएकाले सधैं अध्ययनमा उनको रुचि रहेको देखिन्छ । उनको पढ्ने रुचि भएकाले नै उनी विद्यावारिधिसम्मको अध्ययन पूरा गर्न सफल भएका छन् । फुर्सदको समयमा उनले वातावरण संरक्षण एवम् कृषिसँग सम्बन्धित अध्ययन अनुसन्धानमूलक लेख रचनाहरू एवम् पुस्तकहरू लेख्ने गर्दछन् । आफ्नो लेखनलाई निरन्तरता दिइरहने उनको स्वभाव देखिन्छ । कुनै पनि काम गर्दा बाधा-व्यवधानहरू आउन सक्छन् तर ती समस्याहरूबाट नडराएर आफ्नो लक्ष्यतर्फ अग्रसर रहनुपर्छ, अनि मात्र मानिसले उद्देश्य पूरा गर्छ भन्ने उनको धारणा रहेको छ ।[२८]

समाजमा प्रत्यक्ष सम्बन्ध राख्न चाहने, सहयोगी, क्रियाशील र समाजका अन्याय, अत्याचारका विरुद्धमा खरो उत्रने र अनवरत रूपमा पर्यावरण जोगाउन कार्य गर्ने जस्ता उनका रुचिहरू रहेका छन् । त्यसैले उनले एउटा रिक्सा किनिदिएर टोलको फोहर सङ्कलन कार्यमा सहयोग पुऱ्याएका छन् । यसका साथै उनी खेलमा पनि विशेष रुचि राख्दछन् । स्थापितलाई विशेषगरी फुटवल, व्याडमिन्टन र क्रिकेट मनपर्ने खेलहरू हुन् । त्यसैगरी उनले मनोविष्लेषणवादी साहित्यकारहरू विश्वेश्वरप्रसाद कोइराला, पारिजात र विजय मल्लका कृतिहरू पनि रुचिसाथ पढ्न मन पराउँछन् ।[२९]

## २.११ भ्रमण

आफ्नो पेशा नै कृषि अनुसन्धान भएको र विश्वका पचासभन्दा बढी देशमा उनले काम गर्ने संस्था फैलिएको हुँदा उनले करिब पचासभन्दा बढी देशहरूको भ्रमण गरेको देखिन्छ । उनले विदेशमा भ्रमणकै निमित्त नगए पनि कामको सिलसिलामा परिवार लिएर विदेश जाने र सोही क्रममा बिदा मिलाएर घुम्ने गरेको देखिन्छ । कार्यालयको कामले विदेश जाँदा परिवारलाई पनि लान पाइने र भ्रमण पनि कम

---

[२७] ऐजन ।

[२८] ऐजन ।

[२९] ऐजन ।

खर्चिला हुने हुँदा उनी यसरी सपरिवार नै भ्रमण गर्ने गरेको बताउँछन् ।[३०] आफू र आफ्ना परिवारसँगै उनले विभिन्न समयमा विभिन्न देशहरूको भ्रमण गरेको देखिन्छ । उनले भ्रमण गरेका देशहरूमा अर्जेन्टिना, अस्ट्रेलिया, अस्ट्रिया, बङ्गलादेश, भुटान, ब्राजिल, कम्बोडिया, क्यानाडा, चीन, कोलम्बिया, डेनमार्क, बेलायत, इथियोपिया, फिजी, फ्रान्स, जर्मनी, ग्रीस, हङ्कङ, हंगेरी, भारत, इन्डोनेसिया, इटाली, जापान, केन्या, कुवेत, म्याडागास्कर, मलेसिया, माली, मेक्सिको, मोरक्को, मोजाम्बिक, नेदरल्यान्ड, पेरु, फिलिपिन्स, पोर्चुगल, स्कटल्यान्ड, सिङ्गापुर, दक्षिण अफ्रिका, दक्षिण कोरिया, श्रीलङ्का, स्वीजरल्यान्ड, थाइल्यान्ड, ट्युनिसिया, युगान्डा, संयुक्त अरब इमिरेट्स, संयुक्त राज्य अमेरिका, भ्याटिकन सिटी, भियतनाम जस्ता देशहरू रहेका छन् ।[३१] नेपालभित्रकै भ्रमण भने उनले निकै कम मात्रामा गरेको पाइन्छ ।[३२]

## २.१२ अविष्मरणीय क्षणहरू

पचासभन्दा बढी देशहरूको भ्रमण गरेका स्थापितले ती देशहरूमा देखेका विभिन्न घटना र दृश्यहरूलाई कहिल्यै पनि बिर्सन नसक्ने बताउँछन् । उनले भियतनाममा देखेको कलाकारिताप्रतिको जागरुकता, जापान, बेलायत र नेदरल्यान्डमा देखेको व्यवस्थापकीय कुशलता, जर्मनी र नेदरल्यान्डमा देखेको वातावरणप्रेम, अमेरिकामा देखेको भव्यता, चीनमा देखेको विविधता र दक्षिण अफ्रिकामा देखेको दूरावस्थालाई जहिले पनि सम्झने गरेको बताउँछन् ।[३३] यिनै घटना र दृश्यहरूलाई नै अविरल स्थापितले आफ्नो जीवनका अविष्मरणीय क्षणका रूपमा लिने गरेका छन् ।

---

[३०] ऐजन ।

[३१] ऐजन ।

[३२] ऐजन ।

[३३] ऐजन ।

## परिच्छेद तीन

# अविरल स्थापितको व्यक्तित्व

### ३.१ व्यक्तित्व निर्माणका प्रमुख प्रक्रिया

कुनै पनि मान्छेको व्यक्तित्व उसको जीवनमा घटेका विभिन्न हर्ष-विष्मात, हाँसो-खुसी, पीर-वेदना, आरोह-अवरोह तथा क्रिया-प्रतिक्रियाहरूबाट निर्धारित भएको हुन्छ । मान्छेका व्यक्तित्व निर्माणमा पारिवारिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक तथा वातावरणीय आदि प्रभावहरूले पनि मह□वपूर्ण भूमिका वहन गरेका हुन्छन् । साथै उसका चारित्रिक क्रियाकलापहरूको पनि अझ बढी भूमिका रहेको हुन्छ । अविरल स्थापितको व्यक्तित्व निर्माणमा पनि पारिवारिक वातावरण, वरपरको समाजसँगको सम्बन्ध, विभिन्न विद्यालय तथा विश्वविद्यालयहरूको साहित्यिक र शैक्षिक क्रियाकलाप, राजनीतिक प्रभाव र देशविदेशका विभिन्न स्थानहरूको भ्रमण तथा सामाजिक क्रियाकलापहरूले आर्जन गरेको चारित्रिक क्रियाकलापको ठूलो योगदान रहेको छ । अविरल स्थापितका साहित्येत्तर र साहित्यिक व्यक्तित्वका विविध पक्षहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ-

### ३.२ साहित्येत्तर व्यक्तित्व

#### ३.२.१ शारीरिक व्यक्तित्व

अविरल स्थापितको शारीरिक व्यक्तित्वका बारेमा भन्नुपर्दा उनको उचाइँ पाँच फिट पाँच इन्चको र शरीर अलि मोटो (६८ किलो ग्रामको) खालको देखिन्छ ।[३४] उनको अनुहार गोलो र शरीर निकै पुष्ट देखिन्छ । बाटुलो निधार, सबैजसो फुलिसकको कपाल, तेजिला आँखा, गोलाकार तर सानो नाक, प्रचण्ड मुखाकृति स्थापितका पहिचान हुन् । बाहिर निस्कदा र औपचारिक सभा समारोहमा टाई सुट लगाउने भएकोले उनी सुन्दर र आकर्षक देखिन्छन् । समय खेर फालेर एकछिन पनि निस्कृय बस्न नरुचाउने स्थापित फुर्तिला, जोशिला तथा तन्दुरुस्त देखिन्छन् । त्यही कारणले गर्दा नै उनी समाज र साथीभाइहरूमाझ प्रिय बन्न सफल भएका छन् । समग्रमा भन्नुपर्दा नम्र, सौम्य तथा सहयोगीका साथै एकछिन पनि निष्कृय बन्न नरुचाउने र मन नपरेको कुराको तुरुन्त प्रतिवाद गर्न सक्ने खरो र जोशिलो स्वभावका कारण उनको भौतिक व्यक्तित्व आकर्षक बन्न पुगेको देखिन्छ ।

---

[३४] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

### ३.२.२ वैज्ञानिक व्यक्तित्व

अविरल स्थापितको सबैभन्दा बढी प्रखर तथा मह□वपूर्ण व्यक्तित्व नै वैज्ञानिक व्यक्तित्व हो । यही व्यक्तित्वका कारण उनी विशेष चर्चित रहेका छन् । स्थापितको सबैभन्दा बढी अध्ययन, चिन्तन र लगावको समय विज्ञानका फाँटमा नै लागेको देखिन्छ । खासगरी उनी कृषि बालीविज्ञानका अनुसन्धाता हुन् । नेपालको उत्पादन हुने धानबालीको बीउ उत्पादनमा उनको योगदान देखिन्छ । जीवको संरक्षण गर्ने, बालीनालीको वंश तथा नश्ल सुधार गर्ने कार्यमा उनको उल्लेख्य योगदान रहेको पाइन्छ । कृषि विषयमा नै उनले विद्यावारिधिसम्म गरिसकेका छन् । यससम्बन्धी झण्डै दुई सयभन्दा बढी अनुसन्धानमूलक लेख रचनाहरू पनि प्रकाशिहत भइसकेका छन् । कृषि अनुसन्धानात्मक पुस्तकहरू पनि त्यतिकै सङ्ख्यामा रहेका छन् ।

## ३.३ साहित्यिक व्यक्तित्व

अविरल स्थापितले नेपाली साहित्यका विविध विधामा कलम चलाएर सक्रिय र मह□वपूर्ण योगदान पुऱ्याएका छन् । उनका साहित्यिक व्यक्तित्वलाई हेर्दा उनी मूलतः कथाकार तथा कवि र एकाङ्कीकारका रूपमा पनि परिचित छन् । उनका साहित्यिक व्यक्तित्वका विविध पक्षहरूलाई निम्नअनुसार देखाउन सकिन्छ :

### ३.३.१ कथाकारका रूपमा स्थापित

२०११ सालको फागुन महिनामा पोखराको नदीपुर पाटनमा जन्मिएका अविरल स्थापितले २०२४ सालदेखि नै साहित्यसृजनामा लागे पनि औपचारिक रूपमा भने २०२७ सालको 'मेरो मनःस्थिति आकासमा कावा खाँदा' भन्ने कथाबाट भएको देखिन्छ । पुगनपुग चार दशक लामो साहित्यिक यात्रामा स्थापितका दुई वटा कथासङ्ग्रहहरू माकुराको जालो (२०४०) र अविरलका कथाहरू (२०५६) प्रकाशित छन् । साहित्यका विविध विधामा कलम चलाए पनि उनको सबैभन्दा सफल र उत्कर्षमा पुगेको व्यक्तित्व भने कथाकार व्यक्तित्व नै हो । आफ्ना कथाहरूलाई राजनीतिबाट निकै टाढा राख्ने स्थापित मनोवैज्ञानिक भावधाराका कथाकार हुन् । उनी परम्परागत विचारभन्दा हरहमेसा नवीनताप्रति निरन्तर आकर्षित रहने कथाकार हुन् । कथाकार स्थापितले दैनिक जीवनमा देखापर्ने घटना, पात्र र परिस्थितिको आख्यानीकरण गरी हाम्रो समाजमा सभ्य र खानदानीहरूको जीवनचर्या र तिनीहरूको पारिवारिक यथार्थलाई उदाङ्गो पारेका छन् ।

### ३.३.२ कविका रूपमा स्थापित

कथाकार व्यक्तित्वपछि स्थापितको अर्को प्रभावकारी व्यक्तित्व भनेको उनको कवि व्यक्तित्व हो । हालसम्म उनको सङ्ग्रहका रूपमा प्रकाशित नभए पनि विभिन्न समयमा विभिन्न पत्रिकामा उनका कविताहरू प्रकाशित छन् । उनका कविताहरू सरल, सरस र लघु आकारका छन् । उनका कविताहरूमा प्रकृतिप्रेम, राष्ट्रप्रेम देशभक्तिको भावना पाउन सकिन्छ । उनका कविताहरू छन्दमा बाँधिएका नभई उन्मुक्त पाराका छन् ।

### ३.३.३ एकाङ्कीकारका रूपमा स्थापित

त्यसैगरी अविरल स्थापितको एउटा एकाङ्की 'हिजोआज' पनि प्रकाशित भएको छ । यसमा तत्कालीन नेपाली समाजमा धनी बन्ने इच्छाले निम्त्याएको आडम्बर र देखावटीपनप्रति कसिलो व्यङ्ग्य गरिएको छ । हालसम्म स्थापितको एउटा मात्र एकाङ्की प्रकाशित छ । यो उनको त्यति प्रभावशाली व्यक्तित्व नभए पनि उनी एकाङ्कीकार व्यक्तित्वका रूपमा समेत स्थापित बन्न पुगेका छन् ।

## ३.४ जीवनी, व्यक्तित्व र कृतित्वलेखनका बीच अन्तःसम्बन्ध

अविरल स्थापितले देशविदेशका विभिन्न विद्यालय तथा विश्वविद्यालयहरूमा अध्ययन गरी आफ्नो साढे पाँच दशक लामो जीवनयात्रा पूरा गरिसकेका छन् । त्यसैगरी स्थापित वैज्ञानिक व्यक्तित्वका रूपमा विभिन्न सङ्घसंस्थाहरूमा आबद्ध भएर तथा व्यक्तिगत रूपमा पनि स्वदेश र विदेशका विभिन्न स्थानहरूको भ्रमणबाट आफ्नो अनुभवलाई अझ व्यापक बनाएका छन् । यस अवधिमा उनले धेरै अनुभवहरू बटुलेर तथा अध्ययन अध्यापनमा संलग्न भएर आफूलाई बौद्धिक क्षेत्रमा एक सफल व्यक्तित्व बनाएका छन् । जीवनका आरोह, अवरोह अनुरूप नै उनका भिन्नभिन्न किसिमको व्यक्तित्व निर्माण भएको देखिन्छ भने तिनको केही प्रभाव आफ्ना कृतिहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पनि परेको देख्न सकिन्छ ।

अविरल स्थापितको जीवन भोगाइले उनलाई कथाकार, कवि, एकाङ्कीकार तथा वैज्ञानिक व्यक्तित्व आदिका रूपमा स्थापित गराइसकेको छ । उनी आफ्ना जीवन निर्वाह गर्ने सन्दर्भमा जुन जुन स्थानहरूमा पुगेर जेजस्ता अनुभवहरू बटुले, उनको व्यक्तित्व पनि तदनुरूप नै फस्टाउँदै गएको पाइन्छ । उनले आफ्नो जीवनमा जे जति साहित्य निर्माण गरे तिनमा उनको जीवन भोगाइको छाप परेको पाउन सकिन्छ । उनी आफू वैज्ञानिक भएकोले र बालीविज्ञानमा लागेकोले नै होला उनका कृतिहरूमा पनि प्रकृतिप्रेमका साथै वनस्पतिप्रतिको बढ्दो आकर्षण पाउन सकिन्छ । त्यसैगरी उनी

सम्पन्न परिवारका व्यक्ति भएरै होला उनका कृतिहरूमा पनि विपन्न र गरीब पात्रहरूभन्दा बढी सम्पन्न र धनाढ्य वर्गका पात्रहरूको उपस्थिति पाउन सकिन्छ । उनी आफू बोल्ने गरेको अङ्ग्रेजीको प्रभाव उनका कृतिहरूमा पनि देखिएको छ । यसरी आफ्नो उमेर अनि तत्कालीन समय र परिस्थिति अनुसारको सोचाइ, आफूले भोगेको युगको अवस्था अनि तत्कालीन सामाजिक सांस्कृतिक वातावरण आदिको प्रतिबिम्ब उनका साहित्यिक कृतिहरूमा देख्न सकिने भएकोले उनको जीवनी, व्यक्तित्व र कृतित्व लेखनका बीच सामञ्जस्य रहेको देखिन्छ ।

## परिच्छेद चार

# अविरल स्थापितको कृतित्व

## ४.१ पृष्ठभूमि

२०११ साल फागुन ८ गतेका दिन कास्की जिल्लाका पोखराअन्तर्गत नदीपुर पाटनमा जन्मिएका अविरल स्थापितको न्वारनको नाम चाहिँ भुवनरत्न स्थापित हो ।[३५] उनी पछि साहित्यिक फाँटमा अविरल स्थापितका नामबाट परिचित हुन पुगे । बाल्यावस्थादेखि नै नेपाली भाषासाहित्यप्रति अभिरुचि राख्ने स्थापित आफू देश विदेशमा रहँदासमेत नेपाली भाषासाहित्यप्रति नै समर्पित भएको देखिन्छ ।

नेपाली साहित्यका क्षेत्रमा लगभग चार दशक (२०२५-वर्तमानसम्म) जति अवधिको साधनामा अत्यधिक कथाहरू तथा कविता र एकाङ्कीनाटकजस्ता विधामा कलम चलाएका स्थापितले पुस्तकाकार कृतिका रूपमा भने दुई वटा कथासङ्ग्रह माकुराको जालो र अविरल कथाहरू मात्र प्रकाशित गरेका छन् ।[३६] पुस्तकाकार कृतिका अतिरिक्त स्थापितका धेरै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् । विद्यार्थी कालदेखि नै पाठ्यपुस्तकका अतिरिक्त विभिन्न पत्रपत्रिका तथा साहित्यकारहरूका रचना र कृतिहरूको अध्ययन मनन् गर्ने स्थापितमा नेपालका साहित्यकारहरू लेखनाथ पौड्याल, गोविन्द गोठाले, विजय मल्ल, विश्वेश्वरप्रसाद कोइराला, परशु प्रधान, पारिजात, रमेश विकल, भूपि शेरचन, हरिभक्त कटुवाल, वैरागी काइँला तथा अन्य अङ्ग्रेजी स्वच्छन्दतावादी साहित्यकारहरूका कृति र रचनाहरूको अध्ययन मनन गर्ने प्रवृत्ति जागृत भएको देखिन्छ ।[३७]

सानैदेखि नै विद्यालयमा कविता कोर्ने अविरल स्थापितले सर्वप्रथम २०२४ सालमा 'प्रेमिकाको मृत्युपछि' भन्ने कथा कोशेली पत्रिकामा प्रकाशित भएको जनाए पनि प्राप्त हुन सकेको छैन । हालसम्म प्राप्त प्रथम प्रकाशित रचनामा २०२५ सालमा नयाँ सन्देश पत्रिकामा प्रकाशित 'दुई मुक्तक' शीर्षकको कविता नै प्रथम प्रकाशित रचना बन्न पुगेको छ । कविता विधाबाट साहित्यमा औपचारिक रूपमा देखिए पश्चात् उनले कथा र एकाङ्कीनाटक विधामा पनि कलम चलाएका छन् । लेखन विकासको क्रममा मौलिक साहित्यिक कृतिहरूका साथसाथै स्थापितले थुप्रै विचारप्रधान तथा वैज्ञानिक अनुसन्धानमूलक लेखरचनाहरू पनि प्रकाशित गरेका छन् । स्थापितले २०४०

---

[३५] शोधनायकबाट प्राप्त लिखित जानकारीअनुसार ।

[३६] ऐजन ।

[३७] ऐजन ।

सालमा माकुराको जालो र २०५६ सालमा अविरलका कथाहरू जस्ता पुस्तकाकार कृतिहरूको पनि प्रकाशन गरेका छन् । यसरी अविरल स्थापितको साहित्यिक यात्रा कविता, कथा र एकाङ्की हुँदै अगाडि बढेको छ ।

## ४.२ चरणविभाजन

२०२४ सालदेखि नै विभिन्न लेखरचनाहरू प्रकाशन गर्दै आएका अविरल स्थापितको औपचारिक साहित्यिक यात्रा भने २०२५ सालमा नयाँ सन्देश पत्रिकामा प्रकाशित 'दुई मुक्तक' शीर्षकको कविताबाट सुरु भएको हो । उनका हालसम्म प्रकाशित पुस्तककार कृतिका रूपमा माकुराको जालो (२०४०) र अविरलका कथाहरू (२०५६) गरी दुई वटा कथासङ्ग्रहहरू रहेका छन् । स्थापितका यिनै पुस्तककार कृति र फुटकर रूपमा प्रकाशित विभिन्न साहित्यिक कृतिहरूलाई आधार मानेर उनको साहित्यिक यात्रालाई मूलतः दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । ती दुई चरणहरू यसप्रकार रहेका छन्-

१. पहिलो चरण (वि.सं. २०२५-२०३५ जेठसम्म)

२. दोस्रो चरण (वि.सं. २०३५ - असारदेखि हालसम्म)

### ४.२.१ पहिलो चरण (वि.सं. २०२५-२०३५ जेठसम्म)

२०२४ सालदेखि नै विभिन्न लेखरचनाहरू लेख्दै आएका स्थापितको औपचारिक साहित्यिक यात्राको सुरुवात भने २०२५ सालमा नयाँ सन्देश पत्रिकामा 'दुई मुक्तक' शीर्षकको कविता प्रकाशित भएपछि भएको छ । प्रथम चरणमा प्रकाशित उनका साहित्यिक रचनाहरूको विवरण यसप्रकार उल्लेख गर्न सकिन्छ-

| क्र.सं. | शीर्षक | विधा | पत्रिका | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| ज्ञ। | प्रेमिकाको मृत्युपछि (अप्राप्त) | कथा | कोशेली | द्दण्द्ध |
| द्द। | नयाँ सन्देश (अप्राप्त) | कविता | नयाँ सन्देश | द्दण्द्ध |
| घ। | दुई मुक्तक | कविता | नयाँ सन्देश | द्दण्द्छ |
| द्ध। | मरो मनःस्थिति आकासमा कावा खाँदा | कथा | अस्कल | द्दण्द्ठ |
| छ। | सौगात | " | राष्ट्रपुकार | द्दण्द्ठ |
| ट। | गुहार | " | छहरो | द्दण्द्ठ |

| | | | | |
|---|---|---|---|---|
| ठ। | पोइ | ” | राष्ट्रपुकार | द्ण्द्ठ |
| ड। | चिसिएको रात | ” | नयाँ सन्देश | द्ण्द्ड |
| ढ। | सन्त्रास | ” | अस्कल | द्ण्द्ड |
| ज्ञण। | भित्तामा टाँगिएको चित्र | ” | मधुपर्क | द्ण्द्ड |
| ज्ञज्ञ। | परिचय | ” | रूपरेखा | द्ण्द्ड |
| ज्ञद्द। | सम्झौता | ” | गोरखापत्र | द्ण्घद्द |
| ज्ञघ। | सायद हो सायद होइन | ” | रूपरेखा | द्ण्घघ |
| ज्ञद्ध। | पोखरा- एक स्केच | कविता | रूपरेखा | द्ण्घघ |
| ज्ञछ। | बन्द आँखाभित्रको ट्रेजेडी | कथा | मधुपर्क | द्ण्घद्ध |
| ज्ञट। | पेन्टिङ फाइल | कविता | मधुपर्क | द्ण्घद्ध |
| ज्ञठ। | महिनाको पहिलो दिन | कविता | मधुपर्क | द्ण्घद्ध |
| ज्ञड। | मैले सपना भनी बिर्सिदिएको छु | गीत | गोरखापत्र | द्ण्घद्ध |
| ज्ञढ। | अब त कुनै बाटो नै रहेन | कथा | गोरखापत्र | द्ण्घछ |
| द्ण। | मासिक तलब | कथा | मधुपर्क | द्ण्घछ |
| द्ज्ञ। | अन्तिम प्रेमपत्र | कथा | रूपरेखा | द्ण्घछ |
| द्द्द। | माकुराको जालो | कथा | मधुपर्क | द्ण्घछ |

अविरल स्थापितको साहित्यिक यात्राको प्रथम चरणमा सर्वप्रथम प्रकाशित उपलब्ध फुटकर कृतिका रूपमा ‘दुई मुक्तक’ शीर्षकको कविता रहेको छ । यसरी कविता विधाबाट साहित्यिक यात्रा प्रारम्भ गर्ने स्थापितका यस चरणमा अन्य तीन वटा कविता, एउटा गीत र पन्ध्रवटा कथाहरू पनि प्रकाशित भएका छन् । यस चरणमा प्रकाशित उनका गीत र कविताहरूमा एकातिर पर्यटकीय सुन्दर नगरी पोखराको प्राकृतिक सुन्दरता, साँस्कृतिक विविधताको चित्रण गरिएको छ भने अर्कातिर समग्र देशकै दयनीय अवस्था, गरिबी, भोक, अशिक्षा आदिको पनि चित्रण गरिएको देखिन्छ । तत्कालीन समयमा प्रचलित विकृति, विसङ्गति, युवा पुस्तामा देखिएका नकारात्मक प्रवृत्ति, तल्लो स्तरका कर्मचारीहरूले भोग्नु परेका समस्याहरूलाई उनका कवितामा कलात्मक रूपले प्रस्तुत गरिएको छ । त्यसैगरी उनका अत्यधिक कविताहरूमा जनताहरूका पीडा, पेट भर्न पाउँदा गर्व गर्ने अवस्था, भिखारीहरूको सङ्ख्या अत्यधिक

भएको अवस्था र देश नै भिखारी बनेर विश्वसामु हात फैलाउन बाध्य हुनुपरेको अवस्थालाई कारुणिक रूपमा प्रस्तुत गरिएको छ ।

अविरल स्थापितका यस चरणमा पन्ध्र वटा कथाहरू प्रकाशित भएका छन् । यस चरणका कथाहरूमा भर्खर चढ्दो उमेरका युवायुवतीहरूलाई विषयवस्तु बनाएर तिनीहरूका मानसिक गतिविधिहरूको चिरफार गरिएको छ । तत्कालीन युवापुस्ताले रोजेको बाटोप्रति तिनीहरू आफै सन्तुष्ट नभएको अवस्था, विसङ्गत जीवन भोग्न बाध्य भएका कर्मचारीहरूको न्यून बेतनले तिनीहरूको पारिवारिक जीवनमा पर्ने प्रभाव आदिका बारेमा समेत कथाकार स्थापितले कलम चलाएको देखिन्छ । यौन मानसिकताले पिरोलिएका युवायुवतीको मनोदशा, उनका यस चरणका कथाहरूमा देखिन्छ । श्रीमान्को सम्झनामा एक्लै छटपटाएर बसेकी नवविवाहिता नारीको अवस्था, यौनमानसिकताले आक्रान्त बनेकी किशोरी, एकअर्कालेमन पराउँदा पराउँदै पनि वैवाहिक जीवनमा बाँधिन नसकेका युवायुवतीको मानसिक अवस्था, राम्री श्रीमतीले नराम्रो श्रीमान्लाई हेर्ने हेयभाव, आफ्नो प्रेम व्यक्त गर्न नसक्दा बिताउनु परेको निरस जिन्दगीको अवस्थालाई पनि अविरलका यस चरणका कथाहरूमा कलात्मक रूपमा समेटिएको छ ।

यसरी अविरल स्थापितले आफ्नो साहित्यिक यात्राको प्रथम चरणमै कविता र कथाजस्ता विधामा कलम चलाएर आफ्ना विचार र अनुभवहरूलाई व्यक्त गरेका छन् । उनले तत्कालीन समाजमा देखिएका दुःख, पीडा, गरिबी, भोकमरी, अभावहरूलाई कलात्मक रूपमा व्यक्त गर्नुका साथै युवापुस्ताका विभिन्न अवस्थाहरूमा देखापर्ने मानसिक अवस्थाको पनि उल्लेख गरेका छन् । यस क्रममा उनले सामाजिक कुसंस्कार, कुरीति, महिलाप्रतिको पीडा, यातना, सङ्कट, गरिबी, अभाव, जीवन भोगाइका विवशता र बाध्यता, प्रेम र प्रणय, मिलन र पिछोडको अवस्था, नेपाली भाषा र साहित्यप्रतिको स्नेहजस्ता विविध विषयवस्तुको चित्रण सरल रूपमा गद्य र पद्य दुवै माध्यमबाट गरेका छन् ।

### ४.२.२ **दोस्रो चरण (वि.सं. २०३५ असारदेखि हालसम्म)**

अविरल स्थापितका दुई मात्र प्रकाशित पुस्तकाकार कृतिहरूलाई तथा उनको परिष्कार र परिपक्वतालाई आधार मानेर उनको साहित्यिक यात्राको चरण विभाजन गरिएको हो । त्यसैले दोस्रो कृति अविरलका कथाहरू मा सङ्कलित कथाहरूलाई आधार मानेर उनको दोस्रो चरण २०३५ असारदेखि सुरु गरिएको छ । यस चरणमा उनले पहिलेकै प्रवृत्तिहरूलाई अझ परिष्कृत र परिमार्जित रूपमा प्रस्तुत गरेका छन्

भने विधागत व्यापकता पनि दिएका छन् । पहिलो चरणमा प्रकाशित कथाहरूलाई पनि यही चरणमा आएर सङ्कलित गरेका छन् । यस चरणमा उनको एउटा एकाङ्कीनाटक, पाँच वटा कविता र पन्ध्रवटा कथाहरू प्रकाशित भएका छन् । ती रचनाहरूलाई यसप्रकार सूचीबद्ध गर्न सकिन्छ-

| क.सं. | शीर्षक | विधा | पत्रिका | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| ज्ञ। | हिजोआज | एकाङ्की | मधुपर्क | द्दण्घछ |
| द्द। | दुई कविता (भ्रष्टाचार, प्रेस्क्रिप्सन) | कविता | मधुपर्क | द्दण्घछ |
| घ। | मृत्युदान | कथा | प्राङ्गण | द्दण्घछ |
| द्ध। | सूर्यमुखी | कथा | मधुपर्क | द्दण्घट |
| छ। | एउटा क्रूर सत्य | कथा | प्राङ्गण | द्दण्घछ |
| ट। | एउटा अप्रकाशित कविता झैं ....... | कथा | गोरखापत्र | द्दण्घछ |
| ठ। | सुषमा | कथा | मधुपर्क | द्दण्घट |
| ड। | डबल बेड | कथा | प्राङ्गाण | द्दण्घट |
| ढ। | मृगतृष्णा | कथा | रूपरेखा | द्दण्घट |
| ज्ञण। | रिभल्भर एक अभिशाप | कथा | नयाँ सन्देश | द्दण्घठ |
| ज्ञज्ञ। | चुपचाप टेलर | कथा | रूपरेखा | द्दण्घठ |
| ज्ञद्द। | अन्तरविन्दु | कथा | मधुपर्क | द्दण्घठ |
| ज्ञघ। | दुई कविता (बानी, प्रेम) | कविता | मधुपर्क | द्दण्घठ |
| ज्ञद्ध। | सफाई | कविता | रूपरेखा | द्दण्घड |
| ज्ञछ। | निकासा | कविता | रूपरेखा | द्दण्घड |
| ज्ञट। | प्राइमेसी | कथा | पाताल छाँगो | द्दण्घड |
| ज्ञठ। | जिजिविषा | कथा | मधुपर्क | द्दण्घड |
| ज्ञड। | दिनप्रतिदिन | कथा | रूपरेखा | द्दण्घड |
| ज्ञढ। | घडेरी | कथा | मधुपर्क | द्दण्घढ |
| द्दण। | स्वस्खलन | कथा | रूपरेखा | द्दण्घढ |
| द्दज्ञ। | नाफा नोक्सान | कविता | मधुपर्क | द्दण्घढ |

अविरल स्थापितले समग्र साहित्यिक यात्रामा एकाङ्की, कविता र कथा विधामा कलम चलाए पनि एकाङ्की भने एउटा मात्र दोस्रो चरणमा प्रकाशित छ । उनका सबै फुटकर कथाहरूलाई दोस्रो चरणमा आएर सङ्कलित गरेको देखिन्छ भने कविताहरू भने अझै पनि फुटकर रूपमै रहेका छन् । यस चरणमा उनको एउटा एकाङ्की, पाँच वटा कविता र पन्ध्रवटा कथाहरू प्रकाशित छन् । विक्रमको चालिसको दशकपछि उनका कुनै साहित्यिक कृतिहरू प्रकाशित भएको नदेखिए पनि सम्भाव्यतालाई आधार मानेर उनको साहित्यिक यात्राको दोस्रो चरणलाई हालसम्म मानिएको छ ।

यस चरणमा प्रकाशित एक मात्र एकाङ्कीमा तत्कालीन सभ्य र धनाढ्यहरूको आवश्यकहीन आडम्बरप्रति तीब्र विरोध गरिएको छ भने कविताहरूमा पनि आडम्बर तथा विकृतिप्रति कसिलो व्यङ्ग्य गरिएको छ । त्यसैगरी उनका यस चरणमा प्रकाशित कथाहरूमा प्रथम चरणकै प्रवृत्तिहरूको परिष्कृति पाइनुका साथै सामाजिकताको प्रयोग पनि पाइन्छ । यस चरणमा उनले व्यक्तिलाई भन्दा समाजलाई बढी मह□व दिँदै पुरुषप्रधान समाजको विरोध गरेका छन् । लामो साहित्यिक अभ्यासले गर्दा यस चरणका रचनाहरू अझ बढी कलात्मक र सफल बन्न पुगेका छन् ।

## ४.३ चरणगत प्रवृत्तिहरू

अविरल स्थापितका साहित्यिक लेखनयात्राको सुरुवात २०२५ सालमा नयाँ सन्देश पत्रिकामा प्रकाशित 'दुई मुक्तक' शीर्षकको कविताबाट भएको हो । यिनका प्रकाशित फुटकर तथा पुस्तकाकार कृतिहरूको आधारमा यिनको साहित्ययात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ । यहाँ स्थापितका यी दुई चरणमा देखा परेका चरणगत प्रमुख प्रवृत्तिहरूलाई केलाइएको छ ।

### ४.३.१ प्रथम चरणका प्रवृत्तिहरू

अविरल स्थापितका प्रथम चरणका कृतिहरूमा भर्खर चढ्दा उमेरका युवायुवतीहरूलाई विषयवस्तु बनाएर यौनका विषयमा केन्द्रित तिनीहरूको मानसिकता केलाइएको पाइन्छ । यौनमा केन्द्रित यस चरणका कृतिहरूमा प्रयोग गरिएका चरित्रहरू पनि व्यक्तिगत रूपमा नै उपस्थित भएको देखिन्छ ।

त्यसैगरी उनका कृतिहरूमा पाइने अर्को प्रवृत्तिका रूपमा मानवीयतालाई लिन सकिन्छ । भिन्न भाषा, धर्म, संस्कार, वर्ण, रीति अपनाउने भए पनि समग्र मानवजाति एक हुन् भन्ने मानवीयता उनका कृतिमा पाइन्छ । यस चरणका उनका कतिहरूमा निम्न स्तरका सरकारी कर्मचारीहरूले भोग्नु परेको दुःख, अभाव, भोक, पीडा आदिको चित्रणसमेत पाइन्छ । त्यसैगरी उनका कृतिमा देशको सांस्कृतिक, प्राकृतिक सौन्दर्य,

तत्कालीन समाजमा विद्यमान विकृति र विसङ्गतिलाई पनि अभिव्यक्त गरिएको देखिन्छ । यस चरणका उनको अधिकांश कथाहरूमा व्यक्ति पात्रको चयन नगरी 'ऊ' वा 'म' पात्रको चयन गरिएको छ । उनको कथनशैली संक्षिप्त, साङ्केतिक र नाटकीय खालको देखिन्छ भने भाषाशैली चाहिँ सभ्य, शिक्षित र पढेलेखेका पात्रहरूको प्रयोगले सोही अनुकूल अङ्ग्रेजी मिश्रित र बौद्धिक पनि पाइन्छ ।

### ४.३.२ दोस्रो चरणका प्रवृत्तिहरू

अविरल स्थापितको साहित्यिक यात्राको दोस्रो चरणमा पनि प्रथम चरणमा देखिएका प्रवृत्तिहरू थप परिष्कृत र परिमार्जित रूपमा व्यक्त भएको देखिन्छ । प्रथम चरणका सबैजसो प्रवृत्तिहरू नै दोस्रो चरणमा पनि देखिएका छन् । ती प्रवृत्तिहरू बाहेक दोस्रो चरणमा देखिएका अरू थप केही प्रवृत्तिहरू पनि छन् । यस चरणमा उनले नारी पात्रहरूप्रति दयाभाव देखाएका छन् । उनका यस चरणका कथाहरूका नारीहरू सामाजिक, मर्यादा र पारिवारिक मेलमिलापमा अग्रसर देखिन्छन् । त्यसैगरी उनले सामाजिकतालाई पनि जोड दिएका छन् । यस चरणमा उनले समाजको विकास र उत्थानमा अग्रसर हुने पात्रहरूको प्रयोग गरेका छन् । त्यसैगरी आडम्बरी र देखावटीपनको पनि उनले घोर विरोध गरेका छन् ।

यसरी अविरल स्थापितले 'दुई मुक्तक' (२०२५) कवितादेखि अविरलका कथाहरू (२०५६) कथासङ्ग्रहसम्म आइपुग्दा विविध विधाका कृतिहरू प्रकाशित गरेका छन् । स्थापित चार दशक लामो साहित्यिक यात्रामा विभिन्न मोडहरू पार गर्दै अघि बडिरहेका छन् । प्रथम चरणदेखि नै यिनका रचनाहरू विशुद्ध साहित्यिक कलाले ओतप्रोत बन्न पुगेका देखिन्छन् । आफ्नो साहित्यिक जीवनमा एकाङ्की, कविता र कथाहरू प्रकाशित गरेका स्थापित मूलतः मनोवैज्ञानिक तथा सामाजिक साहित्यकार बन्न पुगेका छन् । स्थापित आफ्नो देश, जाति, भाषा र साहित्यप्रति गहिरो स्नेह राख्दै आफ्नो साहित्यिक लेखनीलाई अझै पनि निरन्तरता दिइरहेका छन् ।

## ४.४. 'माकुराको जालो' कथासङ्ग्रहमा सङ्कलित कथाहरू

### ४.४.१ मेरो मनःस्थिति आकाशमा कावा खाँदा

**(क) कथावस्तु :**

'मेरो मनःस्थिति आकाशमा कावा खाँदा' कथा सामाजिक यथार्थवादी कथा हो । कथामा एक जहाज चालकको सन्त्रासमय जीवनको बाटोलाई देखाइएको छ । जीवनलाई मृत्युका धारमा राखेर आकासमा कावा खाने अवस्थाको चित्रण गरिएको

छ । कथामा एक जहाज चालक आफ्नो सानैदेखिको चालक हुने अभिलाषा अनुरूप जहाज चालक भएको छ । उसले आफ्नी श्रीमतीले जहाज नचलाउन गरेको आग्रहलाई पनि वास्ता गरेन । खुला आकाशमा जहाज चलाउँदा डाँडामा पर्ने, पानी परिरहने, बादल लागिरहेको अवस्थामा पनि जहाज चलाउनुपर्ने अति कष्टकर जीवनको गम्भीर वर्णन गरिएको छ । 'म' पात्र जहाज चलाउँदा एक दिन तीन घण्टासम्म बादल, कुहिरो र पानीका कारण जहाज ओह्राल्न सक्दैन । जहाजका यात्रुहरूको रुवाइ, चालकले मृत्युमाथिको दोधारको स्थितिमा जहाज ओह्राल्छ र आफ्नी श्रीमती, आफू र धर्ती हाँसेको अनुभव गर्छ । एक दिनको सफलता र जीवनका यावत यस्तै सन्त्रासमय पाटाहरूलाई कथावस्तुको रूपमा राखिएको छ । कथा सरल रैखिक ढाँचामा लेखिएको छ । यस कथामा मानिसको जटिल परिस्थितिको अवस्था देखाइएको छ । आकारका दृष्टिले मझौला आकारको यस कथामा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ ।

**(ख) पात्र :**

प्रस्तुत कथामा मुख्य पात्र 'म' र सहायक 'म' पात्रको श्रीमती नीरु र एयर होस्टस हो । 'म' पात्र चौवीस-पच्चीस वर्षीय युवक हो । ऊ पाइलट विषय पढेको सानैदेखिको जिज्ञासु पात्र हो । उसको प्रेमिका नीरुले पाइलट नबन्ने आग्रह गरे पनि आफ्नो हठ द्वारा पूरा गरेरै छाड्छ । ऊ एक अन्तरमुखी गतिशील एवम् अनुकूल रहन्छ । आफ्नो पूर्व सोचाइलाई निरर्थक र विषादमय पाउँछ । उसैका शब्दमा "कसैलाई बोकेर उड्न नपर्ने उडान कति रहरलाग्दो" ।[घड] 'म' पात्रको भूमिका कथामा मुक्त एवम् मञ्चीय छ । ऊ एक वर्गको प्रतिनिधित्व गर्ने पात्र हो । कथामा 'नीरु' सहायक पात्र तथा नेपथ्य पात्र हो । उसको अभिलाषा सङ्कटमय त्रासपूर्ण पाइलट जीवनपट्टि छैन घरमा बसेर श्रीमान्को प्राणरक्षाका लागि पुकार गर्ने बाहेक अन्य उसको भूमिका कथामा छैन । एक्काइस वर्षीय वर्गीय पात्र 'नीरु' हो । ऊ 'म' पात्रकी मनपर्दो एक सुन्दरी पनि हो । यसमा 'एयर होस्टेस' को भूमिका न्यून छ ।

**(ग) परिवेश :**

प्रस्तुत कथामा बाह्य परिवेश आकाश र सहर हो भन्ने आन्तरिक परिवेश मानसिक द्वन्द्व नै हो । आकाशमा उड्नुमा बादल, पानी, कुहिरो, डाँडाकाँडा जहाज ग्राउन्ड आदि कुराहरू समय अनुसार आउँछन् । 'म' पात्रले पहिले चराचुरुङ्गी झैं आकाशमा कावा खाने इच्छा अनुरूप उडानलाई सहज र आनन्ददायक मानेको छ । त्यही जीवन पछि गएर असहज र कष्टकर भएको छ । कथामा एक दिनको जहाज

---

[३८] अविरल स्थापित, dfs'/fsf] hfnf] (ललितपुर : साझा प्रकाशन, २०४०), पृ. ३ ।

चालकको जीवनको सङ्केत गरिएको छ । यस कथामा आन्तरिक परिवेश सशक्त छ । 'म' पात्रका विद्यार्थी जीवनमा पाइलट बन्ने इच्छा प्रबल रूपमा जागेर आएको छ । पाइलट सकेपछि नवविवाहित श्रीमतीलाई सम्झेर उनी भाग्यमानी होइनन् भन्छ । आफ्नो दु:ख, पीडा र शोकमा जीवन व्यतित भएको पाउँछ । जहाजको त्वरणसँग चलायमान जीवन हमेश डरमा बित्ने भएको हुँदा आन्तरिक वातावरण प्रबल छ ।

(घ) **दृष्टिविन्दु**

प्रस्तुत कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । प्रथम पुरुषवाची शब्द 'म' को प्रयोग गरी सम्पूर्ण 'म' पात्रका मनोविम्बहरूलाई यस कथामा प्रस्तुत गरिएको छ । लेखकीय दृष्टि र मान्यतालाई 'म' पात्रका माध्यमबाट देखाइएको छ ।

(ङ) **भाषाशैली**

प्रस्तुत कथाको भाषा सरल हुनुका साथै शब्दहरू सरल र अर्थपूर्ण छन् । मनका अमूक भाषा बाहिर प्रस्फुटन गर्न नसकी बीचबीचमा रोकिएका छन् । वायुयानमा प्रयोग हुने शब्दहरू बढी प्रयोग गरिएका छन् । जस्तै : ककपिट, त्वरण, ल्याण्ड, एयरपोर्ट, कचन आदि । यस कथामा टुक्काको पनि प्रयोग गरिएको छ । जस्तै : हावा खानु, आँशुमा डुब्नु आदि । कतै कतै बिम्बात्मक प्रस्तुति पनि पाइन्छ । जस्तै : बादलले आकाशलाई बलात्कार गर्न खोज्नु, फ्लाइटका समयमा रङ्गीन चलचित्र देख्नु आदि । कथाको शीर्षक सङ्केतात्मक छ । कथा सम्पूर्ण रूपमा आकाशयान समयलाई लिएर 'मेरो मन:स्थिति आकाशमा कावा खाँदा' राखिएको हो ।

(च) **उद्देश्य :**

कहालीलाग्दो जीवन व्यतित गर्न मुस्किल हुने, प्रत्येक दिन मृत्युसँग सङ्घर्ष गरेर सङ्कटमय जीवन बिताउनु अति असजिलो हुन्छ । रहर लाग्दो जीवनमा पीडा, व्यथाहरू, विषसरह हुन्छन् भन्दै पाइलटको सन्त्रासमय जीवनको सङ्केत तथा पारिवारिक सङ्कट यथार्थ पारामा देखाउनु कथाको प्रमुख ध्येय रहेको छ ।

### ४.४.२ सौगात

(क) **कथावस्तु**

'सौगात' सामाजिक यथार्थवादी मनोवैज्ञानिक कथा हो । यो सामान्य जनजीवनमा आधारित समस्यामूलक कथा हो । आफ्नो श्रीमान्का पदोन्नतिका लागि हिँडिरहेकी महिला र हाकिमको व्यवहारलाई यस कथामा कथानकको रूपमा लिइएको छ । 'म' पात्र एक कर्मचारी 'सुब्बा' की श्रीमती हो । आफ्नो श्रीमान्को वर्षौंसम्म हुन

नसकेको पदोन्नति चाकडीको भरमा गराउँछु भनेर निस्केकी 'म' पात्र बाटामा अनेक स्वप्निल संसारमा डुबेकी छ । आफ्नो श्रीमान्‌को बढुवाको कल्पना गरेर किस्तीभरि फलफूल लिएर डाइरेक्टरलाई भेट्न गएकी छ । हाकिमले कोशेली नपाउँदा आफू छैन भन्न लगाउने र कोशेली देखेपछि मख्ख पर्ने व्यवहार गरेको, श्रीमतीका इशारामा 'म' पात्रलाई भेट्न नदिइएको यथार्थता यहाँ देखिन्छ । स्वप्न भताभुङ्ग भएपछि घर फर्केकी 'म' पात्र अन्यौल परेकी छ । कथामा आदि, मध्य र अन्त भाग शृङ्खलित छ । 'म' पात्रले डाइरेक्टरलाई फलफूल लैजान गरेको तयारी आदि भाग, बाटामा उसका कल्पनामयी संसार मध्य भाग र डाइरेक्टरलाई भेटेपछि स्वप्नभङ्ग अन्त्य भाग हो । कथानकको ढाँचा रैखिक छ । आकार र आयामका दृष्टिले कथा छोटो छ ।

**(ख) पात्र**

प्रस्तुत कथामा न्यून पात्र प्रयोग गरिएको छ । मुख्य पात्र 'म' सुब्बाकी श्रीमती हो । सुब्बाको धेरै वर्षसम्म बढुवा नभएको हुँदा सुब्बिनी दुःख मान्छे । ऊ आफै हाकिमको चाकडी गरेर श्रीमान्‌को पदोन्नति गराउने प्रतिकूल चरित्रको रूपमा देखिन्छे । छ जना छोराछोरीकी आमा बनिसकेकी भए पनि उसको शरीर बिग्रेको छैन । अझै नारीमा देखिने जवानीको आभा प्रष्टै देखिन्छ । उसले असत् काम गरेको देखिँदैन । तापनि संस्कारगत कर्मचारी बढुवामा चाकडीको बोलबालामा ऊ पनि प्रभावित भएर त्यसो गरेकी हो । आर्थिक स्थिति कमजोर भएको वर्गीय चरित्रको रूपमा 'म' पात्रलाई लिन सकिन्छ । 'म' पात्र अन्तर्मुखी छ । यस कथाका सहायक पात्र 'म' पात्रका श्रीमान्, नेपथ्य पात्र हो । पदोन्नति पाउन नसकेको अनुकूल एवम. स्थिर पात्र हो । शोषण र भेदभावजन्य प्रथालाई उसले राम्रो मान्दैन । आफ्नो केही नलागेपछि टाउको छामेर बस्छ । अन्य पात्रहरू डाइरेक्टर, उसकी श्रीमती र छोराहरू गौण पात्र हुन् । उच्च वर्गीय रहनसहनमा रहेर त्यस्तै वर्गीय मान्यता अँगाल्नु उनीहरूको विशेषता हो ।

**(ग) परिवेश :**

प्रस्तुत कथाको स्थानगत परिवेश सहरिया कर्मचारीको घर र हाकिमको घर रहेको छ । कथाको समयगत परिवेश एक घण्टाको रहेको छ । एक घण्टासम्म 'म' पात्र उसको घरसम्म पुग्दा आन्तरिक परिवेशको स्थिति बुझ्न सकिन्छ । उसले गरेको कल्पना आर्थिक रूपमा परिवार सुधार्ने र सामाजिक रूपमा सम्मान चाहने भएकाले मानसिक परिवेश उत्तिकै प्रबल छ । हाकिमको घरमा पुगेपछि रित्तो हात लिएर घरमा पस्ने मानिसलाई बाटैबाट फर्काउने, सौजन्य लिएर जानेलाई सम्मान गरेको देखिन्छ ।

वर्गीय संस्कारगत परिवेश, आइमाई भनेपछि हुरुक्क हुने हाकिमको मानसिक परिवेश यहाँ सिर्जना भएको छ । बैठक कोठामा गरिएको खासखुस, जेठमासको टन्टलापुर घाम, समय अनुसारका परिवेश हुन् । कथामा आन्तरिक द्वन्द्व खदिलो छ ।

(घ) **दृष्टिविन्दु :**

प्रस्तुत कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । प्रथम पुरुषवाची 'म' पात्रको प्रयोग गरी सुब्बिनीलाई कथावाचकका रूपमा सर्वत्र उल्लेख गरिएको छ ।

(ङ) **भाषा :**

प्रस्तुत कथामा नेपाली बोलचालका शब्दहरू प्रयोग गरिएका छन् तथा झर्रा शब्दहरूको बाहुल्यता छ । जस्तै : सर्लक्क, पोइ, फटाफट, सिरिङ्ग आदि निपातहरूको पनि प्रयोग गरिएको छ । जस्तै : नाइँ, नि, त आदि । कतै अङ्ग्रेजी शब्दको पनि प्रयोग पाइन्छ, तर यी शब्दहरूको कथाका भावमा अस्वभाविकता भने ल्याएका छैनन् । वाक्य छोटाछोटा प्रयोग गरी पात्रको प्रत्यक्ष कथनका माध्यमबाट प्रत्यक्ष विधिअनुसार चरित्रको वर्णन गरिएको छ । यस्तै व्याकरणका दृष्टिले नमिलेका र अपूर्ण वाक्यका प्रयोग पनि कतै कतै पाइन्छ तर यसले भाषिक सम्प्रेषणमा कुनै बाधा पुऱ्याएको छैन ।

कथाको शीर्षक सापेक्ष एवम् सार्थक छ । सौगात भनेको भेटी, कोशेली, उपहार आदि वस्तु भन्ने बुझिन्छ । यहाँ सौगातलाई घुसको रूपमा उभ्याइएको प्रतीक हो । दृश्यात्मक नाटकीय शैलीले नाटकलाई रोचक र आकर्षक बनाइएको छ । समग्रमा भन्नुपर्दा 'सौगात' कथाको भाषाशैली आलङ्कारिक र क्लिष्ट नभई सरल, सहज र स्वभाविक भई साधारण पाठकको लागि पनि बोधगम्य भएको छ ।

(च) **उद्देश्य :**

प्रस्तुत कथामा नेपालको कर्मचारीतन्त्रमा कायम गरेको चाकडी प्रथा, कर्मचारी वर्गको पदोन्नतिको अवस्था, चाकडी, चाप्लुसी, खुट्टा मडाई, तेल घसाइ, चिप्ला-फोस्रा कुरालाई यथार्थ र रोचक ढङ्गमा जस्ताको तस्तै उतार्नु कथाकारको मूल उद्देश्य रहेको छ । सज्जन र इमान्दारीलाई कहिल्यै माथि उठ्न नदिइने कर्मचारीतन्त्रको वास्तविकतालाई देखाइ पाठकसामु तथ्यलाई उजागर गर्दै 'म' पात्रको मानसिक संवेगात्मक स्थितिलाई उजिल्याउनु कथाकारको मूल उद्देश्य छ ।

**४.४.३ गुहार**

(क) **कथावस्तु :**

'गुहार' शब्दले एक भयावह आवाज प्रतिध्वनित हुने भन्ने स्थितिबोध गराउँछ । 'गुहार' कथामा पात्रको मानसिक उथलपुथलको स्थितिलाई देखाइएको छ । अचेल मनमा कल्पना गरिएका कुराहरूले यथार्थलाई भ्रममा पारिदिने परिस्थितिको यस कथामा यथार्थ रूप देखिन्छ । 'ऊ' पात्र एक तरुनी केटी हो । घरमा एक्लै मुख छोपेर सुतिरहेको अवस्थामा बाहिर कतैबाट 'गुहार' शब्द प्रतिध्वनित हुन्छ । अचेतन मनले घरी डाँकाले लुछेर लगेको, बलात्कार गरेको, घरी गोली लागेको आदि घटनाहरू सम्भन्छे । उसलाई गर्मी अनुभव भए तापनि चोरलाई पिटेर पोले होलान् भन्ने कल्पना गर्छे । यस्तैमा अत्यन्त ठूलो धुवाँको मुस्लो कोठाभित्र पसेपछि ऊ हत्तपत्त बाहिर निस्कँदा आगोको लप्कामा पर्छे । कथानकको आकार सानो भएको यस कथामा आदि मध्य र अन्त शृङ्खलित छ । कथानकको ढाँचा रैखिक किसिमको छ । आदि भाग 'ऊ' पात्रले गुहार-गुहार शब्द सुनेपछि डराएर मुख छोपेर सुतेको अवस्थासम्म हो । मध्य भाग अचेतन मनमा उब्जेका अनेक कुराहरू र अन्त्य भागमा आगोको जानकारी पाएपछि उसको मृत्यु हुनसम्मको अवस्थालाई मान्न सकिन्छ । एक जवान केटीका मनमा उब्जने डर, त्रास, शङ्का, छटपटी आदिलाई कथानकको रूपमा लिइएको छ ।

**(ख) पात्र :**

प्रस्तुत कथामा न्यून पात्रको प्रयोग छ । यस कथाकी 'ऊ' पात्र एक तरुनी केटी हो । उसको बाहिर घुम्न जाँदा एक्लै घरमा बसिरहन्छे । ऊ एकलकाटे स्वभावकी केटी हो । ऊ मनमा अनेकौं शङ्का-उपशङ्का उब्जाएर बस्ने कायर मानसिकता भएकी छ । कोठामा आगोको मुस्लोको गन्ध पसेको थाहा पाएर पनि वास्ता नगर्ने एक स्वप्निल केटीको रूपमा यस कथामा चित्रित छे । बैंसले उन्मक्त भएको बेलामा अन्य सोचाइले गर्दा सबै कुरा बिर्सेकी छ । आफ्ना मामाको छोरीको घटनालाई स्मरण गरेर सपनामा के-के भन्छे-भन्छे । घर जलेर मर्ने बेलामा पनि सिक्री लिएर भाग्न खोज्छे । प्रतिकूल रूपमा उसको मानसिकताको विकास भएको छ । ऊ एक काल्पनिक संसारमा रमाउने खालकी पात्र हो । यस कथामा 'ऊ' बाहेक अन्य कुनै पात्रको उपस्थिति रहेको छैन ।

**(ग) परिवेश :**

प्रस्तुत कथामा वर्णित परिवेश एक सहरी समाजको छ । 'ऊ' पात्र सुतिरहेको घर, बाहिर सडक, चोक आदि स्थानगत परिवेश हुन् । बाहिर पानी परिरहेको दृश्य देख्न सकिन्छ । रातको समयमा करिब आधा घण्टाको समयमा सम्पूर्ण कथाको घटनाक्रम आदि, मध्य र अन्त्यको विकास भएको देख्न सकिन्छ । यस कथामा बाह्य परिवेश भन्दा पात्रको आन्तरिक परिवेश प्रबल रूपमा रहेको छ । एक्ली केटीको मनमा

उब्जने अनेकौं तरङ्गहरूलाई परिवेशका रूपमा लिन सकिन्छ । मामाकी छोरीलाई डाँकाहरूले लछारेर लगेको, इनारमा तर्सिएको आदि अनेकौं प्रसङ्ग उसका मनमा खेलिरहका छन् । आगोबाट तर्सिएर भाग्नु जस्तो करुण दृश्यले कथालाई कारुणिक बनाएको छ ।

**(घ) भाषा :**

'गुहार' कथाको भाषा सरल, सहज र स्पष्ट किसिमको छ । कथाको भाषा सरल हुनुको साथै छोटाछोटा वाक्य गठन, संस्कृत तत्सम एवम् झर्रा नेपाली शब्दको प्रचुर मात्रामा प्रयोग गरेको देखिन्छ, जस्तै : घ्याप्प, खार, गाँठा, मस्ती आदि । यस कथामा निपात र थेगोहरूको पनि प्रयोग गरिएका छन् । सम्भावना भविष्यत कालका क्रियाहरू बढी मात्रामा प्रयोग भएका छन् । यस कथामा कतै भाषिक विचलनयुक्त र व्याकरणका दृष्टिले नमिलेका वाक्यहरूको प्रयोग पाइन्छ । यस कथामा कतिपय स्थानमा अपूर्ण वाक्यको पनि प्रयोग भएको पाइन्छ । यस कथामा संस्मरणात्मक शैलीको प्रयोग गरिएको छ ।

**(ङ) दृष्टिविन्दु :**

प्रस्तुत कथामा तृतीय पुरुषवाची सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'ऊ' पात्रका सम्पूर्ण क्रियाकलापमा कथावस्तु केन्द्रित देखिन्छ । कथाकारका भावना अनुरूप मानसिक छटपटी र अन्धतालाई कथामा केन्द्रित गरिएको छ ।

**(च) उद्देश्य :**

काल्पनिक दुनियाँमा रमाएर तथ्य र यथार्थलाई बुझ्न नसक्दा दुर्गतिको परिणाम निस्कन सक्छ भन्ने देखाउनु नै यस कथाको प्रमुख उद्देश्य रहेको बुझ्न सकिन्छ । यस कथाकी 'ऊ' पात्र काल्पनिक संसारमा रमाउँदा-रमाउँदै आफ्नो घरमा आगो लागेको समेत थाहा पाउँदिन र त्यसैमा जलेर मर्दछे । 'ऊ' पात्रले समाजका अन्य व्यक्तिसँग पनि सम्पर्क गरेकी हुँदैन जसको कारण उसले अनायासमा घरको साथ-साथै ज्यान समेत गुमाउन पुगेको देखाउँदै समाजमा सम्पर्क बढाउनु पर्छ भन्ने भाव व्यक्त गर्नु नै यस कथाको प्रमुख अभीष्ट रहेको मान्न सकिन्छ । काल्पनिक संसारमा रमाउनुभन्दा यथार्थ संसारमा रमाउनु पर्छ भन्ने देखाउनु पनि यस कथाको उद्देश्य रहेको छ ।

### ४.४.४पोइ

**(क) कथावस्तु :**

‘पोइ’ कथा नारी मनोवैज्ञानिक समस्यामा आधारित कथा हो । रतिरागात्मक भावनाले कुण्ठित नारी आफ्नो पोइप्रति कतिसम्म असन्तुष्ट हुन्छे भन्ने प्रसङ्ग यहाँ उल्लेख छ । हीन भावनाले प्रेरित भएर आफ्नो पोइलाई घृणा गर्ने प्रवृत्ति नारीमा देखिन्छ भन्ने रहस्य यस कथामा प्रस्तुत गरिएको छ । कथामा ‘म’ पात्र झण्डै बाइस-तेइस वर्षकी युवती हो । उसले बिहे गरेको तीन वर्ष भइसक्दा पनि बच्चा जन्माएकी छैन । लोग्नेले लगाएको, खाएको बनावटी स्वाङ् नपारेको जस्ता काममा ऊ दुःखी छे । लोग्नेसँग घुम्ने रहर बारम्बार प्रकट गरे पनि नलगेको, यौन सम्पर्कमा सक्रियता नदेखाएकोले ‘म’ पात्रमा नैराश्यता छाएको छ । “पोटिला-पोटिला पाखुराहरू, फराकिलो कुम, बलिष्ठ गर्धन, पुष्ट भरिएको छाती, स्वस्थ शरीर भए पो पोइ भन्न पनि रहर लाग्छ”[३९] भन्ने यथार्थता यहाँ देख्न सकिन्छ । कथा झिनो कथावस्तुमा सिर्जिएको छ । आदि, मध्य र अन्त्यको शृङ्खला निम्न रूपमा मिलेको देखिन्छ । रैखिक ढाँचामा कथानक उनिएको छ । आकारका दृष्टिले कथाको अन्त्य छोटो छ ।

**(ख) पात्र :**

पात्रविधानका दृष्टिले प्रस्तुत कथामा न्यून पात्रको प्रयोग गरिएको छ । ‘म’ पात्र यस कथाकी प्रमुख पात्र हो । ऊ एक यौवनले चरमचुलीमा पुगेकी युवती हो । कथामा ऊ अनुकूल पात्र एवम् गतिशील पात्र हो । ‘म’ पात्र यौनमा श्रीमान्‌बाट असन्तुष्टि भए पनि परपुरुषसँगको लोभ लालचा छैन । ऊ अरूको लोग्ने स्वास्नीको व्यवहार देखेर डाहा गर्छे । ऊ कमलीको पोइले कमलीलाई गरेको माया र उसले गरेको व्यवहार देखेर मर्माहत भएकी छ । आफ्नो श्रीमान्‌ले पनि त्यस्तै गरोस् भन्ने उसको इच्छा, आकाङ्क्षा रहेको छ । कथामा मञ्चीय रूपमा उसको सतही स्वभाव देखिन्छ । ‘म’ पात्रको श्रीमान् एक परम्परागत मान्यता राख्ने वर्गीय पात्र हो । जवानीको उमेर भए पनि तडकभडक उसलाई मन पर्दैन । यौन सक्रियतामा पनि उत्साह नभएको एक प्रतिकूल नेपथ्य पात्र हो । उसको स्वभाव कथामा स्थिर जीवनचेतना भएको व्यक्तिगत र दुर्बल खालको पात्र हो । कपडा मिलाएर लगाउन नचाहने, खाना खान पनि आधुनिक पाराले नजान्ने भएको हुँदा उसकी श्रीमती ऊ प्रति असन्तुष्ट छे । श्रीमतीको आरोपमा ऊ नामर्द पानीमरुवा हो । यौन सक्रियता नभएको बाँझो पुरुष हो । अन्य पात्र कमली र कमलीको पोइ हुन् । यिनीहरू वर्गीय पात्रका रूपमा कथामा परिचित छन् । यिनीहरूको भूमिका गौण रूपमा रहेको छ ।

**(ग) परिवेश :**

---

[३९] ऐजन, पृ. १७ ।

प्रस्तुत कथाको समय झण्डै एक दिनको हो । बाह्य परिवेशका रूपमा सहरको एक घर, घुम्न जाने पार्क, ताल आदि रहेका छन् । कथामा आन्तरिक परिवेशको रूपमा 'म' पात्रको मनस्थितिको उपजलाई लिन सकिन्छ । उसले चाहेको बलिष्ठ गर्धन, सुडौल जीउ, अत्यधिक यौन क्षमता भएको पोइ हो । 'म' पात्र आफूलाई यी सबै कुराबाट ठगिएको महशुस गरी विद्रोह गर्न चाहन्छे । यही हीनग्रन्थिले तड्पडिएको उसको आन्तरिक परिवेश हो । 'म' पात्रलाई मानसिक रूपमा कुण्ठित परिवेशमा हेर्न सकिन्छ ।

(घ) **भाषा :**

प्रस्तुत कथाको भाषाशैली सरल, सहज र पाठकले सजिलै बुझ्न सक्ने किसिमको छ । एकालापीय कथनका रूपमा प्रकटित भएका झर्रा नेपाली शब्दहरूको ज्यादा प्रयोग छ । निपात र थेगोहरूको प्रयोग त्यत्तिकै छ । यस कथामा कतै कतै अपूर्ण वाक्य पदावलीले अन्य अर्थ खोज्नु पर्दा अप्रस्तुत कथनलाई व्यञ्जित गरेको देखिन्छ । स्वाँठ, जुग, टिनिक्क, पल्याक्क आदि नेपाली झर्रा शब्दको प्रयोग पनि यस कथामा भएको छ । यस्ता झर्रा शब्दको प्रयोगले गर्दा यो कथा नेपाली जनजीवनबाट टिपेको जस्तो आभाष गर्न सकिन्छ । यस कथामा कतिपय अङ्ग्रेजी शब्दको पनि प्रयोग भएको छ, जस्तै : स्टाइल, प्यान्ट, एक्टिङ्ग, नेचुरल, ह्याण्डसम आदि । यस्ता अनेकौं अङ्ग्रेजी शब्दको प्रयोगले कथालाई झन् रोचक बनाएको छ । यस कथामा अप्रत्यक्ष विधिद्वारा पात्रगत चिनारी दिइएको छ ।

(ङ) **दृष्टिविन्दु :**

प्रस्तुत कथामा प्रथम पुरुषवाची आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म' पात्रको केन्द्रीयतामा कथावस्तु अगाडि बढेको छ, जुन शृङ्खलित छ । नारीका इच्छा आकाङ्क्षाको गहिऱ्याइ छाम्ने काम लेखकले 'म' पात्रका माध्यमबाट गरेका छन् । कथाकारका दृष्टिमा नारीले खोज्ने विषयवस्तु वर्गीय रूपमा 'म' पात्रका मुखबाट व्यक्त गराएका छन् । कथाको शीर्षक सङ्केतात्मक र सार्थक छ ।

(च) **उद्देश्य :**

प्रस्तुत कथाको उद्देश्य नारीको लोग्नेप्रतिको चाहनाको वास्तविकता देखाउनु हो । श्रीमतीलाई लोग्नेले दिनु पर्ने माया र जैविक सन्तुष्टि पूरा नहुँदा श्रीमतीका मनमा उब्जने घृणा र विद्रोहलाई कथाकारले पाठकसमक्ष प्रष्ट पार्नु नै कथाको उद्देश्य हो । उद्देश्य पूरा गर्न 'म' पात्रलाई सिर्जना गरी वर्गगत चरित्रको रूपमा उसको 'पोइ'

लाई ल्याइएको हो । यस कथामा एउटी श्रीमतीले कस्तो पोइको अपेक्षा राख्छन् भन्ने देखाउनु प्रमुख उद्देश्य रहेको छ ।

### ४.४.५ रिभल्भर एउटा अभिशाप

**(क) कथावस्तु :**

प्रस्तुत कथा अपराध मनोविज्ञानसँग सम्बन्धित छ । अपराधीको मानसिकता कसरी ह्रासोन्मुख हुँदै जान्छ । विकृत मानसिकताले समाजलाई शङ्कालु दृष्टिले हेर्ने परम्परालाई कथामा देख्न सकिन्छ । एक हत्यारा युवकको स्वभाविक मानसिक परिवर्तनलाई देखिने विषयवस्तुलाई समेटेर कथा लेखिएको छ । 'ऊ' पात्रले एक लाहुरेको हत्या गरेको छ । हत्या गर्दा कसैले नदेखेकाले ऊ कानुनद्वारा निर्दोष ठहर्छ । उसलाई कसैले नदेखेको भए पनि कोठाबाट बाहिर निस्कन सक्दैन ऊ मानिसको हुल देखे पनि डराउँछ । उसले आफ्नो परिवारलाई समेत रिभल्वरले एकै निमेसमा सिध्याइदिन सक्छ । "प्रत्येक विचार, प्रत्येक मनोदशा र क्षण-क्षणको रिभल्वरको चीसो स्पर्शले मानौँ उसको खपरिलो मस्ष्तिष्क बिथोलिन्छ । उसको गुप्तरहस्य किमार्थ अक्षुष्ण राख्न सक्दैन । मानौं भय, सन्त्राश र कल्पनाले उसको मगजको प्रत्येक तन्तुहरूलाई कोषहरूलाई अविरल आक्रमण गरिहेछ र उसको सार्वभौमिकता रछ्यानमा मिल्किएको छ । ऊ लुगा फेर्न सक्तैन कहीँ रिभल्भर भाग्दैन । हो, ऊ समाजदेखि पन्छिन भरमग्दूर चाहन्छ र पनि छुटिन सक्दैन । ऊ कानुनबाट मुक्त छ, तर, मानसिक व्यथाबाट मुक्तिबोध किमार्थ पाउन सक्ने छैन ।"[४०] यसरी जतिसुकै अपराधबोध गरे पनि उसले रिभल्भर त्याग्न सक्दैन । उसको मस्तिष्कमा केवल पुलिस, हतकडी, जेल, लाहुरे, उसको रगत, चिच्याहट मात्रै घुमिरहन्छ । कथाको विषयवस्तु खिरिलो तथा कथावस्तुको ढाँचा विशृङ्खलित छ । अरैखिक तरिकाले संयोजन गरिएको यस कथामा आदि, मध्य र अन्त्य भाग छुट्याउन सकिँदैन । 'ऊ' पात्रको मनस्थितिलाई एकाएक देखाइएको छ । उसले गरेका कुकृतिहरू, अपराध सम्बन्धित क्रियाकलापहरू क्रमशः कल्पनामा आउँछन् । कथानकको आकार र आयाम सानो भए पनि एक भयङ्कर मानसिकताको पाटो देख्न सकिन्छ ।

**(ख) पात्र :**

प्रस्तुत कथा न्यून पात्रीय कथा हो । यसमा मञ्चीय पात्र 'ऊ' हो । ऊ एक हत्यारो हो । लाहुरेको हत्या गर्दा ऊ कायर भएको छ । कानुनले दोषी नठहऱ्याए पनि

[४०] ऐजन, पृ. २७ ।

छोड्दैन । विवाह गरेर छोराछोरी पनि जन्माइसकेको 'ऊ' पात्र कसैलाई मतलब नराखी अपराधी मानसिकताबाट पछि हट्न सकेको छैन । एक व्यक्तिगत चरित्रको रूपमा देखापर्ने ऊ प्रतिकूल चरित्र हो । गतिशील स्वभाव भए पनि सामाजिक रूपमा उसको स्वभाव असामान्य देखापर्छ । यस कथाको सहायक पात्र लाहुरे नेपथ्य पात्र हो । ऊ एक निर्दोष अनुकूल चरित्र हो । पैसाको लोभमा 'ऊ' पात्रले उसलाई मारेको हो । यस कथामा अन्य पात्रहरू सशक्त रूपमा देखिएका छैनन् । अप्रत्यक्ष रूपबाट चरित्रचित्रण गर्न सकिए पनि विचार पक्षले प्रमुख भूमिका निभएको देखिन्छ ।

(ग) **परिवेश :**

मनोवैज्ञानिक कथाको परिवेश मानसिक अवस्था हो । ऊ पात्रको मानसिक वातावरण द्वन्द्वमय छ । उसले आफूलाई निर्दोष रूपमा हेर्ने प्रयत्न गर्छ । वातावरण बाहिर निस्कन नसक्ने, मानिसको भीड देख्न नसक्ने हुन्छ । अपराधबोध हुनु, आन्तरिक संघर्षशीलता उत्पन्न हुनु, सामाजिक अविश्वास छाड्नु आदि मानसिक परिवेशसँग सम्बन्धित छन् । अपराधी मन फेरि अपराध गर्न उद्यत् हुन्छ । आफ्नो परिवारलाई समेत भैंसीको सिङमा उन्न सक्ने ऊ पात्रको मनःस्थिति तयार भएको छ । उसले लाहुरेको हत्या गरेको तीन वर्षपछि उसको स्वभाव अझ भयङ्कर रूपमा विकृत भएको छ । हरसमय ऊ द्वन्द्वमा कसिरहेको छ । यस कथामा आन्तरिक द्वन्द्व निकै प्रबल रूपमा भएको छ । लाहुरेको हत्याका समयमा बाह्य द्वन्द्व भए पनि अप्रत्यक्ष रूपमा छ ।

(घ) **भाषा :**

प्रस्तुत कथाको भाषा सरल, सहज, स्पष्ट र मिठासपूर्ण छ । कथामा वर्णविन्यास सम्बन्धि त्रुटिहरू ठाउँठाउँमा देखापरे पनि विचार पक्ष ओजपूर्ण छ । कथा प्रतीकात्मक छ । रिभल्भर एक हतियार हो तर यहाँ ऊ पात्रको मानसिकतासँग सम्बन्धित छ । भैंसीको सिङ्ग एक जनावरको हतियार हो तर यहाँ हिंस्रक प्रवृत्तिको सूचकका रूपमा प्रस्तुत देखिन्छ । टुक्काहरूको ठाउँ-ठाउँमा प्रयोग गरिएकाले कथालाई अझ रोचकपूर्ण बनाएको छ । कथामा तत्सम र झर्रा शब्दको प्रयोग अलि बढि पाउन सकिन्छ । यस कथामा कतिपय स्थानमा अपूर्ण वाक्यहरूको प्रयोग पनि पाइन्छ ।

(ङ) **दृष्टिविन्दु :**

प्रस्तुत कथामा तृतीय पुरुषवाची सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'ऊ' पात्र हत्यारा हो । उसको हत्यारा प्रवृत्ति बढ्दै जानु जतिसुकै प्रयास गरेर पनि आफूलाई त्यसबाट टाढा राख्ने प्रवृत्ति एक हत्याराको हुन्छ भन्ने मानसिकता लेखकीय दृष्टिसँग सम्बन्धित छ ।

(च) **उद्देश्य :**

प्रस्तुत कथा मूलतः अपराध मनोविज्ञानमा आधारित कथा हो । यसमा 'ऊ' पात्रले एक जना लाहुरेको हत्या गरेको छ । उसले हत्या गर्ने समयमा सो घटना कसैले नदेखे तापनि 'ऊ' मानसिक रूपले आघात बन्न गएको छ । यसरी मानिसलाई उसको आपराधिक घटनाले कसरी मानसिक रूपमा सताइरहेको हुन्छ र ऊ कसरी विक्षिप्त बन्न पुग्छ भनी देखाउनु यस कथाको उद्देश्यका रूपमा प्रस्तुत भएको छ ।

### ४.४.६ चिसिएको रात

(क) **कथावस्तु :**

'चिसिएको रात' अविरल स्थापितको यौनमनोविज्ञानसँग सम्बन्धित कथा हो । भर्खर विवाह गरेकी एक युवतीलाई सुहागरातको समयमा जाग्ने इच्छा, छटपटी, कौतुहलता, शङ्का-उपशङ्का, सङ्कोच आदि विषयवस्तु बनाएर कथा लेखिएको छ । यस कथाकी प्रमुख नारी पात्र 'ऊ' भन्ने युवती आफ्नो लोग्नेसँग प्रथम पटक सुतेकी छ । लोग्ने निदाएको छ तर दुलही निदाउन सकेकी छैन । प्रथम पटक पुरुषसँग साथमा सुत्नुपर्दा अनौठो र अप्ठ्यारो महसुस गरेकी छ । जाडोको समयमा एक सिरक लोग्नेले ओडेको छ । लाजले गर्दा लोग्नेसँग जोडिएर सुत्न र सिरक तानेर ओड्न पनि नसक्ने स्थिति नवविवाहित दुलहीमा सिर्जना भएको छ । लोग्ने उठ्ला कि भन्ने डरले ऊ हलचल नगरी सुतेकी छ । लोग्न बिउँझेर यौन सम्पर्कमा समागम भए पछि उसका पहिले लोग्नेप्रति जागेका घृणा, पुरुषको नमिठो गन्ध, जाडो आदि समस्या हराएका छन् । लामो रात भएर छट्पटाएकी युवती रात लम्बियोस् भनेर कामना गर्छे । कथा रोचक हुनुका अतिरिक्त आदि, मध्य र अन्त्य भाग शृङ्खलित छ । कथाको आदि भाग लोग्नेका साथ बिस्तारामा सुतेपछि युवतीलाई भएको अप्ठ्यारो स्थितिसम्म, मध्य भाग लोग्नेप्रति उब्जिएका घृणा, त्रास, छटपटी, वाल्यजीवन आदिको कल्पनाका साथै विस्ताराबाट सिरक खस्नुको अवस्थासम्म, अन्य भाग यौन समागमपछिको भाग हो । कथा छोटो आयामको हुनुको साथै रैखिक ढाँचामा आबद्ध रहेको छ ।

(ख) **पात्र :**

प्रस्तुत कथामा मञ्चीय पात्र 'ऊ' युवती र उसको लोग्ने छन् । नेपथ्य पात्रका रूपमा 'ऊ' पात्रका वाल्यसखाहरू छन् । 'ऊ' पात्र मुख्य पात्र हो । ऊ झण्डै बीस वर्षकी नवविवाहिता युवती हो । 'ऊ' पात्र यस अगाडि कुनै पुरुषसँग यौन समागम गरेकी छैन । प्रथम पटकको क्षणमा उत्सुकता पैदा भएको छ । फ्रायडीय यौनमनोविज्ञान अनुसार उसलाई पहिले अहम् प्रवृत्तिले छोएको छ । त्यसैले

लोग्नेसँगको सम्बन्धमा अप्ठ्यारो मानेर बाल्यजीवनलाई सुखी मानेकी छ । 'इद' ले उसलाई निद्रा लागेको छैन, यौन सम्पर्कमा निर्विवाद तल्लीन हुन्छे । रात उसलाई प्यारो लाग्छ । जाडोमा उसलाई न्यानो भएको छ । कथाको अनुकूल पात्र भएर पनि अचेतन मनबाट यौन आकर्षण तीव्र भएको देखिन्छ । श्रीमान्सँग अप्ठ्यारो मानेकी 'ऊ' पात्र श्रीमान्ले माया गरेर बोलाउँदा मख्ख हुन्छे । एक सुरले काम गर्दा श्रीमान्को उपस्थितिमा एउटा काम गर्दा अर्को काम गर्ने र लुटपुटिने भएको देखिन्छ । यसबाट अचेतन मनले चेतन मनमाथि विजय भएको देखिन्छ । गतिशील स्वभावकी 'ऊ' पात्र सत् एवम् नैतिकवान् हो । अन्तरमुखी प्रवृत्ति मध्यमवर्गीय वर्गगत चरित्रको रूपमा 'ऊ' पात्रलाई लिन सकिन्छ ।

कथामा सहायक पात्र 'ऊ' पात्रको लोग्ने हो । ऊ अनुकूल तथा गतिशील पात्रका रूपमा देखा पर्दछ । श्रीमतीलाई समय-समयमा जिस्काउने, माया गर्ने उसको स्वभाव छ । श्रीमतीको आवश्यकतालाई समयमा नै बुझ्न नसक्दा श्रीमतीको मनमा अनेक तरङ्ग उत्पन्न भएको छ । श्रीमतीसँग समझदारीविना यौन समागममा तल्लीन हुन्छ । अन्तर्मुखी प्रवृत्तिका रूपमा उसलाई लिन सकिन्छ ।

**(ग) परिवेश :**

मनोवैज्ञानिक कथाको परिवेश त पात्रको मानसिक संसार अथवा मनलोक नै हो । 'ऊ' पात्रको सम्पूर्ण मनस्थिति नै परिवेशअन्तर्गत पर्दछन् । लोग्नेले सिरक ओढ्न नदिनु, सिरक तानेर ओढ्न नसक्नु, जाडोको समयमा सिरक विना सुत्नु, प्रथमपटक लोग्नेसँग सुत्नु आदि कुराहरू परिस्थितिका उपज हुन् । आलु काट्न लाग्दा हात काट्नु, बाल्टिन लिन जाँदा कोपारा समात्न जानु, दाउरा लिन जाँदा बाकस खोल्नु आदि क्रियाकलाप अचेतन मनका यौन आकर्षणका सङ्केत हुन् । स्थानगत परिवेशमा एउटा श्रीमान्-श्रीमतीको कोठा, उनीहरूको विस्तारा र झ्याल छन् । चिसो हावा चलेको हेमन्त ऋतुको समय छ । कोठाको स्थिति, गुज्मुजिएको सिरक, डल्लो परेर रहेकी 'ऊ' पात्र; लोग्ने निदाइरहेको रातको समय, अँध्यारो र शून्य वातावरण यहाँका परिवेश हुन् । यिनै बाह्य परिवेशले आन्तरिक रूपमा 'ऊ' पात्रको मनोवेगलाई ज्वलन्त बनाएका छन् । 'ऊ' पात्रलाई लोग्नेको बलिष्ट पाखुरा, खुट्टा, छाती देखेर आङ सिरिङ्ग भएको छ ।

**(घ) भाषा :**

प्रस्तुत कथाको भाषा रोचक, सरल र मिठासपूर्ण रहेको छ । संस्कृत तत्सम शब्दहरू बढी प्रयोग भएका छन् । झर्रा शब्दहरूको प्रयोगले कथालाई झन् मिठासपूर्ण

बनाउन सहयोग पुऱ्याएको छ । कथा प्रतीकात्मक किसिमको छ । राती खुल्ला झ्याल छ तर त्यसलाई बन्द गर्न 'ऊ' पात्र सक्दिन । उसको लोग्ने निदाएको छ, यस सोझो अर्थमा वातावरण चिसिएको छ तर यहाँ 'ऊ' पात्रले दिलको ढोका खुल्ला राखेकी हो भन्ने अर्थ लाग्छ । झ्याल 'यौन अपील' को प्रतीक हो । गुजमुजिएको सिरक पनि पत्नी समझदार नभएको अवस्थाको प्रतीक हो । कथामा संयुक्त वाक्य धेरै छन् । कथा छोटोछोटा अनुच्छेदमा रचना भएको छ । वर्णनात्मक शैलीमा कथा लेखिएको छ । यस कथामा कतै-कतै अपूर्ण वाक्यको पनि प्रयोग भएका छन् ।

(ङ) **दृष्टिविन्दु :**

प्रस्तुत कथामा तृतीय पुरुषवाची सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कथाका पात्र सीमित छन् तर भावानुभूति तीव्र छ । यौन इच्छा र बबुच्क्षालाई 'ऊ' पात्रका माध्यमबाट कथाकारले प्रस्तुत गरेका छन् । कथामा मनभित्रको भाव, अनुभूति, संवेग, चिन्तनलाई प्रकट गर्ने आन्तरिक क्रियाकलापसँग सम्बन्धित छ । कथाकारले पात्रलाई 'ऊ' को स्थानमा राखी कथागत संरचना प्रदान गरेका छन् ।

(घ) **उद्देश्य :**

प्रस्तुत कथाको उद्देश्य मानवीय स्वभावलाई यथार्थ रूपमा देखाउनु हो । मानिसलाई जुन कुराको आवश्यकता र इच्छा हुन्छ । यसको पूर्ति नहुँदा मानसिक खलबली हुने, अचेतन मनले सम्पूर्ण मनलाई प्रभावित बनाउने कुरालाई कथामा देखाइएको छ । पति-पत्नीबीचको मिलनमा यौनराग अनिवार्य हो, यसको अभावमा जीवन निरस हुन्छ भन्ने कथाको मूल सन्देश हो ।

### ४.४.७ भित्तामा टाँगिएका चित्रहरू

(क) **कथावस्तु :**

प्रस्तुत कथा यौनमनोविज्ञानमा आधारित कथा हो । यस कथामा सामाजिक पक्षलाई कम मह□व दिएर पात्रको मानसिकतालाई बढी मह□व दिइएको छ । अतृप्त कामेच्छालाई चित्र हेरेर तृप्ति लिन साथीकहाँ बारम्बार जाने अवस्था सृजना गरिएको छ । कथामा 'म' पात्र आफ्नो केटी साथीकहाँ बारम्बार जाने गर्दछ । कथामा रतिरागात्मक पक्षलाई जोड दिइएको छ । केटीको कोठामा टाँगेका विभिन्न हिरोइनहरूका अर्धनग्न तथा अश्लील चित्रहरू हेरेर यौन इच्छा पूर्ति गर्ने गर्दछ । पछि 'म' पात्रले आफ्नै कोठामा चित्र टाँगेर पनि सन्तोष हुँदैन । केटीकहाँ गएर हेर्ने बानीले एक्लै कोठामा हेर्दा उसलाई सन्तोष नभएपछि केटी नै त्यही आएर लम्पसार पर्छे । 'म'

पात्र चित्र हेरेर तृप्ति जाग्ने हुँदा त्यस केटीको मनमा घृणाभाव पैदा भई सम्पूर्ण चित्रहरू च्यातेर आफ्नो भित्री इच्छाको पर्दाफास गरेकी छ । आदि, मध्य र अन्त्य भागमा शृङ्खलित कथाको विकास रैखिक ढाँचामा भएको छ । कथा वक्ररेखीय धारमा हिँडेको छ । 'म' पात्र केटीको कोठामा जाने र चित्रहरू हेरेर फर्कनेसम्मका भागलाई आदि भाग, 'म' पात्रले आफैँ अश्लील चित्रहरू किनेर भित्तामा टाँसेर सन्तुष्टि लिने भाग मध्य भाग र कुमारी केटी आएर सारा चित्रहरू च्यातेपछिको भाग अन्तिम भाग हो । कथामा विषयवस्तु गहन रूपमा उभ्याइएको छ । आकारका दृष्टिले कथानकको आकार सानो र छरितो छ ।

**(ख) पात्र :**

प्रस्तुत कथाको मुख्य चरित्र 'म' पात्र हो । ऊ एक जवान पुरुष पात्र हो । अविवाहित केटीको कोठामा केटीसँग बसेर कुरा गर्दै उसले भित्तामा टाँगेका चित्रहरूले आफ्नो यौन तिर्खा मेट्ने गर्दछ । कथामा उसको भूमिका मञ्चीय किसिमको छ । उसले केटीको कोठामा भएका नाङ्गा तस्वीरले नपुगेर आफ्नै कोठामा पनि चित्रहरू टाँसेर सन्तुष्टि लिने गर्दछ । जब केटी उसको कोठामा आउँछे तब ऊ आफूलाई मानसिक रूपमा सबल भएको ठान्दछ । जब ऊ एक्लै हुन्छ त्यतिबेला ऊ अचेतन मानसिकताबाट प्रभावित हुन्छ । ऊ गतिशील एवम् सक्रिय पात्रका रूपमा देखापर्दछ । यौन सक्रियता नदेखाए पनि ऊ यौन पक्ष दुर्बल भएको पात्रको रूपमा देखापर्दैन । सपनामा पनि उसले नाङ्गा केटीको फोटो सम्झेर बस्छ । अचेतन मनबाट 'म' पात्र पूरै प्रभावित छ । मध्यम वर्गीय परिवारको वर्गीय चरित्रको रूपमा 'म' पात्र देखापर्दछ । 'तिनी' पात्र सहायक पात्र हो । ऊ एक तरुनी युवती हो । वर्गीय चरित्रको रूपमा युवती गतिशील पात्र हो । उसले 'म' पात्रलाई आकर्षित पार्न रङ्गीन चित्रहरू, अश्लील किसिमका फोटोहरू टाँगेर बस्ने गर्दछे । भित्तामा अनेक किसिमका फोटोहरू टाँसेर कोठा सजाउने उसको प्रवृत्ति छ । 'म' पात्रप्रति यौनाकर्षण बढ्दै जाँदा 'म' पात्रको कोठामा गई यौन सन्तुष्टि लिने गर्दछ । ऊ 'म' पात्रले यौन सक्रियता नदेखाउँदा चित्रहरूलाई सौता ठानेर घृणावृत्ति जागिएपछि एकैचोटि चित्र च्यात्न पुग्छे । ऊ असामान्य अवस्थामा पुगेर अचेतन मनबाट पूरै प्रभावित देखिन्छे ।

**(ग) परिवेश :**

प्रस्तुत कथामा बाह्य परिवेशको रूपमा 'म' पात्रको कोठा, त्यसमा टाँगिएका युवायुवतीका अर्धनग्न चित्रहरू, अश्लील चित्रहरू, किशोरी केटीको फोटा र त्यसमा टाँगिएका चित्रहरू तथा शहरी परिवेशलाई लिन सकिन्छ । आन्तरिक रूपमा पात्रगत

मानसिकतालाई लिन सकिन्छ । किशोरी केटीको कोठामा बारम्बार जानु, अश्लील चित्रहरू हेरेर मख्ख पर्नु, आफ्नो कोठा पनि त्यसैगरी सजाउनुजस्ता कुराहरूले प्रेमीहरूको दुनियाँमा हुने यौन आकर्षण हो भन्न सकिन्छ । करिब एक महिना जतिको समयमा कथाका घटनाहरू घटित हुन्छन् । यौन आकर्षण गर्नका लागि विभिन्न चित्रहरू उत्तेजित हुने खालका टागिएका छन् । 'म' पात्र केटीहरूका नाङ्गो शरीर देखेर आफूलाई सम्पूर्ण रूपमा भुलाएको र किशोरी केटीलाई सामाजिक रूपमा वास्तविक सौताले अर्को सौताको स्वत्व लुटेको महशुस भएको छ र ऊ आपराधिक मानसिकतामा सङ्लग्न भएकी छ । सौताको हत्याको रूपमा चित्रहरू च्यात्न थाल्दछे । यस्तै मानसिक परिवेशमा यो कथा सिर्जिएको छ । कथामा आन्तरिक तथा बाह्य द्वन्द्वको सिर्जना भएको छ । बाह्य रूपमा 'म' पात्रले चित्रहरूसँग गरेको द्वन्द्व, अन्तिममा किशोरी केटीले चित्रहरूलाई सौता मानी गरेको द्वन्द्व, अप्रत्यक्ष रूपमा 'म' पात्रसँग सम्बन्धित छ ।

(घ) **भाषा :**

'भित्तामा टाँगिएका चित्रहरू' कथाको भाषा अत्यन्त सरल, सहज र बोधगम्य किसिमको छ । यस कथामा झर्रा शब्दहरूको प्रयोग बढी भएको छ । जस्तै : उदेक, जिल्ल, शरम, सन्न, भाउन्न, फुङ्ङ आदि । कतै-कतै नेवारी शब्दको पनि प्रयोग गरेको पाइन्छ । संयुक्त तथा मिश्र वाक्यको बाहुल्यता भए पनि कतै-कतै वाक्यांश लेखेर छाडिदिने गरेको पनि पाइन्छ । भूत र वर्तमानकालीन क्रियापदको प्रयोग भएको छ । वर्णनात्मक शैलीको प्रयोग गरिनुको साथै प्रतीकको पनि कतैकतै प्रयोग भएको छ । भित्तामा टाँगिएका चित्रहरूले यौन कुण्ठाका प्रतीकका रूपमा आएका छन् । तिनै चित्रहरू यौन आकांक्षालाई शमन गरेको छ भने किशोरी केटीले 'म' पात्रलाई आकर्षित गरी नजिक बनाएकी छ

(ङ) **दृष्टिविन्दु :**

प्रस्तुत कथामा प्रथम पुरुषवाची बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म' पात्र कथामा मुख्य पात्र भए पनि कथाकारले किशोरी केटीको मनोदशा र छटपटीलाई खास केन्द्रित गराएका छन् ।

(च) **उद्देश्य :**

प्रस्तुत कथामा खास गरेर लेखकीय सन्देश पात्रीय मनोदशाको चिरफार गर्नु हो । युवावस्थाको यौनाकर्षण सर्वमान्य हो, समयलाई ख्याल नगर्ने हो भने दुस्प्रवृत्तिहरू बढेर जान्छन् भन्ने प्रसङ्गलाई यस कथाको प्रमुख उद्देश्यका रूपमा लिन सकिन्छ ।

### ४.४.८ परिचय

**(क) कथावस्तु :**

'परिचय' कथामा कथाकार अविरल स्थापितले प्रयोगवादी शैलीमा रहेर विसङ्गतिपूर्ण जीवनको चर्चा गरेका छन् । यस कथामा 'ऊ' पात्र 'अविरल स्थापित' एक कोठाभित्र पस्दछ । विभिन्न स्थानबाट आएका थरीथरीका मानिसहरूसँग उसको परिचयको क्रम बढ्छ । 'ऊ' पात्रले सबैलाई संसारका मानिससँग तुलना गर्दछ । उसले मानिसको चमत्कारबारे सम्झन्छ । त्यही मानिस अमेरिका, अफ्रिका, एसिया कुनै पनि देशको हुन सक्छ, कालो सेतो जस्तो पनि हुनसक्छ, पूर्व-पश्चिम जहाँको पनि हुनसक्छ, सबैको एउटै परिचय हो तर मानिसले विभिन्न ठाउँ, रङ्ग, उचाइ, वर्णका आधारमा भिन्न भएर परिचयको हात औंल्याइएरहेको छ भनी 'ऊ' पात्र फिस्स हाँस्छ । उसलाई मानिसहरू नै संसारका निर्माण र विनासमा सहभागी छन् भन्ने लाग्छ । औपचारिक भेटघाट र परिचय कार्यक्रम राखेर परिचय गरे पनि कसैले कसैलाई चिन्दैन । मान्छे, मान्छे हो भन्ने जानकारी कसैलाई छैन भन्दै कथा अन्त भएको छ । कथा शृङ्खलित भए पनि कथानक खिरिलो छ । कथामा आख्यान पक्ष क्रमबद्ध छ । केही असामाजिक जस्तो लाग्ने 'परिचय' कथाले सिङ्गो मानवीय मूल्यमाथि प्रश्न उठाएको छ ।

**(ख) पात्र :**

प्रस्तुत कथामा मञ्चीय पात्रका रूपमा 'ऊ' पात्र अर्थात् 'अविरल स्थापित' आएको छ । 'ऊ' एक विभिन्न मानिसहरू भएको कोठामा पसेर मानिसहरूको परिचयलाई एक औपचारिकता सम्झेर उपहास गर्छ । ऊ पात्र एक दार्शनिकजस्तो देखिन्छ तर बोल्दैन । पागलजस्तो व्यवहार गर्छ, कसैसँग नबोली हाँसिरहन्छ । मानवीय मूल्य खोज्ने ऊ गतिशील स्वभावको पात्र हो । कथाको एक मात्र मञ्चीय पात्र 'ऊ' कथाभरि सिङ्गो रूपमा आइरहन्छ । कथामा अन्य पात्रहरूको भूमिका प्रभावकारी छैन । केवल अदृश्य रूपमा तिनीहरू 'ऊ' पात्रसँग परिचय माग्छन् ।

**(ग) परिवेश :**

प्रस्तुत कथाको स्थानबाट परिवेशका रूपमा पोखराको कुनै एक घरभित्रको एउटा कोठा आएको छ जसमा अविरल स्थापित पनि गएका छन् । यो कथामा समयगत परिवेशको कुरा गर्दा करिब २० मिनेटको सेरोफेरोमा कथा सिर्जिएको छ । 'ऊ' पात्र त्यस कोठामा गएर त्यहाँ उपस्थित विभिन्न थरीका मानिसहरूसँग परिचय गरेको छ र परिचयपश्चात् उसले मानिसलाई मानिसले नचिनेपछि उसले मान्छेलाई

समेत पशुका रूपमा देख्न थाल्छ । यस कथामा 'ऊ' पात्रको मानसपटलमा कङ्गो, अमेरिका, हिरोसिमा नागासाकी, पशुपतिनाथ, स्वयम्भू र न्यूरोड आदि स्थानको सम्झना आएको छ । यस कथामा बाह्य परिवेशभन्दा आन्तरिक परिवेश सशक्त रूपमा आएको छ । परिचय गर्ने क्रममा कसैसँग नबोली मानसिक गतिविधिसँग सम्बन्धित 'ऊ' पात्रको मस्तिष्कको उपज नै कथा हो ।

(घ) **भाषा :**

प्रस्तुत कथाको भाषा सरल, सहज र स्पष्ट किसिमको भए पनि प्रयोगवादी पक्ष मिश्रित भएकाले विचार वा अभिव्यक्ति बुझ्न कठीन हुन्छ । यसमा विचार पक्षलाई कथाकारले स्थापना गर्न खोजेका छन् । यस कथामा झर्रा शब्दका साथै आगन्तुक एवम् हिन्दी भाषाका शब्दहरूको प्रयोगले कथालाई मिठासपूर्ण बनाउन सफल भएको छ । यो कथा वर्णनात्मक शैलीमा सिर्जित छ ।

(ङ) **दृष्टिविन्दु :**

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा रचिएको छ । यो कथाको भाषा सरल भए पनि प्रयोगवादी पक्ष मिश्रित भएकाले विचार तथ्य अभिव्यक्ति बुझ्न कठीन हन्छ । वर्णनात्मक शैलीमा लेखिएको यस कथाको उद्देश्य अप्रत्यक्ष रूपमा प्रतिपादन गरिएको छ । कथाको आरम्भदेखि अन्त्यसम्म अविरल स्थापितको विचारलाई अगाडि सारिएको छ ।

(च) **उद्देश्य :**

वर्णनात्मक शैलीमा रचिएको यस कथाको उद्देश्य अप्रत्यक्ष रूपमा प्रतिपादन गरिएको छ । कथाको आरम्भदेखि अन्त्यसम्म अविरल स्थापितको विचारलाई अगाडि सारिएको छ । मानिसको आफ्नो परिचय आफैसँग छैन भन्दै भनी भन्दछन्- "नदीले आफ्नो दुई किनारालाई कहिले आपसमा परिचय गराउन सक्दैन, मान्छे आफ्नो घरको छेउलाई मिलाउन सक्दैन, समाज-समाजसित परिचित छैन, देश-देशसँग परिचित छैन, अनि छैन पूर्व र पश्चिमसित परिचय । विश्वको छातीमा एउटा धर्को बस्छ, एक सर्को रेखा तानिन्छ- न यो देशान्तर, न कुनै विभाजनको रेखा नै हो । बरु हो अपरिचयको एउटा सीमा ।" यसरी मानिस-मानिसबीचमा पनि परिचय गराइदिनुपर्छ । एउटाले अर्कालाई चिन्दैन भन्दै उनी फेरि भन्छन्- "कसैबाट उसको परिचय गराइदिनु पर्छ । चिनाइदिनुपर्छ नत्र आफू-आफूमा भिन्नताको ठूलो पर्खाल देख्छ । न्यूरोडको फुटपाथमा सुत्ने मान्छे, सडकको छेउमा जुत्ता पालिस गर्ने मान्छे, सिंगारिएको पसलभित्र बस्ने मान्छेहरूबीच एउटा परिचयको रेखा मेटिएको छ । त्यसलाई मरमत गर्नुपर्दैन । माथि

जमेको धूलो पुछिदिए पुग्छ । वस्तुतः मान्छेसित मान्छे परिचित छैन- ऊ सभ्य छ, सबैसँग परिचित हुन लजाउँछ- घुम्टो ओढेकी दुलही झैँ ।" यसरी कथामा सबै मानिसको परिचय एकै भए पनि रङ्ग हावापानी, उचाइ, भौगोलिक स्थिति, क्षेत्र आदिका आधारमा मानिसले आफूलाई फरक सावित गरी परिचय खोजिरहन्छ । उसले आफूलाई सभ्य ठानी आफूसँग चिनजानी गर्दैन, एउटा मानिसले अर्को मानिसलाई किन नचिनेको भन्दै यस्ता प्रवृत्तिको कुनै औचित्य छैन भनी सशक्त मानवीय विचार यस कथामा कथाकारले प्रस्तुत गरेका छन् ।

## ४.४.९ समझौता

### (क) कथावस्तु :

'समझौता' सामाजिक यथार्थवादी यौन समस्यामूलक कथा हो । कथामा सूक्ष्म मनोवैज्ञानिक समस्यालाई पारिवारिक समस्याका रूपमा हेरिएको छ । पति-पत्नीबीचको समझौताको अभावमा पारिवारिक जीवनमा पर्ने अप्ठ्यारोपन र द्वन्द्वको विकास हुन्छ भन्ने सङ्केत कथामा भएको पाइन्छ । विजय एक मेडिकल सेल्स रिप्रिजेन्टेटिभका रूपमा काम गरिरहेको छ । उसले जागिरे जीवनमा पर्याप्त समय श्रीमतीलाई दिन नसक्दा उसकी श्रीमती घर छाडेर मानिसहरूको जमघट, कवि सम्मेलन आदिमा जाने र घर र श्रीमान्को हेरचाह नपुऱ्याउँदा परिवारमा द्वन्द्वको विकास भएको छ । कार्यालयबाट घर फर्कदा श्रीमती घरमा नहुने, श्रीमान्को अनुपस्थितिमा श्रीमती घरमा बस्न मन नपराउने मनोवैज्ञानिक समस्यालाई कथाको विषयवस्तुको रूपमा लिइएको छ । कथामा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको कथानकको ढाँचा रैखिक किसिमको छ । विजय घर आएपछि कान्छालाई भात खाइसकेको कुरा सुनाएर रक्सी पिएर सुन्नेसम्मको भाग कथाको आदि भाग हो, उसकी श्रीमती कविसम्मेलनबाट फर्केपछि सुरु भएको तनावको वातावरणबाट विजयले कवितालाई अँगालोमा बाँध्ने समयभन्दा अगाडिको भाग मध्य भाग हो भने त्यसपछिको मिलनको विन्दु समापन भाग हो । आकारका दृष्टिले यो कथा मझौला आयाम भएको कथा हो ।

### (ख) पात्र :

'समझौता' कथामा सीमित पात्र छन् । यस कथामा विजय एक स्वस्थ अनुकूल मञ्चीय पुरुष पात्र हो । विजय जवान भइसकेको बी.एस्सी पास गरेर 'मेडिकल सेल्स रिप्रिजेन्टेटिभ' मा काम गर्ने जागिरदार मानिस हो । ऊ लगनशील, पत्नी परायणता भैकन पनि भावुक छ । उसले 'कविता' (उसकी श्रीमती) ले लेखेका कविताहरूमा बेला

बेलामा ध्यान लगाउँछ । श्रीमतीको हेरविचारबाट वञ्चित भएपछि उसलाई मन भुलाउन रक्सी खाने लत बसेको छ । उसले आफ्नो जीवनको सुखलाई कहिल्यै भुलेन । कहिले जागिर खाने कहिले छोड्ने गरेको छ । उसलाई उपन्यास पढ्नमा चाख भएकाले उसले अङ्ग्रेजी उपन्यास पढ्ने गरेको छ । ऊ आफ्नी श्रीमती राति-राति घरमा आउँदा असन्तुष्टिसमेत व्यक्त गरेको छ । उसले आफूलाई श्रीमतीले हेरविचार नगरी कवि गोष्ठी, सम्मेलनजस्ता स्थानमा जाँदा ऊ आक्रोसित भएको छ । ऊ एक कर्तव्यनिष्ठ एवम् चरित्रवान् युवकका रूपमा देखापरेको छ ।

'समझौता' कथाकी नारी पात्रको रूपमा कविता अर्थात् विजयकी श्रीमती रहेकी छ । ऊ मञ्चीय एवम् गतिशील स्वभावकी पात्र हो । कविता स्वस्थ वैसालु स्त्री पात्र हो । आर्थिक रूपले सम्पन्न भए पनि लोग्नेको घरमा बारम्बारको अनुपस्थिति अथवा जागिरदार श्रीमान्को प्रतिक्षामा घर कुरिरहँदा न्यास्रो मानेर कविता लेख्ने, कविता सम्मेलनहरूमा गएर आफूलाई भुलाउने प्रयत्न गरेकी हो । ऊ सधैँ कविता लेख्ने भावुक हृदय भएकी स्त्री पात्र हो । कविताको मोहमा उसले श्रीमान्पट्टिको आफ्नो मोह पनि बिर्सेकी छ । महिलाहरू हरसमय श्रीमान्को सामित्वका रहन नपाए अन्य व्यवहारबाट आफूलाई भुलाउने प्रयत्नमा हुन्छन्, पारिवारिक समस्यालाई गौण बनाइदिन्छन् भन्ने चरित्रका रूपमा यस कथामा कविता उपस्थित भएकी छ । कविता एक महŒवाकांक्षी किसिमकी नारी चरित्र हो । उसले आफ्नो नोकरसँग मालिकले खाना खाए-नखाएको बारेमा जानकारी लिन्छे तर श्रीमान्ले आफूले खाना नखाएको भनेपछि नोकरलाई समेत तैँले अर्को ठाउँमा काम खोज्नु भनेर रिसाउने गर्दछे । यसरी ऊ स्वभावका हिसाबले सानै कुरामा समेत रिसाइहाल्ने पात्र हो ।

'समझौता' कथाको गौण पात्रका रूपमा कान्छा आएको छ । उसले मालिकको सेवा गरेको छ । ऊ एक वर्गीय निरीह पात्र हो । कान्छा विजयको घरको गेटमा कोही नयाँ आगन्तुक आउँछन् कि भनेर ऊ त्यहाँ कुरेर बस्दछ । कान्छाको प्रायजसो काम भाडा माझ्ने, कपडा धुने, किनमेल गर्ने, घर कुर्ने आदि थियो । कान्छा यस कथामा सहयोगी पात्रका रूपमा आएको छ ।

**(ग) परिवेश :**

'समझौता' कथाको परिवेश सहरिया एकघरको वातावरणसँग सम्बन्धित छ । रातको समयमा एक्लो घर कान्छा निदाइरहेको समयमा चर्को आवाज लिएर ढोकामा लत्ताले हान्दै विजयको प्रवेश हुन्छ । ऊ मानसिक अवस्था ठीक नभएको देखिन्छ । होटेलमा खाना खाने कुराको वास्ता नगरी रक्सी पिएर बसेको, निद्रा नलागे पनि

निदाएको बहाना गरी बसेको आदिवाट आन्तरिक परिवेशको अनुमान गर्न सकिन्छ । बाहिर मोटरको ब्रेक लागेको, कवितासम्बन्धी कुराहरूबाट कविसम्मेलन भएको, कविताका कविताले राम्रो स्थान पाएको जस्ता समयको परिस्थिति देखिन्छ । कथाको घटना जम्मा एक रातको हो । जैविक आवश्यकताबाट दुबै पात्र कुण्ठित छन् । आर्थिक परिवेशले पारिवारिक परिवेशलाई बाधा पुऱ्याएको देखिन्छ । कथामा आन्तरिक तथा बाह्य द्वन्द्व पर्याप्त मात्रामा छ । विजयको मनमा आन्तरिक द्वन्द्व सिर्जना भएको छ । बाह्य द्वन्द्वको सिर्जना गर्नमा विजयको भूमिका मह□वपूर्ण छ ।

यस कथामा बाध्य परिवेशका रूपमा विजयको घर, कविसम्मेलन भएको स्थान र सडक आदि आएका छन् । अधिकांश घटना विजयका घरभित्रका परिवेशमा घटेका छन् ।

**(घ) भाषा :**

'समभ्mौता' कथाका कथाकारको भाषाशैली सरल, सहज र स्वभाविक छ । कथामा सरल र संयुक्त वाक्यको बढी प्रयोग छ । कथामा वाक्य गठन, सुहाउँदो पाराले गरिएको छ । कहींकहीं वाक्य पूरा नगरी खाली ठाउँ छोडिएको छ । जस्तै : 'तिमी अबेर गरी फर्कन्छ्यौ, यसमा मेरो कुनै रोक छैन . . . तर पत्नीले घरमा पतिको प्रतीक्षा गर्नुसट्टा मैले नै सधैँ तिम्रो बाटो हेर्नुपर्छ . . . ।. . . तिमी कवयित्री हौ मलाई गर्व छ तिम्रो भावनाहरूमा . . . विचारहरूमा . . . तिमीले दुनियाँको दुःख र पीडाबारे लेख्ने गरेकी छौ ।'[41]

झर्रा नेपाली शब्दहरूको साथै आगन्तुक शब्दको बढी प्रयोग छ । समभ्mौता कथामा अविरल अङ्ग्रेजी शब्दका प्रयोग विभिन्न स्थानमा गरेका छन् । जस्तै : वेडरूप, थी एक्स, स्वीच अन, मेडिकल सेल्स रिप्रिजेन्टेटिभ, ट्रान्सपोर्ट, रिसिभ, वन्ली नाइफ, लाइट, अफ, वोमेन साइकोलोजी, प्राइवेट विजनेस आदि । समभ्mौता कथामा बिम्बात्मक प्रस्तुतिहरू पर्याप्त छन् । जस्तै : 'तिम्रो कविताले कहिले यो पनि लेख्ने कोशिस गरेको छ कि एक थकित शरीर बोकेर आएको पति आफ्नो पत्नीबाट के चाहन्छ ?'[42] समभ्mौता कथा वर्णनात्मक र सम्बादात्मक शैलीमा लेखिएको छ । यस कथामा कतिपय सम्वादको प्रस्तुतिमा एउटाको सम्वाद स्पष्ट रूपमा देखिन्छ भने अर्को वक्ताको सम्वादलाई खाली छाडिएको छ । जस्तै :

'नमस्ते कविताजी, जाऊँ है ?'

---

[41] ऐजन, पृ. ३९ ।

[42] ऐजन ।

'. . . . . . . . . . . . . . . . . .।'

'धन्यवाद कविताजी, यहाँसम्म पुऱ्याइदिने कष्ट गर्नुभयो !'

'. . . . . . . . . . . . . . . . . .।'

'कवि सम्मेलनमा तपाइँको कविता सबभन्दा राम्रो थियो ।'

'. . . . . . . . . . . . . . . . . .'

'दुनियाँले तारिफ गरिरहेका थिए ।'

'. . . . . . . . . . . . . . . . . .।'[४३]

अप्रत्यक्ष विधिको प्रयोग गरी कथामा विभिन्न भनाइलाई उपमा, रूपक जस्तो अलङ्कारबाट प्रष्ट पारिएको छ । मौलिक वाक्य गठन र बोलिचालीका शब्दहरू प्रयोग गरिएका छन् । रङ्गमञ्चीयताको सम्भावना पनि समझौता कथामा भएको छ । कथामा पात्रअनुसारको बोलीको प्रयोग छ । यस कथाको शीर्षक विषयवस्तु अनुकूल रहेकाले शीर्षक सार्थक रहेको छ ।

(ङ) **दृष्टिविन्दु :**

पारिवारिक मिलन समझौताद्वारा भएको यस कथामा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथामा विजय, कविता र कान्छाजस्ता पात्रले तृतीय पुरुष दृष्टिविन्दुको प्रतिनिधित्व गरेका छन् ।

(च) **उद्देश्य :**

प्रस्तुत कथाको प्रमुख उद्देश्य खासगरी पारिवारिक सम्झौता नै मिलनको कडी हो भन्ने रहेको छ । समझौता बिना दाम्पत्य जीवन सुखमय हुँदैन अर्थात् समझौता बिनाको दाम्पत्य जीवन भत्किन पनि बेर लाग्दैन भनी यस कथामा देखाइएको छ । जतिसुकै भौतिक रूपले सम्पन्न भए पनि शारीरिक र मानसिक रूपले सन्तुष्ट नभएसम्म मानिस सुखी हुन सक्दैन भन्ने मान्यता नै यस कथाले सन्देश दिएको छ । यदि परिवारमा आफ्नो कर्तव्य प्रत्येकले नछोड्ने हो भने पारिवारिक समस्या हल हुन्छ भन्ने कथाकारको मान्यता छ ।

### ४.४.१० सायद हो सायद होइन

(क) **कथावस्तु :**

प्रस्तुत कथामा एक जवान केटीमा आउने स्वभाविक परिवर्तनलाई रोचक ढङ्गले उतारिएको छ । किशोर अवस्था पार गरेपछि केटीमा आउने परिपक्वता घर गृहस्थीको चिन्तन आदिलाई मनोवैज्ञानिक रूपले चिरफार गरिएको छ । कथामा एक केटाले प्रेमप्रस्ताव राख्दा केटीको मनमा पर्ने मानसिक द्वन्द्वको प्रभावको विषयवस्तु बनाइएको

---

[४३] ऐजन, पृ. ३६ ।

छ । 'म' पात्रले कलेजमा एक प्रमोद भन्ने केटालाई मन पराएकी छ । उसको साथी फुच्चीको दाजु हरिसँग उसको धेरै हेलमेल भएको छ । हरिले उपन्यास दिएर उसलाई दिनहुँ जसो भेट्ने बन्दोबस्त मिलाउँछ तर ऊ प्रमोदको खाइलाग्दो शरीर र व्यक्तित्वदेखी आकर्षित हुन्छे । हुनतः उसले हरिलाई पनि घृणा गर्दिन उसको मीठो बोली, सभ्यता, उसलाई मन पर्दछ । हरिले राखेको प्रेम प्रस्तावबाट 'म' पात्र व्याकुल हुन्छे । एक केटालाई कल्पिन्छे अर्कोले प्रेम प्रस्ताव राख्छ, त्यसले ऊ दिनभरि नै भुट्भुटिन्छे । हरिले दिएको उपन्यास स्वीकार नगरेकी 'म' पात्र भोलिपल्ट राम्रो कपडा लगाएर त्यो उपन्यास लिन पुग्छे । कसैलाई वास्ता नगरी उसका खुट्टा हरिको घरतर्फ लाग्दछन् । कथामा आदि, मध्य र अन्त्य भागको शृङ्खला मिलेकाले कथा शृङ्खलित ढर्राको छ । सायद हो सायद होइन निम्न रैखिक कथावस्तुको ढाँचामा लेखिएको छ ।

**(ख) पात्र :**

'सायद हो सायद होइन' कथामा मुख्य चरित्रको रूपमा 'म' पात्र आएकी छ । ऊ क्याम्पसमा अध्ययनरत हँसिली, उत्ताउली, सुन्दरी केटी हो । ऊ सधैँ गतिशील देखिन्छे र हरेक दिन नयाँ-नयाँ साथीहरू बनाउँछे । केटीहरूले चरित्रगत दोष लगाउँदा पनि उसले हाँसोमा टारिदिन्छे । जवानीको प्रथम चरणमा प्रवेश गरेकी 'म' पात्र केटाहरूलाई रोज्ने क्रममा व्यस्त हुन थालेकी छ । प्रमोदलाई भित्रभित्रै मन पराएर पनि अनायासै विभिन्न निहुँमा हरिकहाँ गइरहन्छे । उसमा यौन रतिरागात्मक भावना अङ्कुरित भएको पाइन्छ । उपन्यासमा चाख बढ्नु, रातभरि केटाहरूको सम्झना हुनु आदि उसको बानी छ । 'म' पात्रलाई अनुकूल एवम् मुक्त चरित्रका रूपमा मान्नु पर्छ । ऊ मानसिक रूपमा विकलान्त देखिन्छे । एक्लै छुट्टीको बेलामा घरमा बस्न उसलाई अति गाह्रो हुन्छ ।

'हरि' 'सायद हो सायद होइन' कथाको सहायक पात्र हो । ऊ मञ्चीय हुनुका साथै मुक्त पात्र हो । हरि गतिशील एवम् अनुकूल पात्र हो । उसले 'म' पात्रलाई मन पराउँछ । आफ्नी बहिनी फुच्चीलाई शृङ्गारका सामान ल्याइदिँदा 'म' पात्रलाई प्रेमपूर्ण उपन्यास ल्याइदिन्छ । आवश्यक पर्दा 'म' पात्रको जुठोसमेत खाइदिएको छ । यसैगरी 'म' पात्रलाई वसमा पारेको छ । ऊ सौम्य, मृदुभाषी र शान्त छ । उसको व्यक्तित्व र असल बानीको 'म' पात्रले प्रशंसा गरेकी छ । ऊ यस कथाको झण्डै २१-२२ वर्षीय यौन आकर्षणको भरिपूर्ण पात्र हो ।

प्रमोद यस कथाको गौण पात्र हो । प्रमोद अत्यन्त आकर्षक व्यक्तित्व भएकोले 'म' पात्रको प्रेमको केन्द्रविन्दुको रूपमा आएको छ । प्रमोद अपरिचित अवस्थामा नै 'म'

पात्रको मुटु छिनी भाग्न सफल भएको छ । ऊ अनुकूल र नेपथ्य पात्र हो । यसैगरी गौण पात्रका रूपमा फुच्ची, म पात्रकी आमा र क्याम्पसका साथीहरू आएका छन् ।

(ग) **परिवेश :**

प्रस्तुत कथामा सहरीया मध्यम वर्गीय परिवारको चित्र खिचिएको छ । बाह्य परिवेश अन्तर्गत 'म' पात्रको घर, ऊ बस्ने कोठा, बसेर टोलाउने बार्दली, केटाकेटीहरू खेल्ने अगाडिको चौर, आँगन, हरिको घर र हरिको कोठा आएका छन् । आन्तरिक परिवेश यस कथामा सशक्त रूपमा आएको छ । 'म' पात्रको कल्पनामा उब्जने तरङ्गहरू बढी सशक्त छन् । विस्तारै केटाकेटीसँग खेल्ने अधिकार हटिसकेको छ । रातभरि प्रमोदको यादमा छटपटाउनु, बारम्बार हरिको कोठामा जानु, हरिको कुरा सुनेर मजा मान्नु, गुलाबी फूल अङ्कित उपन्यास लिन अस्वीकार गरे पनि पछि पाइला त्यतैतिर लम्कनु जस्ता कुराहरू 'म' पात्रका आन्तरिक परिवेशका उपज हुन् । कथामा आन्तरिक द्वन्द्व सशक्त रूपमा आएको छ । यस कथामा बाह्य परिवेशभन्दा आन्तरिक परिवेश सशक्त रूपमा आएको छ ।

(घ) **भाषा :**

प्रस्तुत कथाको भाषा सरल, सहज, स्पष्ट र साधारण पाठकले सजिलै बोध गर्न सक्ने किसिमको छ । यस कथामा संस्कृत तथा झर्रा शब्दहरूको प्रयोग अलि बढी पाइन्छ भने अङ्ग्रेजी तथा हिन्दी भाषाका शब्दहरूको प्रयोग पनि अंशतः पाउन सकिन्छ । जस्तै : संस्कृत तत्सम शब्द मृदुभाषी, प्रणय, अनुराग आदि झर्रा शब्दहरू फुच्ची, कटकटिनु, सुलभ, बार्दली आदि हिन्दी शब्द सिर्फ आदि र अङ्ग्रेजी शब्दहरू क्लास, इम्प्रेसन, प्लान, बोर आदि । पढालिखा चरित्रवान् केटीको चरित्रलाई विषयवस्तु बनाई लेखिएको हुँदा शिष्ट र औपचारिक भाषा प्रयोग भएको छ । रागात्मक भावनाले युक्त भाषा शैलीका शब्दहरूको प्रयोग भएको छ । यस कथामा उखानहरूको पनि प्रयोग निकै मात्रामा गरिएको पाइन्छ । यस कथामा कतिपय स्थानमा अपूर्ण वाक्य पनि प्रयोग गरिएका छन् । जस्तै : मैले जासुसी उपन्यास मागेँ भने . . . धत् । बच्चाहरूले हेर्नु हुन्न . . . भनेर टारिदिन्थे ।[४४] कथा नाटकीय प्रत्यक्ष विधि अन्तर्गत एकालापीय शैलीमा लेखिएको छ । कथाको शीर्षक सङ्केतात्मक किसिमको छ ।

---

[४४] ऐजन, पृ. ४३ ।

(ङ) **दृष्टिविन्दु :**

प्रस्तुत कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । प्रथम पुरुषवाची 'म' पात्रको प्रयोग गरी यौन मनोविश्लेषणमा नै कथा अडेको छ । 'म' पात्रले कथाकारका भावनालाई पूर्णतया उजागर गरेकी छ । कथाको सम्पूर्ण भाग यसैमा केन्द्रित छ ।

(च) **उद्देश्य :**

एक जवान केटीको मनमा आउने उतार-चढावको सशक्त चित्रण गर्नु यस कथाको प्रमुख उद्देश्य हो । कुनै केटाले प्रेम प्रस्ताव राख्दा मानसिक हलचल पैदा हुने द्वन्द्वको स्थितिलाई प्रमुख उद्देश्यका रूपमा लिएर यो कथा सिर्जिएको छ । स्वभाविक मानवीय कमजोरीलाई कथामा प्रष्ट पार्न खोजिएको छ । यस कथामा 'म' पात्रलाई आफूले कल्पिएको पात्रले प्रेम प्रस्ताव राख्दा उसको मानसिक धरातलमा आएको उतारचढावलाई देखाउँदै समग्र जवान केटीमा आउने समस्यालाई उजागर गर्नु यस कथाको प्रमुख उद्देश्यका रूपमा आएको छ ।

### ४.४.११ सन्त्रास

(क) **कथावस्तु :**

'सन्त्रास' कथा असामान्य यौन मनोवैज्ञानिक कथा हो । मानसिक विकराल छटपटीहरूलाई यस कथामा देखाइएको छ । आफ्नो लोग्ने घरबाहिर रहेको अवस्थामा 'ऊ' पात्र एक्लै राति सुत्दा सोच्ने प्रवृत्ति र अवचेतन मनको प्रवाहलाई यहाँ देखाइएको छ । 'ऊ' पात्र एक्लै राति आफ्नो घरमा सुतिरहेको छ । लोग्ने घरमा नभएको मौकामा उसले एक रक्स्याहा मुखिया (लोग्नेको साथी) घरमा आएर उसलाई बलात्कार गर्ने कुरा सम्झन्छे । त्यस विभत्स रूपलाई सहन नसकेर स्याँगीले मुखियाको छातीमा रोपिदिने कुरा सोच्छे । ऊसँग एक छुरी हातमा भएको कल्पना गर्छे । अचानक ढोका कसैले ढक्ढक् गरेको आवाज आउँछ । तन्द्रा अवस्थामै ऊ उठ्छे र ढोका खोल्छे जब उसले छुरी हान्न खोज्छे तब छुरी पनि हातमा नभएको र ढोका हान्न कोही पनि मानिस नआएको देखिन्छ । यस कथालाई मानसिक द्वन्द्वको उपजको रूपमा लिन सकिन्छ । रैखिक ढाँचामा आदि, मध्य र अन्त्यको भागमा कथा शृङ्खलित छ । ऊ पात्रलाई रात काट्न मुस्किल परिरहेको र लोग्ने सहरतिर गएको भाग आदि भाग, 'ऊ' पात्रको मानसिक संसारमा मुखियाको आगमन भएदेखि ढोका ढक्ढक्याउनेसम्मको भाग मध्य भाग र ढोका खोलिसकेपछिको भाग अन्त्य भाग हो ।

(ख) **पात्र :**

'सन्त्रास' कथामा पात्र विधान न्यून रूपमा छ । यस कथामा मञ्चीय पात्र 'ऊ' पात्र हो भने अन्य पात्रहरू नेपथ्य रूपमा रहेका छन् । यस कथाको मुख्य पात्रको रूपमा 'ऊ' पात्र आएकी छ । 'ऊ' पात्र एक गतिशील तथा अनुकूल पात्र हो । घरमा लोग्नेको सम्झनामा रहेर दिनरात काटिरहेकी छ । 'ऊ' पात्र एक वैशालु जवान युवती हो । मानसिक रूपमा उसमा चैन नहुनुका साथै भौतिक वस्तुमा उसको लालचा छ । 'गहना' कमाउन आफ्नो लोग्नेलाई सहर आफैले पठाएकी छ तर ऊ सन्तुष्ट भने छैन । 'ऊ' पात्र यौनमा अतृप्त देखिन्छे किनभने मुखिया आउने सम्झना गरेपछि पहिले मजाले ढोका खोल्नेछु भन्छे अनि चेतन मनले त्यसको प्रतिकार गर्ने र छुरा प्रहार गर्ने कुरामा अडिग देखिन्छे । हत्या गर्न उदृत भएकी कथाकी नायिका पसिनाले निथ्रुक्क हुन्छे । वनको बाघले नखाए पनि उसलाई मनको बाघले खाएको छ ।

मुखिया यस कथाको सहायक पात्र हो । कथाअनुसार मुखिया एक अविवाहित रक्स्याहा प्रतिकूल पुरुष पात्र हो । ऊ पात्रको लोग्ने घरमा नभएको समयमा साथीकी श्रीमतीसँग यौनव्यभिचार गर्न पछि नपर्ने कामुक पात्र हो । ऊ शारीरिक रूपमा फोहोरी हुनुको साथै प्रत्यक्ष भूमिका नभएर पनि अप्रत्यक्ष उसको प्रभाव कथाभरि नै देखिन्छ ।

ऊ पात्रको लोग्नेको भूमिका यस कथामा गौण रहेको छ । श्रीमतीलाई अति माया गर्ने स्वभावको अनुकूल चरित्रका रूपमा देखिन्छ । ऊ श्रीमतीको चाहना अनुरूप गहना र पैसा कमाउन विदेश हिँडेको छ ।

(ग) **परिवेश :**

'सन्त्रास' कथाको परिवेशको रूपमा गाउँको एउटा घरको परिवेश आएको छ । बाह्य रूपमा घरको कोठा जहाँ 'ऊ' पात्र सुतेकी छ । गाउँका कुकुरहरू भुकिरहेको आवाज सुनिन्छ । चिसो-चिसो सिरेटो चलिरहेको छ । मनोवैज्ञानिक कथाहरूमा आन्तरिक परिवेश शक्तिशाली हुने हुँदा 'ऊ' पात्रको मानसिक अवस्था नै यहाँ परिवेशको रूपमा लिन सकिन्छ । भर्खर बैंशको उमेरमा पाइला राखेकी युवतीमा लोग्ने बाहिर हुँदा पर्ने मानसिक प्रभाव र तत्कालीन समाजमा गाउँको मुखियाहरूले परस्त्रीगमन गर्ने अवस्था आदि कुराहरूलाई कथामा परिवेशका रूपमा हेर्न सकिन्छ । अर्धनिन्द्रित अवस्थामा चेतन र अवचेतन मनको द्वन्द्व प्रबल छ । यस कथाकी 'ऊ' पात्रले मुखियालाई ढोका नखोल्न पनि सक्दिन र यौनभोगलाई सहजै स्वीकार्न पनि सक्दिन । तत्कालीन समयअनुसार शोषक सामन्तहरूले निम्न वर्गीय नारीहरूलाई

कसरी थिचोमिचोमा पार्थे, समाजका नारीहरू समाजका मुखियाजस्ता यौन विपाशुबाट कसरी आक्रान्त थिए भन्ने कुरालाई पनि यस कथाले सङ्केत गरेको छ । २०२८ सालतिर लेखिएको यो कथामा तत्कालीन सामाजिक परिवेशलाई सूक्ष्म सङ्केत गरेको देखिन्छ ।

(घ) **भाषा :**

'सन्त्रास' कथाको भाषा सरल, सहज, बोधगम्य र मिठासपूर्ण हुनुका साथै नेपाली झर्रा शब्दहरूको प्रचुर मात्रामा प्रयोग गरेको देखिन्छ । संस्कृत तत्सम शब्दका साथै आगन्तुक शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । पात्रको प्रत्यक्ष कथन एकालापीय मनोवादात्मक शैलीमा कथा रचिएको छ । कथावस्तु झिनो तर द्वन्द्वको प्रबलता बढी छ । यस कथामा रूपकजस्ता अलङ्कारको प्रयोग गरिएको छ । यस कथामा टुक्काहरूको पनि प्रयोग भएको छ, जस्तै : मन खानु, रूप हेर्नु, आगो हुनु आदि । यस कथाको शीर्षक सङ्केतात्मक छ । ऊ पात्रको मानसिक सन्त्रासको रूपमा कथा सिर्जिएको छ । बाह्य कार्य नभए पनि मानसिक कार्यले कथाको पूरा भाग भरेको हुँदा शीर्षक सार्थक छ ।

(ङ) **दृष्टिविन्दु :**

'सन्त्रास' कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'ऊ' पात्रको सम्पूर्ण क्रियाकलापमा कथा खर्चिएको छ । कथाकारको प्रतिबिम्ब 'ऊ' पात्रसँग अनुभूत गराइएको छ ।

(च) **उद्देश्य :**

प्रस्तुत कथामा वनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ भन्नु नै उद्देश्यका रूपमा आएको छ । वास्तविक यथार्थ एकातिर भए पनि मानसिक द्वन्द्वमा फसेका मानिसहरूको सम्पूर्ण सोचाई त्यसमा नै कुण्ठित हुन्छ । भित्री रूपमा मानसिक रोगले जरा गाडेको मानिस सदैव प्रताडित हुन्छ भन्नु नै कथाको मूल सन्देश हो । यसरी विकराल भएका मानिसहरू बाह्य रूपबाट सुरक्षित भए पनि आन्तरिक रूपमा आफूलाई सुरक्षित ठान्दैनन् भन्नु नै कथाको सार हो ।

### ४.४.१२ बन्द आँखाभित्रको ट्रेजेडी

(क) **कथावस्तु :**

'बन्द आँखाभित्रको ट्रेजेडी' सामाजिक यथार्थवादी कथा हो । अमूर्त कलाले कथाको भावना उजागर गरेको छ । कथामा अमूर्त प्रेम प्रतीकको रूपमा बन्द आँखाको

तस्वीर आएका छन् । कथामा 'म' पात्र भारतमा बसेर बी.एस्सीको पढाइ सकेर घरमा फर्कन लागेको छ । 'म' पात्र एक चित्रकार भएकाले उसको चित्रकलाबाट प्रभावित भएकी गुजराती केटी रूपनसँगको बसउठले गर्दा उसको बिस्तारै रूपनसँग हेलमेल भएपछि सम्बन्ध गाढा बन्दछ । रूपनलाई चित्रकला 'म' पात्र ले सिकाएको हुन्छ । पछि 'म' पात्र घर आउन थाल्दा रूपनले आफ्नो तर्फबाट एउटा कागजले बेरेको क्यानभास दिन्छे । सो क्यानभास 'म' पात्रलाई ल्याउन साह्रै समस्या भए पनि उसले हातमा समातेर घर ल्याउँछ । घर आइपुग्दा बहिनीले यो के हो ? भनी सोध्दा उसले बेरेको कागज फालेर हेर्छ र एक अमूर्त कला देख्दछ । पूरै फ्रेमभरिको क्यानभासमा रूपनको आँखा, आँखाको नानीभत्र एक सुकेको रुख अनि रुखमुनि एक युगल जोडी हात समातेर हिँडेको देख्छ । 'म' पात्रले आफू र रूपनलाई त्यो चित्रमा भएको अनुभव गर्छ । आफू बसेको समयभरि रूपनसँग भएको घटना बारे सम्झना गरी रूपनले दिएको सम्झना स्वरूपको प्रेमको प्रतीक अमूर्त चित्रले उसलाई व्याकुल बनाई सिङ्गो यथार्थ यहाँ उद्घाटित भएको छ । कथा रैखिक भैकन पनि कथावस्तु झिनो छ । आदि भाग 'म' पात्र घर फर्कने बेलामा रूपनको आगमन भएर रूपनले चित्र भएको क्यानभास 'म' पात्रलाई दिएसम्मको घटनालाई लिन सकिन्छ । मध्य भाग रूपन घर गैसकेपछि 'म' पात्र घर फर्केपछि चित्र खोलेर नहेर्दासम्मलाई लिन सकिन्छ भने अन्त भाग चित्र हेरिसकेपछिको भागलाई लिन सकिन्छ । कथानक आकार र आयामका दृष्टिले छोटो छ ।

**(ख) पात्र :**

'बन्द आँखाभित्रको ट्रेजेडी' कथाको मुख्य पात्र 'म' पात्र हो । ऊ अनुकूल एवम् गतिशील पात्र हो । ऊ पढाइमा मेधावी हुनुका साथै चित्रकलामा पनि निपुण छ । उसले टेलचित्रका साथै अमूर्त चित्रकलाको समेत सिर्जना गर्दछ । आफ्नी गुजराती साथी रूपनलाई पनि चित्रकला उसले नै सिकाएको हो । 'म' पात्रले आफ्नो देश नेपाललाई अत्यन्त माया गर्छ । आफ्ना विभिन्न चित्रहरूमा देशको सभ्यता, संस्कृति र प्रकृतिलाई झल्काउँछ । म पात्र एक वर्गगत पात्र हो । म पात्र २४ वर्षीय एक जवान नेपाली युवकको परिचायक पनि हो । रूपनलाई भित्रैबाट मन पराएर पनि भन्न नसक्ने, बितिसकेपछि मात्र पछुताउने पात्रका रूपमा 'म' पात्र देखापर्दछ । कुनै साथीलाई पनि भेदभाव नगरिकन हेर्ने, नोकरहरूलाई माया गर्ने असल मानवका रूपमा देखापर्दछ ।

'बन्द आँखाभित्रको ट्रेजेडी' कथाको अर्को पात्रको रूपमा रूपन आएकी छ । रूपन २१ वर्षीय हँसिली, प्रतिभावान् गुजराती केटी हो । उसले आफ्ना घरमा आएका पाहुनाहरूलाई स्वागत गर्दछे । रूपन 'म' पात्रले बनाएका चित्र देखेर अत्यन्त आकर्षित हुन्छे र 'म' पात्रलाई आफूलाई पनि चित्र बनाउन सिकाइदिन भन्छे र 'म' पात्रबाट चित्र बनाउन सिक्छे । उसले पछि गएर अत्यन्त राम्रा अमूर्त कलाको सिर्जना गर्दछे । रूपन एक वर्गीय तथा अनुकूल पात्र हो । गतिशील भइकन पनि मनका कुरा खुलेर भन्न सक्दिन । आफ्ना मनका भावनालाई चित्रमार्फत् देखाउँछे । रूपनले 'म' पात्रलाई मन पराएकी हुन्छे तर उसले व्यक्त गर्न भने सकेकी हुँदैन जसको प्रतिफलका रूपमा 'म' पात्र घर फर्कन थाल्दा रूपनले दिएको क्यानभासको चित्रलाई लिन सकिन्छ ।

यस कथामा म पात्रका बहिनी, आमा, बुबा आदि गौण पात्र हुन् ।

(ग) **परिवेश :**

प्रस्तुत कथाको स्थानगत परिवेश सहर हो । 'म' पात्रले अध्ययन गर्ने होस्टेल, काठमाडौं र दिल्ली आदिको यहाँ उल्लेख छ । खासगरी चित्रकलामा नै सम्पूर्ण कथावस्तु अडेको छ । मानसिक परिवेश उच्च छ । चित्रमार्फत् यस कथामा पात्रको मानसिक स्थितिको उद्घाटन भएको छ । युवक-युवतीका प्रेमप्रसङ्ग आकर्षण स्वाभाविक रूपमा कथामा आएका छन् । ठूलो क्यानभासमा पूरै फ्रेमभरि भएको आँखा, आँखाको नानीमा रहेको बुढो रुख र रुख मुनिबाट हिँडेको युगल जोडीको प्रसङ्गले मानसिक परिवेशलाई सङ्केत गर्दछन् । त्यो रूपनले सोचेको एक छुट्टै संसार हुनुपर्दछ भन्ने 'म' पात्रको सोचाइ छ । उनीहरूले गरेको कार्य, पिकासो, रेम्ब्रान्ट, मेलासिक, सिंजा, जेकोब, हुसेन आदि कलाकारको भाव पनि चित्रमा देख्न पाइन्छ । यस कथामा चित्रलाई कलापूर्ण जीवन चाहनाको परिवेश मान्न सकिन्छ । यो कथा दुई दिनभित्रको समयमा हिँडेको छ ।

(घ) **दृष्टिविन्दु :**

प्रस्तुत कथामा प्रथम पुरुषवाची दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथाकारले 'म' पात्रमार्फत् आफ्नै घटनालाई भनेको सङ्केत मिल्दछ । कथाकार स्वयम्ले कृषिमा बी.एस्सी गर्दाको क्षणमा यो घटना घटेको हुनसक्छ । रूपन एक सजीव केटी हो, त्यो केटीसँगको कथाकारको सम्बन्ध भएको हुनपर्दछ । कलापूर्ण जीवन कथाकारसँग जोडिएको हुँदा पूरै कलाकारिताको वकालत कथामा भएको छ । 'म' पात्र नै कथाको मुख्य पात्र भए पनि रूपनको चालढाल र प्रसङ्गले कथाको समय खचिएको छ ।

(ङ) **भाषा :**

'बन्द आँखाभित्रको ट्रेजेडी' कथाको भाषा सरल, सहज, सुललित एवम् बोधगम्य छ । ठाउँठाउँमा झर्रा नेपाली शब्दको प्रयोगले कथालाई अझ मिठासपूर्ण बनाएको छ । यो कथा कलाकारितामा अडिएको हुनाले कला क्षेत्रसँग सम्बन्धित शब्दहरू बढी प्रयोग गरिएका छन् । जस्तै : क्यानभास, ग्राफिक, आर्ट, सोइनाइटी पेन्टिङ्ग, आयल पेन्टिङ्ग, वाटर कलर पेन्टिङ्ग आदि । यस कथामा अङ्ग्रेजी शब्द तथा शब्दावलीहरूको प्रयोग पनि अत्याधिक भएको पाइन्छ । जस्तै : एग्रिकल्चर, एअर-व्याग, क्रियशन, प्रिजेन्ट, प्लिज डु कम, ह्वाइ नट, प्रिजेन्ट इन प्रिजेन्ट, सर्टिफिकेट, फेरवेद डिनर, प्लेटोनिक लभ आदि । यस कथामा प्रतीकहरूको पनि प्रयोग भएको पाइन्छ । रूपनले दिएको 'आँखाको चित्र' प्रेमको प्रतीक हो, सुकेको रुखले विछोडको प्रतीकको काम गरेको छ भने हात समातेर हिँडेको युगल जोडीले मानसिक संसारको प्रतीकको काम गर्दछ । जसबाट कथाको शीर्षक सार्थक बनेको छ ।

(च) **उद्देश्य :**

प्रस्तुत कथाको उद्देश्य कथाकारको मानसिकतासँग सम्बन्धित छ । विद्यार्थी जीवनको प्रेम काँचो तर अति भावुक र आकर्षक हुन्छ । समयमा नै बुद्धि पुऱ्याएन भने पछि पश्चाताप पर्दछ भन्ने कुरा यहाँ देखाएको छ । यसको उद्देश्य प्रेम सबैभन्दा ठूलो हुन्छ त्यसले विविध बाधा व्यवधानलाई हेर्दैन भन्ने हो तर समयमा गरिने कार्य मौका चुक्यो भने अमृतमय जीवन पनि विष बन्छ भन्ने सङ्केत यस कथामा पाउन सकिन्छ ।

### ४.४.१३ अब त कुनै बाटो रहेन

(क) **कथावस्तु :**

प्रस्तुत कथा सामाजिक यथार्थवादी समस्यामूलक कथा हो । एउटी केटी मन पराएर घरायसी असमझदारीका कारण कुनै केटाले अर्को केटी विवाह गर्नुपर्ने बाध्यता हुने तर प्रेम सम्बन्धले विवाहपछि विस्तारित रूप लिने र गृहस्थी जीवनमा आउने धमिलोपनलाई कथाले साकार रूप प्रदान गरेको छ । अनिलले पहिले आफूले एक जना राई थरकी केटीलाई मन पराएर माग्न पठाउँछ । आफू नेवार जातको भएको हुँदा घर परिवारबाट सो कुरा स्वीकार्य हुँदैन । पछि अनिलले अर्कै केटी विवाह गर्दछ । एक छोरीको बाबुसमेत भइसकेको अनिल पूर्व प्रेमिका अनुसा राईसँगको गहिरो प्रेमबन्धनमा फस्न पुग्दछ । विवाह गरी ल्याएकी श्रीमती र छोरीलाई पनि त्याग्न नसक्ने कुरा रक्सी पिउँदै 'म' पात्रसँग बताएको छ । होटलमा बसेर कतै जान नसक्ने अनिल कुनै बाटो रहेको देख्दैन । यो कथाको कथावस्तु स्थूल छ । आदि, मध्य र अन्त्य शृङ्खलित छ ।

अनिलले 'म' पात्रसँग 'इन्दिरा' होटलमा बसेर आफ्नो आत्मकहानी सुरु नगर्ने बेलासम्मको भाग कथाको आदि भाग हो । अनिलको सम्पूर्ण प्रेमप्रसङ्ग र वैवाहिक जीवनसम्बन्धी भाग मध्य भाग र अनुसासँगको प्रणय सम्बन्धपछि अनिल घर जान नसक्ने अवस्थासम्मको भाग अन्त्य भाग हो । कथानकको ढाँचा रैखिक हुनुका साथै संरचनात्मक आकार छोटो छ ।

**(ख) पात्र :**

यस कथाको मुख्य पात्र अनिल हो । अनुसा राई सहायक पात्र हो भने 'म' पात्र अबि, अनिलकी श्रीमती र छोरी गौण पात्र हुन् । अनिल पढाईमा मेधावी, आर्किटेक्चर इन्जिनियर भएको वर्गीय चरित्र हो । ऊ अनुकूल चरित्रको भए पनि व्यवहारमा प्रतिकूल देखिन्छ । आफ्नी श्रीमती हुँदाहुँदै पनि अर्की केटीसँग यौन सम्पर्क राख्न पुगेको छ । जातीय रूपबाट अनिल नेवार हो तर राई थरकी केटीसँग प्रेम सम्बन्ध राख्छ । अनिलको इच्छा सामाजिक, जातीय भेदभावलाई हटाई अन्तरजातीय विवाहलाई मान्यता दिने भए पनि उसले सङ्घर्ष गर्न सक्दैन । यही कमजोरीले उसले श्रीमती र प्रेमिकालाई बरवादीमा पाऱ्यो । कथामा पात्रहरूको भूमिका मञ्चीय चरित्रको रूपमा प्रस्तुत छ । अनिलको स्वभाव गतिशील किसिमको छ । छोरी र श्रीमतीलाई अति नै माया दिएर पनि अनुसाको प्रेममा फँसेर जीवनलाई अन्धकारमा रुमल्दछ । यसै प्रसङ्गमा अनिल रक्सीको लतमा डुब्न पुग्दछ ।

यस कथाको सहायक पात्र 'म' पात्र (अबि) पनि मुक्त र मञ्चीय पात्र नै हो । ऊ कथामा अनिलसँगको सम्वादका रूपमा देखापरेको अनिलको साथी हो । रक्सी खाने उसको बानी भएर पनि साथीका कुरा सुन्ने र उचित सल्लाह दिने सामाजिक र सहयोगी मानिसका रूपमा देखापर्दछ ।

अर्को सहायक पात्र अनिलकी प्रेमिका अनुसा राई नेपथ्य पात्र हो । ऊ एक राई परिवारकी शिक्षित यौवनावस्थाले चुलिएकी युवती हो । अनिलसँग प्रेम गरेर पनि समयमा नै सङ्घर्ष गर्न नसकेर तड्पिएर बस्छे । अनिलको विवाह अर्को केटीसँग भए पनि प्रेमभाव मार्न नसकेर प्रेम गर्न अगाडि सर्छे र अनिलसँग यौन सम्बन्धसमेत राख्न पुग्दछे । अनुसा गतिशील एवम् अनुकूल पात्र हो ।

प्रस्तुत कथाका अन्य पात्रहरूका अनिलकी श्रीमती, छोरी र अनुसाको बाबु नेपथ्य पात्र हुन् । अनिललाई अति माया दिएर परिवारमा सुख शान्ति तुल्याउन मद्दत पुऱ्याउने ती पात्रको भूमिका गौण छ ।

**(ग) परिवेश :**

प्रस्तुत कथाको परिवेश सहरीया मध्यम वर्गीय परिवार हो । पढेलेखेका शिक्षित युवा परिवेश र पुरानो जातीय संस्कारमा गुज्रेको सामाजिक परिवेश नै कथाका वातावरणीय पक्ष हुन् । युवापुस्ताले प्रेमका जातिपातिलाई नमान्ने, पुरानो पुस्ताले तिनीहरूको विचारमा तगारो बनिदिने हुनाले पारिवारिक जीवन भताभुङ्ग बनेको छ । स्थानगत परिवेशमा काठमाडौं 'इन्दिरा रेष्टुरेन्ट' को एक कुना आएको छ । जहाँ अनिल र उसको साथी 'म' पात्र रक्सी पिएर सम्वाद गरिरहेका छन् । वरिपरि रेष्टुरेन्टमा बस्ने, खाने मानिसहरू छन् । विषय वा प्रसङ्ग घरी अनिलको घरको वातावरणीय परिवेश, घरी अनिलको विवाह र भोजको परिवेश पनि कथामा आएका छन् । बाह्य परिवेशभन्दा आन्तरिक परिवेश उत्कृष्ट छ र अनिलले अनिसालाई प्रेम गरेर पारिवारिक जीवन आक्रान्त बनाएको छ । अनिलले अनिसालाई प्रेम गरेर पारिवारिक बन्धनले अट्न नसक्नु, श्रीमती र छोरीलाई त्याग्न पनि नसक्नुजस्ता विषयले अनिल व्याकुल बनेको छ । श्रीमतीले अनिसासँगको प्रेंम तथा शारीरिक सम्पर्क थाहा पाएपछि ऊ घर जान पनि सक्दैन । कथामा अनिलको आन्तरिक छन्दको प्रबलता बढी छ ।

**(घ) भाषा :**

'अब त कुनै बाटो रहेन' कथाको भाषा मीठो हुनुको साथै रोचक र सरल छ । पात्रअनुसारको बोलिचालीको प्रयोग भएको छ । शिक्षित व्यक्तिहरूले अङ्ग्रेजी शब्द मिसाएर बोल्नु स्वाभाविक रूपमा आएको देख्न सकिन्छ । यस कलामा विभिन्न अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएका छन् । जस्तै, सिरियस, फिलोसफी, सुपरिपटी, फेमिली पोजिसन, फसिसियल स्टाटस, प्रडेक्टली बनसाइटेड, आर्किटेक्ट, रियल्ली, लभ्स मी, इडिसनल, डिसअप्वाइन्टीङ्ग, सेक्स रिलेसन आदि । यस कथामा उपमा अलङ्कारको प्रयोग गरिएको छ । टुक्काको पनि प्रचुर मात्रा प्रयोग गरिएको छ । जस्तै : कुरा काट्नु, छोरीलाई ताक्नु आदि । यो कथा सम्वादात्मक शैलीमा अगाडि बढेको छ । घटना विषयवस्तुलाई संस्मरण गरेर हिन्दी शब्द पनि प्रयोग गरिएका छन् ।

**(ङ) दृष्टिविन्दु :**

कथामा प्रथम पुरुष बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । 'म' पात्रको खास भूमिका छैन । अनिलका कुराले सम्वाद पक्षलाई पुष्टि दिने काम गरेको छ । लेखकले आफ्ना कुराहरू अनिलमार्फत् भन्न लगाएका छन् ।

(च) **उद्देश्य :**

कथाको उद्देश्य मनोवैज्ञानिक पक्षसँग सम्बन्धित छ । प्रेम समस्यालाई मूल विषयवस्तु बनाएर लेखिएको यस कथामा प्रेम आफैमा पवित्र हुन्छ, यसलाई कतैबाट बिघ्नबाधा पुऱ्याउनु हुँदैन र बीचमा कुल्चेर गरिएका कार्यले जतिसुकै राम्रो बनाएर बिर्सन खोजे पनि प्रेमले निकास पाउन खोज्छ भनेर देखाउनु यसको उद्देश्य रहेको छ । जातपात, विवाहित, अविवाहित केही पनि प्रेमले सोच्दैन भन्ने कथाको मूल मर्म हो ।

### ४.४.१४ मासिक तलब

(क) **कथावस्तु :**

'मासिक तलब' कथा सामाजिक समस्यामूलक कथा हो । यस कथामा एक जना जागीरदार अधिकृत तहको कर्मचारीको दिनरात कार्यालयमा काम गरे पनि जहान केटाकेटी पाल्न र शहरमा घरखर्ची चलाउन परेको धौ-धौको अवस्थालाई यथार्थ रूपले चित्रण गरेको छ । जगन्नाथ बिहान उठेदेखि कार्यालय जानका लागि तयारी मै घरका परिवारको दुःख गुनासो बिर्सेर कार्यालय धाउने गरिरहन्छ । सारा इष्टमित्र बिर्सेर काममा एकोहोरिएर यन्त्रवत् जीवन बिताए पनि न्यून वैतनिक अवस्थाले उसको पारिवारिक समस्या हल हुन नसकेको र कार्यालयमा अधिकृत भएपछि मन्त्रीदेखि सर्वसाधारणसम्मका निर्देशन र गुनासोलाई सिरोधार्य गर्नुपर्ने बाध्यात्मक अवस्थालाई कथामा रोचक पाराले प्रस्तुत गरिएको छ । कथामा आदि, मध्य र अन्त्यको ढाँचा शृङ्खलित छ । जगन्नाथले कार्यालय जाने तयारी गरी कार्यालय नपुग्दासम्मको अवस्था आदि भाग हो भने कार्यालय पुगेपछि तलबको कुरा नगर्दासम्मको भाग मध्य भाग हो र तलब पाउने दिन सम्झेपछि जगन्नाथ खुसी भएको अवस्था अन्त्य भाग हो । कथानकको ढाँचा रैखिक किसिमले विकास भएको र आयामका दृष्टिले छोटो भए पनि कथा निकै रोचक किसिमको छ ।

(ख) **पात्र :**

'मासिक तलब' कथामा मुख्य पात्रको रूपमा आएको जगन्नाथ मञ्चीय पात्र हो । जगन्नाथ एक राजपत्राङ्कित तृतीय श्रेणीको मासिक तलब छ सय रूपैया बेतन पाउने कर्मचारी हो । ऊ सरकारी कामकाजका लागि मरिमेट्ने सच्चा इमान्दार कर्मचारी हो । घरको सारा काम बिर्सेर श्रीमती, छोराछोरीको बास्ता नगरिकन आफ्नो काममा घोटिइरहन्छ । जागीरमा कहिल्यै पनि नियम विपरीत कार्य गर्नु र काम ठग हुन हुँदैन भन्ने मानसिकता बोकेर चलेको छ । कालाबजारी गर्ने, दुई नम्बरी धन्दा गर्ने, जागीरदार भएर जसरितसरी धन कमाउने कार्यप्रति उसको घृणा छ । समाजको

एक गतिशील वर्गीय चरित्रका रूपमा जगन्नाथ देखापर्दछ । उसलाई जागीरमा नसा लागे झैँ तलब पाउने दिन खुसीले गदगद् हुन्छ । जगन्नाथ यस कथाको मुक्त पात्र हो । उसको अनुकूल चरित्र रहेको पाइन्छ ।

जगन्नाथकी श्रीमती, छोराछोरी, कार्यान्वयनमा काम गर्न आउने अन्य मानिसहरू गौण पात्र हुन् । यी पात्रहरूको भूमिका सशक्त छैन । यिनीहरू कथामा प्रसङ्गवश आएका छन् । चरित्रका हिसाबले कथा न्यून पात्रीय देखिन्छ । हरेक पात्र आन्तरिक समस्यामा पीडित देखिन्छन् ।

(ग) **परिवेश :**

'मासिक तलब' कथाको बाह्य परिवेश जगन्नाथ बाजेको काठमाडौं डेरा र उसले काम गर्ने कार्यालयलाई लिन सकिन्छ । घरमा श्रीमतीको यावत वस्तुहरूको माग छ । घरको अन्य आयस्रोत केही पनि छैन । सम्पूर्ण कर्मचारी वर्गका घरको परिवेश जगन्नाथको घरले प्रतिनिधित्व रहेको छ । यस कथामा वर्णित समय २०३५ सालतिरको हो । तत्कालीन समयमा शाखा अधिकृतको मासिक तलब रु ६ सय पात्र भएको र त्यस तलबले परिवार धान्न धौ-धौ परेको कालिक परिवेश देख्न सकिन्छ । कार्यालयमा गइसकेपछि जागीर माग्नेदेखि लिएर सानातिना सुविधा माग्ने जस्तो नेपाली परिवेशलाई छर्लङ्ग देख्न सकिन्छ । कथामा आन्तरिक द्वन्द्व तीव्र रूपमा आएको छ । जगन्नाथको मनमा कहिल्यै पनि शान्ति आएको देख्न पाइदैन । घरमा गुहुमा लेडेकी छोरीलाई समेत उसले वास्ता गरेको छैन, बाटामा ससुरालाई भेटे पनि अभिवादन गर्न भ्याउँदैन, चिल्ला कार चढेर हिड्नेहरूको डाहा पर्दछ । आफ्नो अवस्थाले नभ्याउने अरूहरूलाई चैन गर्नेजस्ता कुराहरू देख्दा आन्तरिक रूपबाट पीडित छ ।

(घ) **भाषा :**

'मासिक तलब' कथाको भाषा सरल, सहज र स्वाभाविक छ । यस कथामा प्रशस्त झर्रा शब्दहरूको प्रयोग गरिएका छन् । जस्तै : जाबो, जुवा, फिटिक्क, स्वार्र आदि । कथामा टुक्काहरूको प्रयोग त्यत्तिकै छ । जस्तै : मेसो पर्नु, झारा टार्नु आदि । कथामा नेवारी, हिन्दी, अङ्ग्रेजीजस्ता विभिन्न आगन्तुक स्रोतका शब्दहरू पनि मिसिएका छन् । तत्सम स्रोतका शब्दहरूको प्रयोग पनि उस्तै किसिमले गरिएका छन् । 'मासिक तलब' कथा एकोहोरो जगन्नाथको वर्णन गर्नमा तल्लीन छ । वर्णनात्मक शैलीमा लेखिएको यो कथामा विभिन्न प्रतीकहरूको पनि प्रयोग गरिएको छ । मासिक तलब भनेको माहिना भरिको ज्याला हो तर यहाँ एक व्यक्तिको जीवनसँग लेखिएको

छ । साथै कथाले समग्र कर्मचारीको आर्थिक अवस्थालाई सङ्केत गरेको छ । कथामा विभिन्न किसिमका बिम्बात्मक प्रवृत्ति आएका छन् । पियनलाई लेखापाल साहेबले बोलाउनु भएपछि सम्पूर्ण शरीरको रङ्ग फेरिन्छ, झसङ्ग हुन्छ र घर पारिवार सम्झिन्छ ।

(ङ) **दृष्टिविन्दु :**

कथा तृतीय पुरुष सीमित दृष्टिविन्दुमा रचित छ । जगन्नाथ बाजेको एकोहोरो चरित्र चिरफार गर्न कथाकार तल्लीन देखिन्छन् । कथाकारको वास्तविक अवस्थालाई यहाँ जगन्नाथ भन्ने पात्रबाट देखाइएको हो कि भन्ने लाग्छ ।

(च) **उद्देश्य :**

प्रस्तुत कथाको उद्देश्य न्यून बेतनभोगी कर्मचारीको जीवनको एक पाटो यथार्थ रूपमा देखाउनु नै हो । अधिकृत तहको कर्मचारी कति काममा जोतिनु पर्छ र उसको आर्थिक जीवन कतिसम्म न्यून छ भन्ने प्रसङ्गलाई कथाले राम्रो चित्रण गरेको छ । 'तलब पाउँदाको दिन ऊ हाँसेको छ तर उसको हाँसो साबुनको फोका जस्तै हावामा शून्यमा बिलाउँछ, अस्तित्वहीन हुन्छ ।'[४५] यही वाक्यले कथाको सम्पूर्ण उद्देश्यलाई प्रतिबिम्बित गर्दछ ।

## ४.४.१५ अन्तिम प्रेमपत्र

(क) **कथावस्तु :**

प्रस्तुत कथा 'अन्तिम प्रेमपत्र' अस्तित्ववादी दर्शनले ओतप्रोत भएको विसङ्गत अवस्थाको मानसिकतामा गुज्रिरहेको मानिसहरूको पर्यायता देखाउने कथा हो । "जिन्दगी स्वयम् यौटा कथा रहेछ । यस कथाभित्र पनि अर्को कथा अन्तर्निहित हुन्छ, यो नसोचेको कुरा थियो । यो कथाहरू कि त सुखान्त हुन्छन् कि दुःखान्त ! यी दुवै नभएको कथा पाएको छु मैले । अन्तहीन सायद, थाहा छैन कस्तो समयको प्रतीक हो यो" ।[४६] यसरी जीवनका दुःखान्त र सुखान्त पक्षलाई केही नसमेटेको एक अन्तर्यथार्थलाई कथामा समेटिएको छ । यस कथामा 'म' पात्रले एक 'ट्राभल एन्ड टुर्स' मा काम गर्ने केटीसँग विवाह गरेको छ । अदालती विवाह, प्रेम विवाह र भागी विवाह कुनै पनि तरिकाको विवाह नभएको, खाली यौन आकर्षणबाट जैविक आवश्यकता पूर्ति गर्ने क्रममा वैवाहिक जीवनमा प्रवेश गरेर छोरी जन्माएका ती दुई दम्पत्ति खासगरी पारिवारिक माया ममताबाट बञ्चित छन् । छोरीलाई आफ्नो स्तन पनि नचुसाई ल्याक्टोजिन खुवाएर डेढ वर्षकी छोरीलाई आफ्नो पारिस्थितिक लोग्नेलाई छोडेर

---

[४५] ऐजन, पृ. ६४ ।

[४६] ऐजन, पृ. ६५ ।

'नोमाडिक ताइपु' बिताउन लोग्नेलाई 'मेरो रिक्ततामा कोही तिम्रो वेड सेयर गर्छ भने मेरो विरोध छैन'[४७] भन्ने अन्तिम प्रेम पत्र लेखेर विदा हुन्छे । यो कथा आदि, मध्य र अन्त्यको शृङ्खलामा शृङ्खलित नभई अरैखिक किसिमको छ । यसमा कथानकको ढाँचा छोटो भइकन पनि कथावस्तु अगालिएको छ । चार वर्षसम्म कायम रहेको वैवाहिक जीवन फेरि अकस्मात् एक्लिएको छ । उसले यसरी जीवन एक्लिनु श्रीमतीलाई पनि दोषी ठान्दैन । स्वतन्त्र अस्तित्वको खोजीमा कथा हिँडेको छ ।

**(ख) पात्र :**

'अन्तिम प्रेमपत्र' कथामा 'म' पात्रकी श्रीमती मुख्य तर नेपथ्य पात्र हो । यसको भूमिका कथामा प्रत्यक्ष नभए पनि  सारा कथा उसकै केन्द्रीयतामा अडेको छ । ऊ एक शिक्षित सहरीया पाश्चात्य जीवनशैलीबाट प्रभावित वैशालु युवती हो । उसले जैविक आवश्यकता पूर्ति गर्ने क्रममा 'म' पात्रसँग यौनसम्पर्क स्थापित गरी छोरी जन्माएकी छ । उसले आफ्नो छोरीलाई आफ्नो इच्छाअनुसार नाम राख्छे, कहिले 'रुथ', कहिले 'पारूल' भनेर भन्छे । 'म' पात्रसँग यौनसम्पर्कपछि विवाह भएको समयदेखि स्वेच्छाले जागीर छाडेकी छ । आफ्नो स्वविवेकले छोरीलाई आफ्नो स्तन नचुसाई कृत्रिम दूध खुवाएकी छ । उसको आफ्नै दृढ सङ्कल्प र निर्णयले 'म' पात्रसँग छुटेकी छ । यसबाट 'म' पात्रकी श्रीमती पूर्णतया अस्तित्ववादी दृष्टिकोणबाट प्रभावित छ । नेपाली नारीले देखाउने नारीत्व र मातृत्वबोध उसमा छैन । ऊ आफ्नो स्वनिर्णयमा चल्ने एक गतिशील पात्रका रूपमा स्थापित छे ।

'म' पात्र कथाको सहायक तथा मञ्चीय पात्र हो । ऊ एक विदेशी आयोजनामा काम गर्ने शिक्षित पात्र हो । अस्तित्ववादी जीवनदर्शन सम्बन्धित छाप उसमा पनि परेको छ । छोरीलाई श्रीमतीले एउटा नाम राखे पनि उसले छोरीलाई, शैली भनेर बोलाउँछ । विवाहपछि श्रीमतीलाई जागीर खान, छोड्न केही कर गर्दैन, छोरीको आहारविहारमा पनि श्रीमतीलाई बाध्यता लगाउँदैन, श्रीमतीले घर छाडेर जाँदा पनि विरोध जनाउँदैन । कथामा आन्तरिक चरित्रका रूपमा 'म' पात्रलाई लिन सकिन्छ । जीवन जिउनु पर्छ, मानिसको आफ्नै निर्णय हुन्छ, स्वविवेकले चल्नुपर्छ भन्ने मान्यताको गतिशील चरित्रका रूपमा 'म' पात्रलाई पाउन सकिन्छ ।

यस कथाको अर्को सहायक पात्र 'म' पात्रकी छोरी हो । उसलाई आमाले बोलाउने विभिन्न नाम रहेका छन् भने बुबाले उसलाई 'शैली' भनेर बोलाउने गर्दछ । ऊ डेढ वर्षकी मात्र छे । यसको कथामा कुनै भूमिका छैन ।

---

[४७] ऐजन, पृ. ६५ ।

**(ग) परिवेश :**

'अन्तिम प्रेमपत्र' कथाको वाह्य परिवेश सहरीया आधुनिक युवायुवतीको पाश्चात्य जीवनदर्शनबाट प्रभावित छ । 'म' पात्रको काठमाडौंको डेरा स्थानगत परिवेश हो । काठमाडौंका आधुनिक भनाउँदा युवायुवतीहरूको वैवाहिक जीवनको परिस्थितिको पाटो नै वातावरणीय पक्ष भई आएको छ । 'म' पात्रको मानसिक स्थिति आन्तरिक परिवेश हो । अस्तित्ववादी जीवनदृष्टिबाट प्रभावित भए पनि उसले जीवनलाई शून्यता महसुस गरेको छ । आन्तरिक र बाह्य, द्वन्द्वविहीन अवस्थामा कथा सिर्जिएको छ । एक्लो घर, एक्लो बेडरुम, एक्लो जिन्दगी भोग्नुपरेको र विवाह भएको चार वर्षमा नै एक्लिएका 'म' पात्रको स्थिति कालिक परिवेश हो ।

**(घ) भाषा :**

प्रस्तुत कथाको भाषा प्रतीकात्मक छ । 'अन्तिम प्रेमपत्र' शीर्षक पनि प्रतीकात्मक छ । प्रेमपत्र प्रेमीहरूले प्रेमिकालाई पठाउने वा प्रेमिकाले प्रेमीलाई सञ्चार-सम्प्रेषण गर्ने साधन हो तर यहाँ प्रेम नै नभई प्रेमपत्र लेखिएको छ । आफ्नो स्वतन्त्र जीवन बिताउन हिँडेकी 'म' पात्रकी श्रीमतीले विदाको बखत 'म' पत्रलाई दिएको पत्रलाई प्रेमपत्र मानिएको छ । मुख्य जविनको प्रतीकको रूपमा प्रेमपत्रलाई लिन सकिन्छ । 'छोरी' भन्नाले सन्तान बुझिन्छ तर यहाँ प्रणय सम्बन्धका उपजको सङ्केतका रूपमा हेरिएको छ । यस कथाको भाषा सरल, सहज र स्वाभाविक किसिमको छ । कथामा झर्रा नेपाली, तत्सम र आगन्तुक स्रोतका विभिन्न शब्द तथा शब्दावलीको प्रयोग भएको छ । कथाकार प्राविधिक क्षेत्रका हुनुका साथै विदेश भ्रमण गरेकाले कथामा विभिन्न स्थानमा अङ्ग्रेजी भाषाका शब्द-शब्दावलीको प्रयोग गरेका छन् । जस्तै : ट्राभल एण्ड टुर्स, प्रेसर, नेरो-माइन्डेड, म्यारिज, कोर्ट, आरेन्ज्ड, ड्रेसिंगटेबल, कपाबोर्ड, डनलप, फ्यास ब्याक, रिदम वाइफ, ल्याक्टोजिन, साइन्टिफिक आइडिया, व्याक्टेरियल, अटोमेटिकल्ली आदि । यो कथा संस्मरणात्मक पूर्वदीप्ति प्रणालीमा रचिएको छ ।

**(ङ) दृष्टिविन्दु :**

प्रस्तुत कथामा प्रथम पुरुषवाची बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म' पात्र तटस्थ भएर उसकी श्रीमतीको बारेमा वर्णन गरिएको छ । लेखकले यस कथामा अस्तित्ववादी दृष्टिलाई एक आधुनिक केटीका माध्यमबाट देखाएका छन् ।

(च) **उद्देश्य :**

प्रस्तुत कथाको उद्देश्य खासगरी सहरीया सभ्यता र पाश्चात्य जीवनशैलीबाट प्रभावित भएको वैवाहिक प्रक्रियाले दुःख निम्त्याउने काम बाहेक अरू गर्दैन भन्नु नै हो । नेपालीपनलाई बिर्सेर विदेशीको देखासिकी गर्ने हो भने समाज विग्रन्छ र कसैको भलो गर्दैन भन्नु नै कथाको मूल सन्देश हो । यस कथामा पाश्चात्य शैलीका कारण एउटा घर भताभुङ्ग हुन पुगेको देखाइएको छ ।

**४.४.१६ माकुराको जालो**

(क) **कथावस्तु :**

'माकुराको जालो' कथा मनोवैज्ञानिक समस्यामूलक कथा हो । 'माकुराको जालो' भन्ने शीर्षकले कुनै पनि जाल बुन्ने प्राणीले बुनेको जाल भन्ने अर्थ लाग्छ तर यस कथामा कथाकारले व्यङ्ग्यार्थ रूपमा प्रयोग गरेका छन् । एक सहरीया जीवनका जागीरदारकी श्रीमतीको मनोभावलाई विषयवस्तु बनाएर यस कथामा कथाकारले लुकेको यथार्थलाई चिनाउन खोजेका छन् । पुरुषहरूको सामाजिक मूल्य, मान्यता र नारीहरूले चाहने कुराहरूलाई यस कथामा वर्णित गरिएको छ ।

यस कथामा 'म' पात्र एक्लै घरमा बस्छे, उसको श्रीमान् एक कार्यालयमा जागीर खान्छ । 'म' पात्र अति सुन्दर छे । उसको श्रीमान्ले उसको रूपको प्रशंसा गर्दछ । 'म' पात्र सामाजिक रूपमा घुलमिल हुन चाहन्छे तर उसको श्रीमान्ले उसलाई मनाही गर्छ । कुनै पार्टीमा जाँदा श्रीमतीलाई नलिई एक्लै पार्टीमा जाने, कार्यालयमा श्रीमतीको विषयमा कसैले कुरा गरे शङ्काको दृष्टिले हेर्ने, फिल्म हेर्न जाँदा दायाँबायाँका साथीहरूले 'म' पात्रलाई हेर्दा कालो र निलो हुने, कार्यालयको काम घरमा लिएर आएमा कार्यालयमा नै आउनुपर्ने भनी बताइदिने जस्ता व्यवहारले 'म' पात्र माकुराको जालोमा परेको महसुस गर्छे र भन्छे "भुलेर पनि कसैले राम्री बेटी बिहे नगरोस्" ।[४८] यस कथामा यी कुरा सोच्दै 'म' पात्रले आफ्नो दैनिक क्रियाकलापमा लाग्ने समय कथाको अन्तिम अवस्था हो । यस कथामा आदि, मध्य र अन्त्यको अवस्था मिलेको छ । रैखिक तथा खिरिलो कथावस्तु यस कथामा प्रयुक्त छ । 'म' पात्रले आफ्ना विषयलाई सम्झदै श्रीमान्का क्रियाकलापसँग असन्तुष्ट भाव जाहेर गर्ने बेलासम्मको भाग आदि भाग हो । लोग्नेका सारा कमजोरी देखाई विद्रोही नेताजस्तो आफूलाई ठान्नुसम्म मध्य भाग हो भने त्यसपछि फेरि श्रीमान् सम्झेर आफ्नो दैनिक नित्य क्रियाकलापमा लाग्ने सम्म अन्त्य भाग हो ।

[४८] ऐजन, पृ. ७३ ।

(ख) **पात्र :**

यस कथामा 'म' पात्र प्रमुख पात्र हो । उसको लोग्ने सहायक पात्र हो भने लोग्नेका साथीहरू गौण पात्र हुन् । 'म' पात्र एक शिक्षित एवम् गतिशील नारी चरित्र हो । परिस्थितिबाट ऊ उम्कन र स्वतन्त्रित हुन चाहन्छे । ऊ प्रतिनिधिमूलक नारी समाजकी एक अनुकूल पात्र हो । उसले आफ्नो चरित्र भ्रष्ट हुने कुरा खोज्दिन तर सामाजिक परिवर्तन चाहन्छे । उसले परम्परागत पितृसत्तात्मक परिवारको विरोध एवम् मुक्तिको चाहना गरेकी छ ।

उसको लोग्ने अनुकूल चरित्र हो, अरू कुनै श्रीमतीसँग पनि आँखा लगाउँदैन । श्रीमतीको प्रशंसा एवम् समयमा नै घरमा आई श्रीमतीलाई यावत् भौतिक अवस्थाबाट सम्पन्न पुऱ्याउँछ । उसले परम्परागत मूल्य-मान्यतालाई बदल्न सक्दैन । परिस्थिति र युगलाई बुझ्न नसकी आफ्नो क्रियाकलाप कथामा प्रदर्शन गरेको देखिँदैन । 'म' पात्रले जाहेर गरेको कुराहरूबाट यस कथामा पात्रहरूको चरित्रलाई प्रष्ट्याइएको देखिन्छ । सहायक पात्रको रूपमा यसलाई लिन सकिने भए पनि 'म' सम्पूर्ण सोचाइ यसैमा केन्द्रित देखिन्छ । अन्य पात्र गौण छन्, खास भूमिका नभए पनि प्रसङ्गवंश आउँछन् ।

(ग) **परिवेश :**

यस कथामा एक सहरीया परिवेशको कुनै एक परिवारको अवस्था चित्रण छ । मनोलोक नै मनोवैज्ञानिक कथाको परिवेश हुने भएकाले 'म' पात्रको मनस्थितिको परिवेश यहाँ जाहेर गरिएको छ । प्रत्येक दिनका मध्यान्नको समय उसको सोचनीय समय हो । उसको जवानीको समयमा आफ्नो लोग्नेलाई बाहिरी वातावरणसँग घुलमिल हुन नदिने मनसायबाट उसको मानसिक परिवेश सिर्जित छ । एकान्त कोठामा सुइटर बुनिरहनु, बुन्न छाडेर कुरा गमेर बस्नु, चिट्चिट् पसिना आउनुजस्ता कुराहरूले मानसिक अशान्तिको सङ्केत गरेको देखिन्छ । यस कथामा स्थागत परिवेशका रूपमा 'म' पात्रको घर, उसको लोग्नेले काम गर्ने अफिस, सिनेमाहल, प्रदर्शनस्थल, मेलास्थल, पार्टीस्थल आदि स्थान आएका छन् ।

(घ) **भाषा :**

यस कथाको भाषा सरल र स्पष्ट हुनुका साथै बोधगम्य किसिमको छ । नेपाली झर्रा शब्दको प्रयोगले कथालाई मिठासपूर्ण बनाएको छ । यस कथामा शिक्षित नारी प्रयुक्त भएकाले उसले कतिपय अवस्थामा अङ्ग्रेजी शब्दसमेत बोलेकी छ । जस्तै : क्वार्टर, फरमाइस, रिदम, पर्सनालिटी, अफिस, सुपेरियरिटी फिलिङ्ग, अन्सोसियल, अन-

द कल्चर्ड, अफिसियल, सोसियल गेटटुगेदर आदि । यस कथामा टुक्काहरूको प्रयोगले गर्दा कथा नेपाली जनजीवनमा भिजेको हो जस्तो अनुमान गर्न सकिन्छ । समासबहुल शब्दहरूको प्रयोग नगरी अल्पसमासयुक्त शब्दले कथा रचिएको छ । आकारका दृष्टिले यो कथा मझौला आकारको छरितो कथा हो । यस कथामा कतै-कतै बिम्बात्मक प्रस्तुति भेटिए पनि प्रतीक विधान भने राम्रो किसिमले प्रयुक्त भएको छ । यस कथाको शीर्षक 'माकुराको जालो' नै प्रतीकात्मक छ । यसको शीर्षकलाई सामाजिक बन्धनका रूपमा लिइएको छ । सामाजिक संस्कारको प्रतीक 'म' पात्रको लोग्ने हो फेरि उसको लोग्ने माकुराको र उसको प्रवृत्ति जालोको प्रतीकको रूपमा उभ्याइएको छ । उसको लोग्नेले लगाएको स्वेटर प्रेमको प्रतीक हो भने 'म' पात्र एक्लै घरमा बसेर स्वेटर बुनिरहनु निरास मानसिकताको प्रतीक हो । मानसिक उहापोहलाई साम्य पार्न उसले स्वेटर बुनेको देखिन्छ ।

### (ङ) दृष्टिविन्दु :

प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म' पात्रको मनोलोकमा सारा कथा रमेको देखिन्छ । उसको लोग्नेका क्रियाकलापहरूले उसको लोग्नेको हरेक व्यवहार र शङ्कालु प्रवृत्तिको नकारात्मक दृष्टिले चर्चा गरेकी छ र आफू राम्री हुनुमा चिन्ता प्रकट गरेकी छ । कथाकारले आफ्नो विषयवस्तु 'म' पात्र मार्फत् कुनै एक वर्गीय परिवारकी गृहिणी अर्थात् भान्साकी पुतलीको रूपमा मात्र स्वीकार गर्ने पुरुष समाजले गरेको अत्याचार र सामाजिक बन्धन 'म' पात्र मार्फत् जाहेर गरेका छन् ।

### (च) उद्देश्य :

'माकुराको जालो' कथाको उद्देश्य खासगरी नारी स्वतन्त्रताको बारेमा पुरुष समाजले विचार नपुऱ्याउँदा त्यसबाट हुने मानसिक खराबीको बारेमा उल्लेख गर्नु रहेको छ । नारीभित्रको छट्पटाहट र क्रन्दनको सूक्ष्म यथार्थ पाठकसामु राख्नु कथाकारको ध्येय रहेको छ । नारीले भोग्नु परेको पारिवारिक बन्धन र त्यसबाट उठ्ने समस्यालाई मनोवैज्ञानिक ढङ्गले प्रस्तुत गरी यथार्थको प्रभावकारी प्रस्तुति गर्नु नै कथाको मर्म हो ।

## ४.५ ँअविरलका कथाहरू' कथासङ्ग्रहमा सङ्कलित कथाहरू

### ४.५.१ मृत्युदान

**(क) कथावस्तु :**

'मृत्युदान' कथा मनोवैज्ञानिक यथार्थवादी कथा हो । कथामा मृत्युको दोसाँधमा छटपटाइरहेको एक रोगीको मनोदशाको चिरफार गरिएको छ । आफ्नो मन परेकी श्रीमतीसँग विवाह गरेको केही वर्षभित्र आफू मृत्युको काखमा पुगेको एक पुरुषको मनमा खेल्ने कुरालाई यहाँ कथानकको रूपमा लिइएको छ । यस कथामा 'म' पात्रलाई क्यान्सर लागेकाले अस्पतालमा भर्ना गरी डाक्टरको सल्लाह बमोजिम 'अल इण्डिया इन्टिच्युट' को एक क्याविनमा लगिन्छ । आफ्नी श्रीमती कुसुमले मृत पुत्रको जन्म दिएपछि मानसिक रूपले विक्षिप्त हुनुका साथै क्यान्सर रोग लाग्छ । यसैलाई उपचार गर्ने क्रममा असहाय पीडा खान नसकी डाक्टरसँग 'मृत्युदान' मागेको र कुसुमलाई छोडर पनि जान नसकेको मानसिक द्वन्द्व यस कथामा व्याप्त छ । यस कथाको ढाँचा रैखिक किसिमको छ । कथावस्तु झिनो छ र आयामका दृष्टिले कथा सानो छ । रुग्ण मनस्थितिको चित्रणले कथा कारुणिक छ ।

**(ख) पात्र :**

'मृत्युदान' कथामा प्रमुख, सहायक र गौण गरी तीन थरीका पात्र छन् । यस कथाको 'म' पात्र प्रमुख पात्र हो । ऊ गतिशील एवम् अनुकूल पात्र पनि हो । हरेक क्षणमा उसले परिवर्तन चाहेको छ । आफ्नी श्रीमती कुसुमलाई अति राम्री, सेवक र मायालु ठान्छ । उसले आफ्नो बाबुका इच्छा विपरीत कुसुमलाई विवाह गरेको हो । उसले धनलाई मह□व दिँदैन, स्वास्थ्य नै मानिसको अमूल्य धन हो भन्ने ठान्छ । उसको स्वास्थ्य सानो चोटले पनि विक्षिप्त बनाउने कमजोर मनस्थितिको छ ।

'कुसुम' यस कथाकी सहायक पात्र हो । श्रीमान्‌को सेवामा हरहमेशा लागिरहने एक गतिशील एवम् अनुकूल नारी पात्र हो । पतिलाई निको बनाएर सुखपूर्वक बाँच्न उसलाई रहर छ । त्यसैले उसले ज्यान दिएर पतिको सेवा गर्छे । ऊ एक मञ्चीय पात्र हो । 'ऊ' एक व्यक्तिगत चरित्र भएकी आइमाई पनि हो । उसको स्वभाव कसैलाई नबिझाउने किसिमको छ । आफ्नो श्रीमान्‌को मानसिकतालाई ध्यानमा राखेर रोगको नामसमेत पतिलाई भन्दिन ।

अस्पतालमा विभिन्न डाक्टर, नर्स आदि गौण पात्र हुन् । यिनीहरूको कथामा खासै भूमिका छैन ।

(ग) **परिवेश :**

मनोवैज्ञानिक कथाहरूमा आन्तरिक परिवेशका रूपमा मानसिक परिवेश सशक्त रूपमा आउने गरे पनि यस कथामा बाह्य परिवेश पनि त्यत्तिकै सफल रूपमा आएको छ । एक अस्पतालबाट अर्को अस्पतालको भ्रमण नै यसमा बाह्य परिवेशको रूपमा आएको छ । अस्पतालका सामानहरूले नेपाल र भारतका अस्पतालका रोगी मानिसहरूको उपचार गर्ने अवस्थाको सङ्केत गर्दछन् । रोगीका आन्तरिक परिवेशहरू मांसपेशी दुख्नु, मस्तिष्क चोइटा-चोइटा भएर असह्य पीडा भएका अनुभव गर्नु आदि हुन् । आफूले चाहेर पनि नपाउने स्थिति विसङ्गति बोधको परिवेश हो । विशेषगरी एक महिनाभन्दा बढी समयको अन्तरालमा यस कथाका घटनाहरू घटित भएका छन् । यस कथामा द्वन्द्वको पनि सशक्त भूमिका छ । मृत्युसँग जुध्ने क्रममा मृत्युदान भन्ने कुरामा 'म' पात्रले बाह्य द्वन्द्वको सामना गर्नु परेको छ । यसमा स्थानगत परिवेशमा काठमाडौं र दिल्लीका अस्पताल आएका छन् ।

(घ) **भाषा :**

यस कथाको भाषा सरल, सहज र सुबोध्य किसिमको छ । अङ्ग्रेजी शब्द-शब्दावलीको प्रयोग गरिए पनि कथालाई जटिलतातर्फ लगेको छैन । अस्पतालको परिवेश भएको हुनाले प्राविधिक शब्दावलीको बाहुल्यता छ । आत्मकथानात्मक एकालापीय शैलीमा लेखिएको यस कथामा व्याख्यात्मकता एवम् सूचनात्मकता अँगालिएको छ । आदि, मध्य र अन्त्यको शृङ्खलामा कथा सिर्जिएको छ । बोलिचालीको भाषामा लेखिएकाले यो कथा मीठो बनेको छ । कतिपय अवस्थामा प्रतीकहरूको पनि प्रयोग गरिएको छ । जस्तै : अस्पताल रोगको प्रतीकका रूपमा आएको छ, इन्जेक्सन रोगको पीडाको रूपमा आएको छ । यस कथामा कतिपय स्थानमा अपूर्ण वाक्यहरूको प्रयोग गरिएको छ भने कतै सम्वादका क्रममा समेत एकोहोरो सम्वाद मात्र स्पष्ट रूपमा देखिन्छ । कथामा कतिपय स्थानमा खाली स्थान छाडेर पनि वाक्य पूरा गरिएको छ । उदाहरण- 'त्यस्तो लाग्छ यो वादविवाद मेरै विषयलाई लिएर हुँदैनन् । तर लाग्छ- अब ज्यादै ढिलो भइसकेको छ- ज्यादै ढिलो । उफ् ! मेरा आँखामा.... मखमली पर्दा.... लाग्दैछ । सायद.... सायद.... कुसुम.... कुसुम.... देख्न सक्दिनँ । ओहो ! फेरि त्यही पीडा.... फेरि आक्रमण-म चिच्याउन खोज्छु- "...............।"[द्घढ]

भाषामा कुनै कृत्रिमता नझल्काई सहज बोलचालकै भाषामा लेखिएको कथामा अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि स्वाभाविक लाग्छ । समग्रमा भन्नुपर्दा छोटा-छोटा

---

[४९] अविरल स्थापित, clj/nsf syfx¿ (कास्की : पोखरेली युवा सांस्कृतिक परिवार, २०५६), पृ. १४ ।

वाक्यहरूको प्रयोग गरी लेखिएको यो कथाको भाषा आलङ्कारिक र क्लिष्ट नभई साधारण पाठकले पनि बुझ्न सक्ने सरल र सहज छ ।

(ङ) **दृष्टिविन्दु :**

प्रस्तुत कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग छ । 'म' पात्र प्रथम पुरुषवाची सर्वनाम हो । उसले आफ्ना भनाइ नाटकीय एकालापीय शैलीमा अरूलाई भन्छ । 'म' पात्रले घरको परिवेश, घटना घटेको स्थिति अस्पतालको वातावरणीय परिवेशलाई मानसिक रूपमा प्रतिबिम्बित गरेर कथामा केन्द्रित गरेको देखिन्छ । उसकी श्रीमतीका क्रियाकलाप ऊ आफैं बताउँछ । श्रीमतीको सेवाको भाव, प्रेम आदि बेलाबेलामा 'म' पात्रले व्यक्त गरेको छ । डाक्टरको सेवाबाट उसको मनमा परेका छटपटी, शङ्का आदि कुराहरूले गर्दा आन्तरिक रूपमा कथा 'म' पात्रमा नै सीमित छ भन्न सकिन्छ ।

(च) **उद्देश्य :**

कथाकारले रोगी मानसिकता लिएर बाँच्नु मृत्युभन्दा भयावह हुने कुरा औंल्याएका छन् । उनी मेडिकल्ली मृत्यु भइसकेका व्यक्तिहरूलाई शारीरिक रूपले कष्ट दिनु हुँदैन भन्ने पक्षमा देखिन्छन् । हाम्रो कानुनले मृत्युदान गर्ने अधिकार कसैलाई दिएको छैन तर उनी डाक्टरलाई मानवताको हैसियतले मृत्युदान गर्ने अधिकार दिनुपर्छ भन्ने पक्षमा देखिन्छन् ।

## ४.५.२ सूर्यमुखी

### (क) कथावस्तु

'सूर्यमुखी' नारी मनोवैज्ञानिक समस्यामूलक कथा हो । यहाँ एक नारीको पारिवारिक समस्याका साथै सिङ्गो नेवार पारिवारिक समस्यालाई केन्द्रविन्दु बनाई कथा लेखिएको छ । कथामा तीस वर्ष उमेर पुगेकी केटी दीपा अविवाहित केटी हो । उसले बाबुको मृत्युपछि आफ्नी आमा र दुई बहिनीको पारिवारिक खर्च चलाउन जागीर खानु परको छ । तीस वर्षसम्म आफ्नो विवाह नहुँदा मनमा अनेक तरङ्ग चल्छन् । उमेरमा एक डक्टर केटा माग्न आउँदा आमाको अस्वीकृतिले विवाह हुन नसकेपछि एक दशकसम्म विवाह हुन नसकेको हुन्छ । उसकी कार्यालयकी साथी सिल्पाको भाइ अखिल ऊभन्दा पाँच वर्षले कान्छो भए पनि उसलाई मन पराएको छ । अखिलले विवाह गर्ने प्रस्ताव राखेपछि आमाको स्वीकृतिको आशामा बसेकी 'म' पात्र आमाले बहिनी 'कोकिल'सँग उमेर मिल्ने भएकाले अखिलसँग विवाह गरिदिने प्रस्ताव राख्दा समस्यामा समस्या उब्जिन्छ । मनोवैज्ञानिक चोट अत्यन्त विषालु हुन्छ, जता घाम

लाग्यो उतै ढल्कने सबैको प्रवृत्ति अत्यन्त खतरनाक हुने र सहरी जीवनमा कैयौं बूढीकन्याहरू त्यसै एक कोठामा कुहुनु पर्ने भनी व्यङ्ग्य गरिएको छ । कथामा कथानकको भूमिका शृङ्खलित छ । कथाको आदि भाग अखिल र दीपाको परिचय हुँदासम्मको भाग हो । अखिलले दीपासँग विवाहको प्रस्ताव राखेपछि उसको आमासँग कुरा गर्ने बेलासम्मको भाग मध्य भाग हो । त्यसपछिको भाग अन्त्य भाग हो । कथावस्तु रैखिक ढाँचामा लेखिएको छ । कथा छरितो एवम् चुस्त देखिनुका साथै आन्तरिक द्वन्द्वको स्थिति तीव्र छ ।

**(ख) पात्र**

'सूर्यमुखी' कथाका पात्र 'म' (दीपा), अखिल, शिल्पा, 'म' पात्रकी आमा, बहिनीहरू कोकिला र रूपा हुन् । मुख्य र केन्द्रीय पात्र 'म' हो । 'म' पात्र कै सेरोफेरोमा कथा घुमेको छ । 'म' पात्रले उसको साथी शिल्पाको भाइ अखिलसँग भेट भएको उसँग प्रेममा परेको कुरा जाहेर गर्छे । यस्तै प्रसङ्गमा ऊ एक गतिशील एवम् अनुकूल पात्र हो । ऊ एक वर्गीय पात्र हो । उसले आफ्नो उन्नतिलाई छाडेकी छैन । ऊ एक तीस वर्षे शिक्षित कर्मचारी हो । 'म' पात्र एम.ए. पास गरिसकेकी पूर्ण वयस्क एक कर्मठ नारी हो । ऊ आफूमा चढ्दै गरेको उमेरसँग सशङ्कित छ । बाबु मरेपछि घरपरिवार उसैले चलाएकी भए पनि अखिलसँगको सम्पर्कपश्चात् घरपरिवारबाट बिदा माग्न चाहन्छे । उसभित्रका नारी कमनीयता, जवानीको भोक, बालबच्चा बलाउने तीव्र इच्छा जागेर आई आफूभन्दा पाँच वर्षले कान्छो अखिलसँग आफू जान स्वीकार गर्छे ।

अखिल कथाको सहायक अनुकूल पात्र हो । उसले मन मिलेको साथी भेट्टाउँदा आफूभन्दा जेठो भए पनि स्वीकार गर्छ । ऊ एक गतिशील एवम् वर्गीय चरित्र हो । ऊ मध्यम वर्गीय परिवारको राम्रो स्वस्थ युवक हो । आफ्ना मनका कुराहरू नडराइकन भन्न सक्ने भलाद्मी मानिस हो । यी दुवै पात्र मञ्चीय छन् । कथाको नायक, अखिल हो भने नायिका 'म' पात्र हो ।

'म' पात्रकी आमालाई सहायक पात्रका रूपमा राख्न सकिन्छ । आमाले पारिवारिक स्थिति धान्नका लागि आफू शिक्षिका भएर पनि उमेर पुगेकी आफ्नी छोरीको विवाह प्रस्तावसमेत अस्वीकार गरी पढ्ने र घरगृहस्थी चलाउने काममा लगाएकी देखिन्छ । समय परिस्थितिअनुसार ढल्कन खोज्ने तर मौकाको ताकमा निसाना लगाउन नसक्ने प्रतिकूल पात्र आमालाई मान्न सकिन्छ ।

शिल्पा, रूपा, कोकिला, गौण पात्र हुन् । यिनीहरूको कथामा प्रसङ्गवश नाम आउँछ तर खासै भूमिका छैन ।

**(ग) परिवेश**

प्रस्तुत कथाको स्थानीय परिवेश गाउँ र सहर दुवैलाई लिन सकिए पनि 'म' पात्रको आन्तरिक परिवेश अझ द्वन्द्वात्मक एवम् सशक्त मान्न सकिन्छ । परिवेशका रूपमा गाउँको 'म' पात्रको घर, गाउँले परिवार, सहरको एक कोठा, रेष्टुरेन्ट आदि देखापर्दछन् । 'म' पात्रको तीस वर्षे जवानीको अविवाहित उमेरमा हुने यौनाकर्षण, द्वन्द्व, कुण्ठा, पारिवारिक वितृष्णा आदि उसका आन्तरिक परिवेश हुन् । कथानकको शृङ्खला लगभग तीन महिनाभित्र घटित भएको अनुमान गर्न सकिन्छ । अखिलसँगको भेटघाटपछि कथाको सुरुवात भई आमासँगको वार्तापछि कथाको अन्त्य भएको छ । यस कथामा बाह्य द्वन्द्वभन्दा म पात्रको आन्तरिक द्वन्द्व प्रवल रूपमा आएको छ । म पात्रले अखिल स्वीकार्ने कि नस्वीकार्ने सम्बन्धमा धेरै कुराहरू सोचेको छ । आमाले कोकिलाको विवाहको कुरा अखिलसँग उठाउँदा उसले केही भन्न नसकी अन्यौलमा पर्छे । दशैंको समय आदि कुराले समयको बोध गराएको छ ।

**(घ) भाषा**

'सूर्यमुखी' कथाको भाषा सरल र सटिक छ । यस  कथामा कतै कतै टुक्काको प्रयोगले  कथालाई अझ स्वाभाविक किसिमको बनाएको छ । कथामा झर्रा नेपाली शब्दको पनि त्यतिकै मात्रामा प्रयोग पाइन्छ । जस्तैः गचक्क, प्याट्ट, आदि । यस कथामा अङ्ग्रेजी शब्दहरू पनि प्रसङ्गवश आएका छन् । जस्तैः डेकोरेशन, पि-नट-बटर, क्यारिकेचर, पर्सनल रिलेसन, सपिङ्ग, कफी हाउस आदि । यी शब्दले कथामा कुनै किसिमको अस्वभाविकता स्थापना गरेको छैन । कतै-कतै प्रतीकहरूको प्रयोग गरिएको छ । सूर्यमुखी फूल मानवीय स्वभावको प्रतीक हो भने 'म' पात्रका काठमाडौंका बूढीकन्या नेवार्नीहरूको प्रतीक हो । यसमा अलङ्कारले भरिपूर्ण भाषाको प्रयोग छैन । लेखनशैली सरल देखिनुका साथै आत्मकथनात्मक शैलीको प्रयोग छ । कथामा प्रयुक्त वाक्यहरू छोटा र छरिता छन् ।

**(ङ) दृष्टिविन्दु**

प्रस्तुत कथामा प्रथम पुरुषवाची आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ । 'म' पात्र (दीपा) नै यस कथाको मुख्य चरित्र हो । कथाकारका विचारहरू दीपामार्फत् जाहेर भएका छन् । 'म' पात्र अखिलको प्रेममा फस्नु, उमेरको कारण बीचमा अन्योलको वातावरण देखा पर्नु, काठमाडौंका हजारौं नेवार्नी बूढीकन्याको सूचीमा आफूलाई पनि परेको महशुस गर्नु, आमाको भनाइबाट आफू सर्पदशमा पर्नु आदि मनमा आइपर्ने सञ्चारी भावहरूलाई कथाकारले 'म' पात्रका माध्यमबाट पेश गरेका छन् ।

**(च) उद्देश्य**

सामाजिक यथार्थ पक्षलाई मनोविश्लेषणात्मक ढङ्गले देखाउनु यस कथाको उद्देश्य हो । समाजमा देखापर्ने समस्यालाई यहाँ प्रस्तुत गरिएको छ । आइमाईमा देखापर्ने स्वाभाविक परिवर्तन, मानसिक चेस्टा, यौन सक्रियता आदि पक्षलाई कथामा उतार्नु नै यस कथाको उद्देश्य हो । एउटी अविवाहित नारीको यौनकुण्ठा उतार्न कथाकार सफल देखिएका छन् ।

### ४.५.३ चुपचाप टेलर

**(क) कथावस्तु**

'चुपचाप टेलर' सामाजिक समस्यामूलक कथा हो । समाजसेवा एक मह□वपूर्ण कार्य भएको र पारिवारिक समस्याभन्दा सामाजिक समस्या जटिल हुन्छ भन्ने भनाइलाई प्रष्ट पार्दै यस कथामा मानिसमा हुने दुर्गुण र समाजको प्रगतिलाई एकैसाथ राखेर हेरिएको छ । समाजमा केही गर्छु भन्ने मानिस कम हुने तर पेटको समस्याले समाज सुधारको भावनामा ठेस लाग्ने, जस्तोसुकै कठिनाई सहनु परे तापनि परिश्रमी र महान् हृदय भएका व्यक्तिहरू विचलित हुँदैनन् भन्ने मनसायलाई यस कथामा प्रस्तुत गरिएको छ । यस कथामा 'धने' नामक एक लाटो (माष्टर) ५/६ वर्षको उमेरमा टाइफाइडले लाटो भई उसका आमाबुवाले गोरखपुरमा सीपमूलक शिक्षा सिक्न स्कूलमा भर्ना गरिदिन्छन् । शिक्षा प्राप्त गरिसकेपछि उसले टेलरिङ, बिजुली, सिकर्मी आदिका तालिम तथा शिक्षा अन्य मानिसहरूलाई दिंदै जान्छ । समाजसेवाका लागि बाहिर स्कुल खोल्छ र पढाउँछ । सामाजिक सेवा गर्दा उसले घरव्यवहार समात्न सक्दैन । उसको आर्थिक स्थिति दयनीय हुँदै गएको छ । घरपरिवारले नेता हुँदै नहिँड्न भनी रोक्दा पनि उसको मनमा समाजसेवाको भावना तीव्र भएर आएको कुरालाई यहाँ कथावस्तुका रूपमा ल्याइएको छ । कथावस्तु रैखिक ढाँचामा शृङ्खलाबद्ध छ । आदि, मध्य र अन्त्यको क्रममा मिलेको भए पनि झिनो र खिरिलो देखिन्छ । खासगरी समाजसेवाको भावना लिएर हिँड्ने मानिस जस्तोसुकै अवस्थामा पनि विचलित हुँदैनन् भन्ने भनाई यहाँ छ । मास्टरले सीपमूलक तालिमकेन्द्र खोल्ने बेलासम्मको भाग आदि भाग हो, तालिमकेन्द्र खोलेपछि उसले बुवाका गाली खाने बेलासम्मको भाग मध्य भाग हो भने त्यसपछि उसको मनमा वितृष्णा उब्जने समय देखेपछिको भाग अन्त्य भाग हो ।

**(ख) पात्र :**

प्रस्तुत कथाका पात्रहरू मास्टर 'धने' उसको बुवा, आमा, श्रीमती आदि हुन् । मास्टर यस कथाको केन्द्रीय पात्र हो । ऊ स्थिर पात्र हो । ऊ परम्परागत मूल्य

मान्यतालाई तोड्दै सधैँ अगाडि बढिरहने पात्र हो । आफ्ना शारीरिक कमजोरीको कारण पनि उसले प्रगति गर्न छाडेन । आफ्ना निजी व्यवसाय टेलरिङ्गमा विहान बेलुका काम गरेर भए पनि परिवार पाल्ने र दिनमा अपाङ्गलाई शिक्षादीक्षा दिनको लागि विद्यालय खोली समाजसेवा गर्छ । अशक्त समाजको लागि आफ्नो परिवार बिर्सने आफू अपाङ्ग भएर पनि कुनै कार्य गर्न सजिलैसँग सक्ने साधना उसँग छ । समग्र समाजको प्रगति नै आफ्नो प्रगति हो भन्ने धनेले हरसमय काम गरेर बिताउँछ ।

धनेका बुबा सहायक चरित्रका साथै स्थिर पात्र हुन् । उनले परम्परागत धारणालाई त्याग्न सक्दैनन् । छोरो समाजसेवामा लागेको देखेर घरपरिवारको उन्नतिमा बाधा लाग्ने मानी छोरालाई अलग पारेर छोराको सम्बन्धसमेत त्याग्ने धम्की दिन्छ ।

यस कथामा आएका अन्य सबै गौण पात्र हुन् । जसको कथामा खासै भूमिका छैन ।

**(ग) परिवेश**

'चुपचाप टेला' कथाको परिवेश सहरीया जीवन हो । एक सामान्य पारिवारिक स्थितिको यहाँ जीवन्त तस्विर देख्न सकिन्छ । मास्टरको घरलाई हेर्दा एक टेलरिङ, मेसिन, लुगा कपडाले ऊ एक सामान्य टेलर भन्ने सङ्केत गर्दछ । 'चुपचाप टेलर' भन्ने साइनबार्डले लाटहरूले शिक्षा लिने ठाउँ भन्ने बुझिन्छ । सीपसम्बन्धी तालिम केन्द्रमा बिजुली सिकर्मी, लुगा सिउने शिक्षा दिने लाटाहरूले पढ्ने वर्णमाला बनाउने भएपछि मुख नबोल्नेका लागि शिक्षा भन्ने बाह्य वातावरणले देखाउँछ । यी बाह्य परिवेशका साथै आन्तरिक परिवेश पनि यस कथामा उत्तिकै देखिन्छ । धनेका मनमा अनेक तरङ्ग उत्पन्न हुन्छन् । ऊ लाटो भएर पनि बुबालाई सम्झाउन खोज्छ । बुबाले छोरालाई थर्काउनु बाह्य द्वन्द्व हो । धनेका मनमा उब्जने सङ्घर्षको भावना आन्तरिक द्वन्द्व हो ।

**(घ) भाषा :**

प्रस्तुत कथाको भाषा स्वाभाविक छ । सरल, स्पष्ट र सटीक भाषाको प्रयोग गरिएको व्यवहारिक बोलिचालीका शब्द छन् । कथामा उखान टुक्काको प्रयोग प्रशस्त पाइन्छन्, जस्तैः पेट पाल्नु, दुई डुङ्गामा खुट्टा टेक्नु, धुरी चढ्नु आदि । यस कथामा छोटा-छोटा वाक्यको प्रयोग गरिएको छ । कथामा प्रतीकात्मक भाषाको प्रयोग नभए पनि कतै कतै प्रतीकको प्रयोग भने गरिएको छ । यस कथाको शीर्षक नै प्रतीकात्मक किसिमको छ । स्कुल समाजसेवाको प्रतीकको रूपमा आएको छ । यस कथाको भाषा आलङ्कारिक किसिमको छैन । मास्टरका मानसिक बिम्बका रूपमा उसका क्रियाकलाप र इसाराबाट बुझ्न सकिन्छ । कथामा साङ्केतिक भाषाका साथै नेपाली झर्रा शब्दको

बाहुल्यता छ भने अङ्ग्रेजी शब्दको प्रयोग पनि गरिएको छ । यस कथाको सम्वादमा कतिपय खाली स्थान पनि आएका छन् । यसमा कतिपय अवस्थामा अपूर्ण वाक्यको पनि प्रयोग गरिएको छ ।

### (ङ) दृष्टिविन्दुः

प्रस्तुत कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । तृतीय पुरुष अन्तर्गत सीमित दृष्टिविन्दु अँगालिएको छ । कथामा धनेले गर्ने क्रियाकलाप र उसको आदर्श जीवन सम्बन्धी कथाकारले चर्चा गरेका छन् । बुबाले समाजसेवा गर्ने काममा नलागी घरको व्यवहार सपार्ने भन्दा "सेवा गर्छु भन्दा यसमा मेरो के पाप ? के गल्ती ? तपाई बरु आशीर्वाद दिनुपर्छ ।"[छण] भन्छ । वास्तवमा यो लेखकीय विचार हो सो धनेका मुखबाट बोलिन्छ । यही केन्द्रीय चरित्रका आधारमा कथा रचिनुका साथै कथादृष्टि पनि सार्थक देखिन्छ ।

### (च) उद्देश्य

प्रतीकात्मक शीर्षक अँगालेर लेखिएको यस कथामा कथाकारले खास गरी समाजसेवाको भावना उच्च हुनुपर्ने आदर्श भावनाले प्रेरित हुनुपर्ने बताएका छन् । कथा आदर्शतर्फ उन्मुख देखिन्छ । सामाजिक कठिनाइलाई समेत सङ्केत गरी आग्रहमुखी उद्देश्य प्रस्तुत छ । समाजसेवाको भावना मनभित्र हुन्छ । शारीरिक रूपमा अशक्त भए पनि आन्तरिक भावना जागृत भयो भने जस्तोसुकै कार्य पनि सफल हुन्छ भन्ने पाठ सिक्न सकिन्छ ।

## ४.५.४ डबल बेड

### (क) कथावस्तु

'डबल बेड' सामाजिक समस्यामा आधारित मनोवैज्ञानिक कथा हो । यहाँ मानसिक हीनताबोधका रूपमा पात्रगत समस्यालाई देखाइएको छ । महिला र पुरुष पात्रलाई उभ्याई समझदारीको अभावमा घरको वातावरण निरस हुने र पारिवारिक जीवन नै बेकार हुने अवस्थाको कुरालाई अगाडि राखिएको छ । यस कथामा 'म' पात्रले सगुन नामकी केटीसँग विवाह गरेको छ । केही समयसम्म उनीहरूको जीवन सुखमय रूपमा बिते पनि सगुन पार्टीमा व्यक्त रहेको कुरालाई लिएर 'म' पात्रले आफ्नी श्रीमतीले आफूलाई मन नपराएको अनुभव गर्दछ । पार्टीमा ती कुरा गर्नु, 'म' पात्र नाकरीमा  जाँदा घरमा एकछिन नबस्नु, साथी अनुसँग गएर हरसमय बिताउनु,

---

[५०] ऐजन, पृ. २० ।

कोठामा कपडा तथा अन्य सामानहरू छरपष्ट हुनु जस्ता कुराले 'म' पात्रले श्रीमतीमाथि शङ्काको दृष्टिले हेर्छ । पहिले पुतलीसँग खेलेको जस्तो जीवन अब अर्कै रूपमा परिणत हुन्छ । उसकी श्रीमती 'सगुन' ले उसलाई माया गरेर प्रेमीको व्यवहार गरे पनि उसले मोह छैन भनेर टार्छ । आफ्नो हीन भावना पैदा भएर शनिबारसमेत घरमा बस्न मन पराउँदैन । राति सुत्दा, खाँदा पनि औपचारिकतामा लोग्नेस्वास्नी सम्बन्ध गासिए जस्तो हुन्छ । कथाको कथानक विकासमा आदि, मध्य र अन्त्य भागको शृङ्खला मिलेको छ । कथानकको आदि भाग 'म' पात्र कार्यालयबाट घर फर्केपछि सगुन घरमा नआइपुगुन्जेलसम्मको घटनालाई मान्न सकिन्छ । सगुन घरमा आएपछि आफ्नो खबर बताउनु, अनुसँग दिनभर बसेको कुरा गर्नु, झर्कनु र खाना खाई सुत्ने बेलासम्मलाई मध्य भाग मान्न सकिन्छ भने डबल बेडमा सुतेपछि दुबैले आफूलाई एक्लो पाई बत्ती निभाउने बेलासम्मको भाग अन्त्य भाग हो । कथावस्तु मध्य रैखिक ढाँचामा उनिएको छ ।

**(ख) पात्र**

'डबल बेड' कथाका पात्रहरू 'म', सगुन (म पात्रकी श्रीमती) र अनु हुन् । यहाँ अल्प पात्रीय विधान गरेर पात्रका मानसिक खलबलीलाई सूक्ष्म विश्लेषण गरिएको छ । 'म' पात्र यस कथाको प्रमुख पात्र हो । ऊ एक हीनग्रन्थिले ग्रस्त पुरुष पात्र हो । ऊ एक शिक्षित भैकन पनि सङ्कोची र शङ्कालु छ । अन्तर्मुखी चरित्र उसमा विद्यमान छ । समाजको ऊ एक वर्गगत चरित्र हो । आफ्नो श्रीमती सगुनको अति प्रशंसा गर्न पछि नपर्ने 'म' पात्र श्रीमतीले पार्टीमा हाँसेका बोलेका कुरा र अन्य साथीहरूको सम्पर्कले गर्दा श्रीमतीको चरित्रमा शङ्का गर्ने स्थिर, प्रतिकूल पात्रजस्तो देखिन्छ । ऊ मानसिक रूपमा आफै हीनताबोध गरेर आफूलाई पक्षघात भएकोसमेत अनुभव गर्छ ।

सगुन यस कथाकी नारी पात्र हो । ऊ एक वर्गगत स्त्री पात्र हो । ऊ बहिर्मुखी हुनुको साथै फरासिली र गतिशील छ । ऊ अनुकूल चरित्र हो तर उसको श्रीमान्ले उसलाई प्रतिकूल ठाने पनि वास्ता गर्दिन । उसको सामाजिक परिवर्तन चाहने गतिशील भावनाले श्रीमान्को सामु आफूलाई कमजोर पाउँछे ।

अनु लगायतका पात्रहरूको नाम प्रसङ्ग अनुकूल आउँछन्, जसको यस कथामा कुनै भूमिका छैन । यी पात्र यस कथाका गौण पात्र हुन् ।

**(ग) परिवेश**

प्रस्तुत कथाको स्थानगत परिवेश एउटा घर हो । घरको वातावरण नै यस कथाले विभिन्न बिम्बात्मक प्रस्तुतिका रूपमा प्रकट गरेको छ । यहाँ कोठा उजाड

देखिन्छ । भित्तामा श्रीमान् श्रीमतीको फोटा टाँसिएको, डबल बेड, कोठाभरि छरपष्ट मालसामान देखिन्छन् । अफिस छुट्ने समयपछि राती १२ बजेसम्मको समयभित्रका घटनाक्रमलाई कथावस्तुमा उनिएको छ । यस कथामा ब्याकुल जोडीको मानसिक संवेगलाई उजिल्याइएको छ । 'म' पात्रको मनोयथार्थ नै यस कथाको परिवेश हो । आन्तरिक द्वन्द्व यहाँ प्रबल रूपमा देखिन्छ । सगुन र म पात्र बीचको केही बाह्य द्वन्द्व पनि त्यत्तिकै सशक्त देखिन्छ ।

**(घ) भाषा**

'डबल बेड' कथाको भाषा सरल, स्पष्ट र सहजै बोध गर्न सक्ने किसिमको छ । कथामा बोलिचालीको भाषा हुनुका साथै झर्रा शब्दको प्रयोग छ जस्तैः परिक्रमा, उसिनिनु, गोठाला, ठिङ्ग आदि । कतै-कतै अङ्ग्रेजी शब्द व्यावहारिक रूपमा प्रयोग भएका छन् । जस्तैः वाइक, बेक, नट, टिफिन, भेराइटी, फ्लावर पट, ड्रेसिङ टेवल, डबल बेड, फोटोग्राफ, अनकल्चर्ड आदि । यस कथामा कतिपय स्थानमा अपूर्ण वाक्यहरूको प्रयोग गरिएको छ । त्यस्ता कतिपय वाक्यमा खाली ठाउँ पनि छाडिएको छ । जस्तैः

"उफ् ! डार्लिङ . . . एकछिन लेट भयो त . . . यसमा यति धेरै रिसाउनुपर्ने कुरा नै के छ र ? यी त माइनर कुरा हुन् . . . म त फेरि तिम्रै लागि . . . ।"[५१]

यस कथाको शीर्षक प्रतीकात्मक छ । 'डबल बेड' ले कुनै अमूर्त कुराको सङ्केत गर्दछ । कोठाको अस्तव्यस्तता हीनभावनाको प्रतीक हो । पार्टीमा दिएको प्रवचन लोग्नेप्रति गरेको व्यङ्ग्यवाणको सङ्केत हो । कथाको शीर्षक विषयवस्तु अनुकूल सार्थक छ ।

**(ङ) दृष्टिविन्दु :**

प्रस्तुत कथामा प्रथम पुरुषवाची आन्तरिक दृष्टिविन्दुको प्रयोग छ । 'म' पात्रको मनोबिम्बलाई कथामा कथाकारले बढो मीठो तरिकाले व्यक्त गरेका छन् । चरित्रगत कमजोरी, शङ्का, तनाव, छटपटीजस्ता विषयलाई कथाकारले 'म' पात्रका माध्यमबाट व्यक्त गरेका छन् । माथिका साझा समस्याका रूपमा 'म' पात्रलाई भूमरीमा पारेर सारा कथामा घटित शृङ्खलालाई निराश एवम् एक्लो परिवेशमा धकेल्नु लेखकीय दृष्टि छ ।

**(च) उद्देश्य :**

राम्री स्वास्नी हुने श्रीमान्का मनमा पैदा हुने संस्कारगत दुर्बलता, पुरुष केन्द्रित समाजका परम्परागत मूल्य र अनुदारवादी सोंचलाई छर्लङ्ग पार्नु नै कथाको उद्देश्य

---

[५१] ऐजन, पृ. २५ ।

हो । पुरुष जातिमा पैदा हुने हीनभावनालाई कथाकारले प्रष्ट पारेका छन् । कथाकारले पुरुष जातिले यस्तै हीनभावना पालिराख्ने हो भने जीवन नीरस हुने खबरदारी पनि गरेका छन् ।

### ४.५.५ मृगतृष्णा

**(क) कथावस्तु :**

'मृगतृष्णा' युवापुस्ताको विकृत मनस्थितिको यथार्थता झल्किने सामाजिक समस्यामूलक कथा हो । पाश्चात्य जीवनशैलीलाई मन पराउने वर्तमान युवापुस्तालाई व्यङ्ग्य गर्दै नेपाली संस्कृतिप्रतिको मोहलाई कथामा तीव्र पारिएको छ । अमेरिकामा गई उतै घरजम गर्ने, पाश्चात्य जीवन परम्परालाई स्वीकार गर्दै एक युवक 'म' पात्र सहरको एक झोंछे रेष्टुरेन्टमा गाँजा र रक्सीको नसाले मात्तिएकी एउटी अमेरिकन युवतीलाई भेट्छ । आफू पनि रक्सीले मात्तिएको बेलामा ती दुवै एक आपसमा अँगालोमा बाँधिई प्रेम साटासाट गर्छन् । अमेरिका गएर उतैको रहन सहनमा रम्ने कल्पना बोकेको 'म' पात्र त्यस अमेरिकन केटीको उठबसमा र उसको पैसाको लोभमा फस्छ । त्यस केटीले उसलाई भरपुर प्रेम गरेको देखेर मख्ख परेको 'म' पात्र त्यो गोरी केटीले नेपाली देश, यहाँको प्रकृति, संस्कृति मन्दिर, हिमाल, प्राकृतिक जीवनलाई मन पराएर आफ्नो भिसा लम्ब्याउने आशय बुझेपछि नेपाली संस्कृतिलाई मन पराउन पुगेको छ । कथा रैखिक ढाँचामा शृङ्खलित छ । आदि, मध्य र अन्त्यको भाग मिलेको छ । 'म' पात्रले आफ्नो मनस्थिति जाहेर गर्ने बेलासम्मको भाग आदि भाग हो, अमेरिकन केटीसँग भेट भएर उसँग बसउठ गरेर हिँडेको सम्पूर्ण घटना मध्य भाग हो । त्यसपछि 'म' पात्रको मनमा परिवर्तन आई नेपाली संस्कृतिको मोह जागेपछिको सम्पूर्ण भाग अन्त्य भाग हो । लघु आकारमा भएको कथामा पातलो रूपमा कथावस्तुलाई उनिएको छ । कथा चुस्त र छरितो छ ।

**(ख) पात्र :**

'मृगतृष्णा' कथाका पात्रहरू 'म' पात्र र अमेरिकन युवती हुन् । 'म' पात्र २८ वर्षीय एक परिपक्व अवस्थामा पुगिसकेको युवक पात्र हो । ऊ एक पढालेखा छ । आफ्नो केही वर्ष अगाडिको अल्लारे एवम् काँचो मनस्थितिलाई स्मरण गर्दै कथा सिर्जना भएको छ । ऊ पहिले प्रतिकूल पात्र हो किनभने पाश्चात्य जीवन र विकृतिलाई पछ्याएको छ । 'ग्रुप सेक्स' र पटक-पटक श्रीमती फेर्ने परम्परालाई मन पराउँछ, आधुनिकताको नामका विकृत सभ्यतालाई अँगाल्न खोज्छ । रक्सीको झोंक र नसामा मात्तिएकी मैतालु केटीसँग सम्पर्क गर्दछ । विदेशमा गई त्यहाँको रहन-सहनमा

भुलेर रम्न चाहन्छ, पछि 'म' पात्रको मनस्थिति बदलिएको छ । नेपाली संस्कृति, प्राकृतिक मोह यहाँको आदर्श पतिपत्नीको समाजतिर ढल्कदै गई अनुकूल बन्न पुगेको छ । 'म' पात्र मञ्चीय तथा मुक्त पात्र हो । 'म' पात्र सहरी समाजको एक वर्गगत चरित्र हो । मानसिक हीनग्रन्थिले ग्रसित 'म' पात्र अन्तर्मुखी छ । रिचर्ड गुरुङ भनी आफूलाई चिनाउने 'म' पात्र गतिशील स्वभावको छ ।

'डायना' एक स्त्री पात्र झण्डै तीस वर्षकी वैशालु, मैतालु, अमेरिकन केटी हो । ऊ केही समयको लागि नेपाल पर्यटकको रूपमा भित्रिएकी छ । ऊ एक गतिशील एवम् अनुकूल पात्र हो । उसले अमेरिकन अति यान्त्रिकीकरणको संस्कारलाई मन पराउँदिन । नेपाली देश, रहनसहन, संस्कृति र प्रकृतिलाई प्रेम गर्छे । आफ्नो नसामा बिताउने नराम्रो बानीलाई त्यागेर नेपालीजस्तै भई नेपालमा नै घरजम बसाउन चाहन्छे । उसले नेपाललाई आफ्नो बनाउन पैसाको पनि प्रवाह गरेकी छैन । डायना यस कथाको मुक्त एवम् मञ्चीय पात्र हो । गतिशील स्वभावकी भए पनि पाश्चात्य छाडापनबाट आफूलाई टाढा राख्न सकेकी छैन ।

**(ग) परिवेश :**

'मृगतृष्णा' कथाको स्थलगत परिवेश सहर हो । रेष्टुरेन्ट, सडक, गल्ली, सहरी कोठा, रक्सीले मात्तिई हिँड्ने वर्गको वातावरणीय तस्वीर कथामा उद्घाटित छ । कथा केही मनोवैज्ञानिक पनि भएकाले 'म' पात्रको मानसिक वातावरणको पनि कथामा उत्तिकै महत्व छ । अमेरिकाको फ्रिलाइफ, डिस्को, बारहरू, लाइभ सो, सेक्स सप, टि.भी., कार, बेसबल, टेनिस जस्ता कुराहरू उसको मानसिकताका वातावरणीय तस्वीर अन्तर्गत पर्दछन् । नेपालको प्रकृति, हिमालय, गाउँले जीवन, नेपाली युवतीको रहन-सहनको स्थिति आदि कुराहरू पनि प्रसङ्गवस कथामा आएका छन् । यस कथामा आन्तरिक द्वन्द्व प्रबल रूपमा आएको छ । 'म' पात्र रिचर्ड गुरुङको मनको भौतिकवादी संस्कृति र अध्यात्मवादी संस्कृतिबीच द्वन्द्व उत्पन्न भएको छ । डायनाको आन्तरिक द्वन्द्व प्रबल छ । उसले आफ्नो देशमा नफर्कने र नेपालमा नै बस्ने अप्रत्यक्ष प्रयत्न गरेकी छ । यस कथामा अमेरिका, यु.के., फ्लोरिडा, झोछें आदि स्थानगत परिवेशको पनि उल्लेख गरिएको छ ।

**(छ) भाषा :**

प्रस्तुत कथाको भाषा सरल र स्पष्ट किसिमले बुझिने खालको छ । कथामा झर्रा नेपाली शब्दहरू जस्तै चुम्बन, अँगालो, गिल्ला, वाक्क आदिको प्रयोग भएको छ । कथामा अमेरिकन युवतीलाई पात्रको रूपमा उभ्याइएको हुँदा अङ्ग्रेजी शब्द, शब्दावली

तथा सानातिना सम्वादको पनि प्रयोग गरिएको छ । जस्तै : चेन्ज, अप्टिमिस्टिक, ब्रेन, हेट, लाइफ स्टाइल, एअरकन्डिसन, ग्रुप-सेक्स, थैंक्स, फ्रिक, सेक्स सप आदि । यस कथामा पात्रअनुसारको भाषाको प्रयोग गरिएको छ । अभिधा अर्थमा नै कथा बुझिन्छ । कथाले नेपाली युवा समाजको प्रतिनिधित्व गरेको छ । नेपाली नारीहरूले नेपाली समाजको प्रतिनिधित्व गरेका छन् । कतै-कतै टुक्काको पनि प्रयोग छ । शीर्षकले कुनै अनौठो सङ्केत गर्दछ जुन 'म' पात्र नै त्यसमा रुमल्लिएको छ । 'मृगतृष्णा' कथामा प्रयोगवादी शैलीशिल्पलाई गरिएको छ ।

(ङ) **दृष्टिविन्दु :**

'मृगतृष्णा' कथामा प्रथम पुरुषवाची आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । डायनाको र आफ्नो घटनाबारे उसले स्मरणमा राखेर तटस्थ भएर कथा भन्छ । सम्पूर्ण कथामा 'म' पात्रको उपस्थिति रहन्छ । मानसिक संवेगमा आफूलाई कहिले अमेरिकामा, कहिले रेष्टुरेन्टमा, कहिले डिस्को, डान्स र बारहरूमा, कहिले नेपाली डाँडाकाँडामा र हिमालमा घुमाउँछ । कथाकारले युवापुस्ताको वर्तमान सोचाइ, प्रतिभा पलायनको स्थिति, पश्चिमेली प्रवृत्ति र विदेशी प्रवृत्तिहरूले युवावस्थामा पारेको नकारात्मक छापलाई समेट्दै आत्मसात गरी कथा लेखेका छन् । आफ्नो धारणालाई अगाडि राख्दै 'म' पात्रमार्फत् आदर्शको भावना पाठकमा प्रेसित गर्ने जमर्कोसमेत गरेका छन् ।

(च) **उद्देश्य :**

'मृगतृष्णा' कथाको प्रमुख उद्देश्य भनेको वर्तमान युवा पिंढीमा बढ्दै गइरहेको विदेशमोहलाई घटाई आफ्नो देश, संस्कृति, रीतिरिवाजप्रति मोह जगाई आफ्नै देशमा श्रम गरेमा आफ्नै देश पनि विदेशजस्तै विकसित हुन सक्ने अवस्थाको सिर्जना गर्न सकिन्छ भन्ने रहेको छ । वर्तमान युवा पिंढीले परिकल्पना गरेको पाश्चात्य समाज वास्तवमा मानवलाई उपयोगी छैन, आफ्नै संस्कृति र आफ्नैपनलाई जगेर्ना गरी पलायनको भावना त्याग्नु कथाको मूल सन्देश रहेको छ । यस कथामा यान्त्रिकीकरणको विरोध गर्दै प्राकृतिक सुन्दता, मनमोहकताप्रतिको मायालाई उजिल्याइएको छ ।

### ४.५.६ अन्तरबिन्दु

(क) **कथावस्तु :**

'अन्तरबिन्दु' कथा स्त्री मनोवैज्ञानिक कथा हो । महिलामा आउने स्वाभाविक परिवर्तनलाई दार्शनिक रूपबाट कथाको उठान गरिएको छ । समय सधैं एकनाश

हुँदैन । एउटाको प्राप्तिपछि अर्को वस्तुको मूल्यमा ह्रास हुन्छ भन्ने कुरा यस कथामा देखाइएको कुरा कथानकको रूपमा आएको छ । यस कथामा 'म' पात्र 'निलु' र उसको दाजु 'दिनेश' कक्षाका साथी हुन् । उसको दाजुसँग 'म' पात्र दिनहुँजस्तो क्याम्पस, सिनेमाहल, पार्क घुम्नसँगै जाने गर्छे । जतिबेला पनि सँगै हुने दाजुबहिनीको जस्तो व्यवहार नभई मित्रवत् व्यवहारझैं भएका छन् । उनीहरू एकअर्कालाई खुब माया गर्छन् । भावी जीवनका कुराहरू पनि एक अर्कालाई सघाउने समझदारी गर्दछन् । यत्तिकैमा दाजुको विवाह भएपछि निलुलाई एक्लिएको महसुस हुन्छ । आफू दाजुको समीपमा हरसमय व्यतित गरेको निजत्व भाउजूले लुटेको उसलाई लाग्छ । उसलाई घरपरिवार सबै शून्य भएझैँ लाग्ने हुन्छ । विस्तारै 'निलु' कमलसँग प्रेममा फस्छे, ऋतु परिवर्तन भएझैँ उसको मन पनि परिवर्तन हुन्छ । उसले भाउजू र दाजुलाई अनावश्यक दोष दिएझैँ लाग्छ । संसारको रीत बुझेपछि 'म' पात्रले आफूलाई परिपक्वता भएको महसुस गरेकी छ । कथाको कथावस्तु रैखिक ढाँचामा छ । आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । कथामा 'म' पात्रको दाजुको विवाह नहुँदासम्मको भागलाई आदि भाग, मनमा प्रेम भाव उब्जेको, शून्यता महसुस भएको, एक्लोपनको समय र कमलसँग भेट नहुँदासम्मको भागलाई मध्य भाग र कमललाई भेटेपछि प्रेम बढेसम्मको भागलाई अन्त्य भाग भनेर विभाजन गर्न सकिन्छ ।

**(ख) पात्र :**

'अन्तरविन्दु' कथामा 'म' पात्र 'निलु' प्रमुख पात्र हो । उसको दाजु दिनेश सहायक पात्र हो । अन्य पात्र गौण पात्र हुन् । 'म' पात्र एक गतिशील एवम् अनुकूल पात्र हो । ऊ इलेक्ट्राग्रन्थिबाट ग्रसित छे । दाजुतर्फको निजत्व आफूबाट खोसिएकोमा ऊ खेद प्रकट गर्छे । उसले एक पुरुषभन्दा अर्को पुरुषसँग आँखा गाडेकी छैन । मानिसमा आउने स्वाभाविक परिवर्तनसँग उसले सामिप्यता गाँसेकी छ । म पात्र एक वर्गीय चरित्र, जवान, साम्य आदर्शवान् सुन्दरी हो । अन्तर्मुखी स्वभाव भएकी मुक्त तथा मञ्चीय पात्रका रूपमा 'म' पात्र यस कथामा उपस्थित भएकी छ । वर्गीय चरित्रको रूपमा उसले भन्छे- 'जिन्दगीका यी सम्पूर्ण आयामहरू मानौं मौसमको परिवर्तन हो ऋतु परिवर्तन हो'[५२] । पहिले जीवनलाई मरुभूमिको सिउँडीसँग तुलना गरेकी 'म' पात्र पछि जीवनलाई गतिशील ठान्छे ।

दिनेश यस कथाको सहायक पात्र हो । दिनेश एक वर्गीय बहिर्मुखी अनुकूल पात्र हो, उसले जीवनलाई अत्यन्त सहज रूपले स्वीकारेको छ । बहिनीलाई अति माया

---

[५२] ऐजन, पृ. ४४ ।

गर्छ र भन्छ- "निलु तिमी धेरै पढ अन्तरालमा कुनै केटा मन परायौ भने म तिमीलाई हेल्प गर्नेछु ।"[५३] दिनेश सभ्य र शिक्षित छ । उसले बुबाआमाको साथै बहिनीको समेत कुरा काट्न सक्दैन । पत्रपत्रिका र सिनेमाप्रति उसको अत्यन्त मोह छ । ऊ एक गतिशील पात्र भएकाले जीवनका हरेक मोडमा आफूलाई समयानुकूल पार्दै लागेको छ ।

यस कथामा आएका दिनेशका आमाबुबा, उसले विवाह गरेर ल्याएकी श्रीमती 'म' पात्रको प्रेमी कमल र अन्य विद्यार्थीहरू सबै गौण पात्र हुन् । तिनीहरूको कथामा खासै कुनै किसिमको भूमिका छैन ।

(ग) **परिवेश :**

प्रस्तुत कथाको परिवेश सहरीया मध्यम वर्गीय परिवारमा सीमित छ । काठमाडौंको एक घर, क्याम्पस, सिनेमाहल, घुम्ने ठाउँ आदि स्थानमा घटनाहरू घटेका छन् । युवा अवस्थामा मानिसमा आउने मानसिक संवेगलाई वर्णन गरिएको छ । किशोरावस्थादेखि जवानी अवस्थासम्मको दाजुबहिनीको स्वभावलाई परिस्थितिवश आउने परिवर्तन मान्न सकिन्छ । यो कथा मनोवैज्ञानिक कथा भएकोले 'म' पात्रको आन्तरिक परिवेश सशक्त छ । यस कथामा आन्तरिक द्वन्द्वको प्रबलता छ । दिनेशले 'सगुन' भन्ने केटीसँग प्रेम गरी त्यसलाई पाउन आन्तरिक रूपमा सङ्घर्ष गरेको छ । 'म' पात्रले दाजुसँगको उठबस खोसिएको र निजत्व लुटिएकोमा दाजु-भाउजूसँग आन्तरिक रूपमा द्वन्द्व गरेकी छ । बाह्य पक्षभन्दा आन्तरिक पक्ष बढी सबल रूपमा आएको छ ।

(घ) **भाषा :**

प्रस्तुत कथाको भाषा सरल, सहज र रोचक बनेको छ । कतै कतै उखानको प्रयोग गरी कथा मिठासले भरिपूर्ण बनाइएको छ । मरुभूमिको सिउँडीझैँ पालिएको जीवन आदि सन्दर्भहरूको प्रयोग प्रचुर मात्रामा छ । ओथ्रा, नीरस, मोहक, खर्लक्क जस्ता साधारण बोलिचालीका भाषाको प्रयोग यस कथामा गरिएको छ । पात्रको प्रत्यक्ष विधिबाट तथा नाटकीय रूपमा कथानकको ढाँचा निर्मित छ । कथाको शीर्षक सङ्केतात्मक किसिमको छ । मानिसका समयसमयमा देखापर्ने गतिशील भावनाहरूलाई अन्तरबिन्दुको रूपमा लिई कथाको शीर्षक चयन गरिएको छ ।

---

[५३] ऐजन, पृ. ४१ ।

(ङ) **दृष्टिविन्दु :**

'अन्तरविन्दु' कथामा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म' पात्रको आन्तरिक परिवेश नै यहाँ प्रमुख समस्याको रूपमा आउँछ । उसले दाजुसँगको पहिलेको व्यवहारमा सम्पूर्ण कुराहरू बिर्सेकी छ । उसले जीवनलाई सुन्दर ठान्छे, दाजुको विवाह भए पनि भाउजूसँगै सबै समय दाजुले व्यतित गर्दा आफूलाई मरुभूमिको सुख्खा सिउँडीको रूपमा लिई जीवनलाई व्यर्थ ठान्छे । कमलसँगको प्रेम आरम्भले बल्ल जीवनको वास्तविकता बुझी जीवनलाई मौसमझैँ परिवर्तन हुने ठान्दछे । अन्य पात्र 'म' पात्रकै मनस्थितिका उपज हुन् । कथाकारले मानिसको सहज परिवर्तनलाई नाटकीय रूपमा व्यक्त गरेका छन् ।

(च) **उद्देश्य :**

प्रस्तुत कथाको उद्देश्य विचार वाक्यका रूपमा प्रस्तुत भएको छ । "मलाई लाग्छ जिन्दगीका सम्पूर्ण आयामहरू मानौं मौसम परिवर्तन हो । ऋतु परिवर्तन हो ।"[५४] भन्ने कुरा 'म' पात्रले जाहेर गरेकी छ । यसै कुरामा उसले "समयसँग मानिस कसरी अनुभवको पोका थुपार्दो रहेछ त्यो म हिजो आज भोग्दैछु"[५५] भन्दै जिन्दगीको परिभाषा गरिएको छ । यिनै आदर्श वाक्य नै यस कथाको उद्देश्य मान्न सकिन्छ ।

### ४.५.७ सुषमा

(क) **कथावस्तु :**

'सुषमा' यौनमनोवैज्ञानिक समस्यामूलक कथा हो । भोगवादी जीवन कति निरस र समस्यामूलक हुन्छ, भोगबाहेक अन्य दयामाया भन्ने भावना हुँदैन भन्ने कुरा यहाँ कथानकका रूपमा आएको छ । यस कथामा एक जना प्राध्यापक जण्डिसको बिरामी भएर अस्पतालको बेडमा सुतिरहेको छ । उसकी सँगै बस्ने अविवाहित संगिनी 'सुषमा' बेलाबेलामा त्यहाँ आई उसको हेरविचार र उसका लागि चाहिने सामग्रीको बन्दोबस्त गर्छे । प्राध्यापकले सुषमालाई जति मन पराएर विवाहको प्रस्ताव राखेको छ । सुषमा विवाह नगर्ने, यौनसम्बन्ध राख्ने, सँगै बस्ने स्वीकृति दिएपछि उनीहरू बन्धन र सङ्कीर्णताबाट मुक्त हुन पाइन्न भन्ने आयशले सुषमाले 'म' पात्र भुवनसँग विवाह नगरेकी हो । केही समयपछि भुवन रोगी भएर अस्पतालमा एक्लै कुरिरहन्छ । सुषमा विहान बेलुकी आउँछे, दिउँसो कार्यालय जान्छे । एकदिन भुवनले कार्यालयबाट

---

[५४] ऐजन, पृ. ४६ ।

[५५] ऐजन ।

चाँडै फर्कन प्रयास गर्छ तर सुषमा भुवनलाई चाहिने सामानहरू अरूमार्फत पठाइदिएर पर्यटकीय ग्रुपलाई लिएर पोखरा घुम्न जाने भन्ने समाचार पत्रमार्फत् भुवनलाई जानकारी दिन्छे । यसबाट 'म' पात्रको मनमा उठ्ने तरङ्गहरूले कथालाई संवेदनशील बनाएको छ । विवाह नगरे पनि जीवन संगिनीका रूपमा स्वीकारेकी तर भोगवादी सोचाइ भएकी सुषमा सम्पूर्ण जीवन भोगमय बनाई अस्पतालमा रोगीलाई छाडेर अन्य ग्रुपसँग घुम्न जान्छे । कथाको आदि भाग 'म' पात्र एक्लै रहेको भाग हो, मध्य भाग सुषमालाई भेटेपछि अन्तिम पटक अस्पतालमा भेट्दासम्मको भाग हो, अन्तिम भाग सुषमाको चिठी पाइसकेपछिको अवस्थालाई मान्न सकिन्छ । कथावस्तु खिरिलो भइकन पनि कथा चुस्त छ । आयामका दृष्टिले छोटो छ तर भाव र अनुभूतिको गहिराइ तीव्र छ ।

**(ख) पात्र :**

'सुषमा' कथाको मुख्य पात्र सुषमा हो भने सहायक पात्र भुवन हो । अन्य पात्र नर्स, डाक्टर, पर्यटकीय ग्रुप आदि गौण हुन् । सुषमा पाश्चात्य शैलीबाट प्रभावित भएकी पच्चीस वर्षीय जवान केटी हो । आधुनिक र स्वतन्त्रता चाहने भएर उसले वैवाहिक जीवनलाई पनि संकिर्णता र बन्धन ठान्छे, अत्यन्त भट्किलो फेसनमा हिड्ने, चुरोट पिउने, नयाँ नयाँ सङ्गत मन पराउने उसको बानी छ । उसले एक कम्पनीमा काम गर्छे । विवाह नगरे पनि परपुरुषको कोठामा बस्न, सुत्न, खान कति पनि हिच्किचाउदिन् । सुषमा सुन्दर देखिने एक घरानी केटी हो । ऊ आफूलाई जीवन सङ्गिनी मान्ने भुवनलाई अस्पतालमा छाडेर अन्य ग्रुपसँग घुम्न जान पनि पछि पर्दिन । नेपाली परिवेशमा सुषमा एक प्रतिकूल पात्र हो । गतिशील स्वभावकी मुक्त एवम् मञ्चीय पात्रका रूपमा सुषमा आएकी छ ।

भुवन एक २८ वर्षीय सुन्दर पढेलेखेको युवक हो । उसको स्वभाव सुन्दर छ । उसले सुषमालाई मन पराएपछि विवाहको प्रस्ताव राख्छ । यौन समस्याले पिरोलिएको युवकले सुषमालाई विवाह नगरे पनि श्रीमतीको रूपमा स्वीकार गर्छ । भुवन अस्पतालमा केवल सुषमा कै प्रतीक्षामा रहन्छ । ऊ एक अनुकूल एवम् गतिशील चरित्र हो तापनि उसले मानवीय स्वभावलाई बुझ्न सकेको हुँदैन । मायाममता र दयाले भरिपूर्ण भुवन जब चिठी पाउँछ तब सम्पूर्ण जीवन एकैचोटि छर्लङ्ग पाउँछ । ऊ एक मञ्चीय पुरुष पात्र हो । भुवन पत्रिकाहरू पढ्न मन पराउने एकोहोरो प्रेममा फसेको रोगी मानिसको रूपमा देखा परेको छ । भुवन भोगवादी जीवनलाई राम्रोसँग बुझ्न सक्दैन ।

**(ग) परिवेश :**

प्रस्तुत कथाको स्थानगत परिवेश सहरीया छ । सहरमा एक डेरा छ जहाँ सुषमा र भुवन बस्दछन् । अस्पतालको परिवेश सहयोगीका रूपमा आएको छ । काठमाडौंको परिवेशमा मुख्यतया महिलाले चुरोट पिउने, विवाह पूर्वको यौनसम्पर्क सहज रूपमा लिने जस्ता कुराहरूले पाश्चात्य समाजको झल्को दिन्छन् । पत्रपत्रिकाहरू पढ्ने, क्याम्पस गई पढाउने, ट्राभल एजेन्सीमा काम गर्ने आदि वातावरण देखिन्छ । म पात्रको आन्तरिक परिवेश सशक्त छ । एक जवान युवकको झण्डै २ दिन भित्रमा घटेका घटनालाई कथामा प्रस्तुत गरिएको छ । बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्व सक्रिय छ । कथामा विभिन्न संवेग सशक्त माध्यमका रूपमा आएका छन् । शिष्ट तरिकाले बोल्ने सभ्य व्यवहार गर्नेजस्ता कुराले आधुनिक सभ्य समाजको कल्पना गर्न सकिन्छ ।

**(घ) भाषा :**

प्रस्तुत कथाको भाषा सरल भइकन पनि रोचक छ । पात्र अनुसारको बोलिचालीको भाषाको प्रयोग छ । सम्वादात्मक रूपमा घटनाको वर्णन गरिएको छ । कतै-कतै झर्रा शब्दको प्रयोग छ, जस्तै : थुत्त्विनु, घोप्टिनु आदि । धेरैजसो बोलिचालीमा अङ्ग्रेजी शब्दको बाहुल्यता छ । कथाको शीर्षक प्रतीकात्मक छ । सुषमा भन्ने केटीको नामबाट सिङ्गो सहरीया समाजलाई प्रतीकात्मक रूपमा देखाइएको छ । चुरोट पिउनु स्वतन्त्रता र आधुनिक संस्कारको प्रतीक हो ।

**(ङ) दृष्टिविन्दु :**

'सुषमा' कथामा प्रथम पुरुष बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथामा 'म' पात्र भुवन भए पनि ऊ तटस्थ भएर सुषमाको चरित्रको वर्णन गरेको छ । सुषमा कथामा धेरैचोटि उपस्थित हुन्न तापनि कथाकारले सुषमाका माध्यमबाट आधुनिक समाजलाई पारेको प्रभाव र यौन समस्यालाई यथार्थ रूपमा प्रकट गरेका छन् । यौनसम्बन्धले मानिसलाई अन्धो बनाउँछ । दया मायालाई भोगवादी समाजले किच्दै गएको कुरा कथाले सन्देश दिएको छ ।

**(च) उद्देश्य :**

प्रस्तुत कथाको उद्देश्य भोगवादी जीवन निरस हुन्छ भन्ने हो । यौनराग र प्रणयले मात्रै जीवनलाई सुखमय बनाउँदैन; पाश्चात्य संस्कृतिको अन्धानुकरण गर्नु हुँदैन भन्ने शिक्षा यस कथामा देखिन्छ । कथा मनोवैज्ञानिक यथार्थवादी किसिमको छ । उद्देश्यलाई अप्रत्यक्ष विधिबाट देखाइएको छ ।

### ४.५.८ घडेरी

**(क) कथावस्तु :**

'घडेरी' कथा सामाजिक कथा हो । यहाँ एक कर्मचारीको जीवनलाई विषयवस्तु बनाई समस्याका रूपमा रहेको भ्रष्टाचारी प्रथालाई कथावस्तुका रूपमा लिइएको छ । हरिदत्त बढुवा भएर हाकिम भए पछि कथा सुरु हुन्छ र उनी भ्रष्टाचारको आरोपमा समातिएसम्मको घटनालाई कथावस्तुको आधारको रूपमा स्वीकार गरिएको छ । हरिदत्त इमान्दार भई काम गरेर उपल्लो दर्जामा पुगे पनि घरको व्यवहारबाट उम्कन नसकेको, आर्थिक उन्नति गर्न नसकेको, श्रीमतीले उसलाई जस्तो सुकै काम गरेर भए पनि घडेरी किन्ने, छोराछोरीको विवाह गर्ने, छोराछोरीको बोडिङ् खर्चको बन्दोवस्त गर्नेजस्ता कुराले पिरोलिएर मौका पाउँदा उसले आफ्नो मान-मर्यादा बिर्सेर घुस खान तत्पर भएको छ । घुस खाएर हर्षित भई घर फर्केको हरिदत्तले सबै घरायसी बन्दोवस्तीका काम एकैचोटि सिध्याउने सपना बुनिरहेको बखत विशेष प्रहरी विभागबाट समातिन्छ । कथामा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । समुचित घटनाको सङ्गठनले गर्दा कथा रोचक र प्रभावकारी भएको छ । आयामका दृष्टिले कथा छोटो छ ।

**(ख) पात्र :**

'घडेरी' कथाको मुख्य पात्र हरिदत्त हो । ऊ एक सरकारी कर्मचारी हो । आफ्नो मिहिनेत र इमान्दारिताले गर्दा बढुवाबाट हाकिमसम्म पुगेको छ । पहिले अनुकूल पात्र पछि पारिवरिक समस्या र तनाबले प्रतिकूल भएको छ । सत्चरित्र, निष्ठावान्, राष्ट्रसेवकको रूपमा आफूलाई उभ्याउन सक्षम भए पनि पारिवारिक समस्याले गर्दा र श्रीमतीका आग्रहले गर्दा मतिभ्रष्ट भई घुस खाने विचार गर्दछ । उसका तिखा जुँगा र पातलो जिउ उसका मौलिक परिचय हुन् । गतिशील स्वभावको मुक्त तथा मञ्चीय पात्रका रूपमा हरिदत्त आएको छ । ऊ अन्तर्मुखी पात्र पनि हो किनभने उसले कसैका कुरा सुन्दैन । श्रीमतीसँग चित्त नबुझेका कुरामा पनि एक्लै समाधान गर्दछ ।

हरिदत्तकी श्रीमती यस कथाकी सहायक पात्र एवम् स्थिर पात्र हो । संस्कारगत मान्यताबाट माथि उठ्न नसकेकी उसकी श्रीमती हाकिमहरूले गरेको उन्नतिलाई स्वीकारी आफ्नो श्रीमान्लाई पनि त्यस्तै हुन प्रेरित गर्छे । ऊ मुक्त तथा मञ्चीय पात्र हो । घर परिवार कसरी चलाउने भन्ने कुराले ऊ पिरोलिन्छे । उसले मान-मर्यादा इज्जत-प्रतिष्ठाभन्दा आर्थिक उन्नतिलाई मान्यता दिन्छे । उसलाई यथार्थवादी एवम् वर्गीय चरित्रअन्तर्गत् नै राख्न सकिन्छ ।

अन्य पात्रमा हरिदत्तका छोराछोरी, व्यापारी रामबाबु, लुइटेल बाजेका डाक्टर छोरा, प्रतिश आदि हुन् । यी पात्रहरूको कथामा खासै भूमिका देखिँदैन । यिनीहरू कथामा प्रसङ्गवश आउने गरेका छन् ।

(ग) **परिवेश :**

'घडेरी' कथामा सहरीया परिवेशको चित्रण छ । सहरमा भएको मालपोत कार्यालय, कर्मचारी बस्ने क्वाटर आदि स्थानगत परिवेश हुन् । समाजमा घुस खाने प्रथा प्रशस्त मात्रामा देखिन्छ । यसले इमान्दार र चरित्रवान् मानिसलाई पनि भ्रष्ट बनाएको छ । कहिले हाँसो, कहिले आँसुजस्ता दयनीय परिवेश देखिन्छ । घडेरी किन्ने समस्या, दाइजो प्रथा, समाजमा सम्पतिवाल मानिस सम्मानित हुने अवस्थाले यथार्थ सहरीया वातावरणको सङ्केत गरेका छन् । कथामा बाह्‍य तथा आन्तरिक द्वन्द्व दुबै प्रवल छ । हरिदत्त र उसकी श्रीमतीबीच बाह्‍य द्वन्द्व छ । हरिदत्तको मनमा यथार्थ र आदर्शबीचको द्वन्द्व छ ।

(घ) **भाषा :**

'घडेरी' कथाको भाषा सरल हुनुका साथै तत्सम शब्दको बढी बाहुल्यता छ । किंकर्तव्य, मौनता आदिजस्ता शब्दले कथालाई मीठो बनाएका छन् । यस अनुकूल भाषाको प्रयोग छ, टुक्काको प्रशस्तै प्रयोगले कथामा मिठोपना ल्याएको छ । जस्तै : घरजम गर्नु, कुरा टार्नु, बलेको आगो ताप्नु आदि । यसमा उखानहरूको प्रयोग पनि त्यतिकै मात्रामा पाउन सकिन्छ । जस्तै : जसले मह काढ्छ उसले हात चाट्छ, साँप पनि मरोस् लट्ठी पनि नभाँच्चियोस् आदि । यस कथाको शीर्षक प्रतीकात्मक छ । घडेरी सामाजिक संस्कारको प्रतीक हो । घडेरी सामान्य रूपमा हेर्दा घर बनाउने ठाउँ हो भने यहाँ कर्मचारीले कति घुस खायो भन्ने प्रतीकको रूपमा प्रयोग भएको छ । मञ्चीय दृष्टिले पनि कथा सबल छ ।

(ङ) **दृष्टिविन्दु :**

प्रस्तुत कथामा तृतीय पुरुषवाची सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ, यहाँ प्रत्यक्ष विधिबाट हरिदत्तको चरित्रको वर्णन गरिएको छ । कथामा सुरुदेखि अन्त्यसम्म हरिदत्तको व्यवहार, आचरण र संवेगलाई नै हेरिएको छ ।

(च) **उद्देश्य :**

प्रस्तुत कथाको उद्देश्य अर्काको लहलहैमा लागेर जीवन वर्वाद हुने, सानो गल्तीले सम्पूर्ण मानप्रतिष्ठा, इज्जत डुब्ने, घरपरिवार वरवाद हुने हुँदा त्यसबाट बच्नु

पर्ने हुन्छ भन्नु हो । सहरी परिवेश कसरी भ्रष्ट हुँदै गएको छ । मानिसको बुद्धि संस्कारगत मान्यताले विकृत बनाइदिन्छ भन्ने यस कथाको मूल सन्देश हो ।

### ४.५.९ जिजीविषा

**(क) कथावस्तु :**

'जिजीविषा' कथा स्त्री मनोवैज्ञानिक समस्यामूलक यथार्थमा आधारित कथा हो । यस कथामा एक जवान महिला एक्लै घरमा रहन्छे । उसको पति दिनमा कार्यालयबाट घर फर्कदा ढिलो फर्कने हुँदा उसलाई घर नरमाइलो लाग्ने र एक चङ्गा रुखमा अल्झेको देखेर आफूलाई चङ्गाको अस्थिपञ्जरसँग तुलना गरेर बसेकी हुन्छे । ऊ लोग्नेको जड्याहा बानीले मर्माहत भएकी छ । विवाह गरेको ४/५ वर्ष भइसक्दा पनि बच्चा नहुँदा व्याकुल भएर दिनहुँ जसो बार्दली कुरिरहने बानी परेकी 'म' पात्र यस्तै कुरा सोच्दासोच्दै लोग्ने आउँछ । सारा कुरा बिर्सेर फेरि आफ्नो कामधन्दामा लाग्ने असामान्य अवस्थाको विषयवस्तुलाई कथावस्तुका रूपमा लिइएको छ । कथाको ढाँचा निम्न रैखिक छ । कथामा आदि, मध्य र अन्त्यको भाग मिलेको छ । संरचनात्मक आधारमा कथा छोटो र छरितो छ । कथावस्तु झिनो तर सूक्ष्म विश्लेषणमा आधारित छ ।

**(ख) पात्र :**

'जिजीविषा' कथाको मुख्य पात्र 'म' पात्र हो । ऊ एक गृहिणी एवम् संदीप भन्ने एक जागीरदार व्यक्ति श्रीमती हो । विवाह गरेको ४/५ वर्ष भइसक्दा पनि उनीहरूका बच्चा भएका छैनन् । ऊ एक गतिशील एवम् अनुकूल व्यक्ति हो । उसले लोग्ने बाहेक अन्यत्र आँखा लगाएकी छैन, समाजमा कुभलो पनि चिताउदिन र माइतीको इज्जतको डरले माइत पनि जान्न । 'म' पात्र कथामा मञ्चीय पात्र हो । मानसिक रूपमा ऊ आक्रान्त छे । उसको लोग्ने संदीप एक गतिशील चरित्र अनुकूल पात्र भए पनि पछि प्रतिकूल भएको छ । जाँड खाने साथीभाइको लहैलहैमा श्रीमतीलाई बिर्सेर भान्सा कुराउने उसको बानी भएको छ । श्रीमतीलाई माया उत्तिकै गरे पनि त्यति वास्ता गर्दैन । संदीप समाजको एक वर्गीय चरित्र हो । ऊ एक मञ्चीय पात्र हुनुका साथै मुक्त चरित्रको रूपमा देखा पर्दछ । कथाका अन्य पात्रहरू दिनेश, दिनेशको छोरा सागर आदि गौण पात्र हुन् । अन्य पात्रको भूमिका त्यति सशक्त छैन ।

**(ग) परिवेश :**

प्रस्तुत कथाको परिवेश सहरीया कर्मचारीहरूको जीवनसँग सम्बन्धित छ । सहरको एक घर र त्यस घरबाट देखिने वातावरण बाह्य परिवेशका रूपमा आएका

छन् । घरको बार्दलीबाट देखिने एक बिजुलीको तारमा अल्झिएको एक वर्ष अगाडिको चङ्गाको अस्थिपञ्जर, एक आँपको खुइलिएको रुख र रतिक्रियामा सङ्लग्न भएक हाँसका जोडी आदि बाह्य वातावरणसँग सम्बन्धित छन् । कथामा 'म' पात्रको आन्तरिक परिवेश सशक्त छ । उसले चङ्गाको अस्थिरपञ्जरलाई आफ्नो उजाड जीवनसँग तुलना गर्दै रुखलाई आफ्नो जोवनसँग तुलना गरी हाँसको जोडी देखेर अतालिन्छे कथा एक दिनको घटनाक्रममा सृजना भएको छ । हिउँदको सुख्खा मौसममा वैशालु युवतीको एक्लो मन तड्पिएको छ ।

(घ) **भाषा**

'जिजीविषा' कथाको भाषा सरल र सहज छ । झर्रा शब्दको अधिक प्रयोग छ । जस्तै : ओथ्रा, प्याथ, लथालिङ्ग, पतलिनु आदि । यस कथामा तत्सम र तद्भव शब्दको पनि उत्तिकै प्रयोग छ । पात्रको संस्मरणात्मक एकालापीय शैली प्रयोग गरिएको छ । छोटाछोटा वाक्य गठन, सुन्दर वाक्य योजनाले कथालाई उत्कृष्ट बनाएको छ । कथा प्रतीकात्मक छ । हाँसको जोडी 'म' पात्रले चाहेको रागात्मक भावनाको प्रतीक र चङ्गा निस्सार अस्थीपञ्जर रूपी जीवनको प्रतीक हो । कथाको शीर्षक सङ्केतात्मक छ । 'म' पात्रले मर्न चाहेर पनि मर्न नसकेकी, झिनो आशा लिएर बाँचिरहन्छे । 'जिजीविषा' कथाको शीर्षक सार्थक छ ।

(ङ) **दृष्टिविन्दु :**

प्रस्तुत कथामा प्रथम पुरुषवाची आन्तरिक दृष्टिविन्दुको प्रयोग छ । कथाकारले नारी जीवनका अति सूक्ष्मतम् भावनालाई सञ्चरण गरेर 'म' पात्रमार्फत् जाहेर गरेका छन् । आफ्नो श्रीमान्सँग सधैं भेटे पनि एक्लो ठान्ने स्त्री मनोभावनाको चित्रण गरिएको छ । प्रथम पुरुषवाची 'म' पात्रको प्रयोग गरेर कथा सृजना भएको छ ।

(च) **उद्देश्य :**

प्रस्तुत कथाको उद्देश्य रतिरागात्मक भावनाको यथार्थता झल्काउनु हो । मातृत्व र पुरुषत्वको भोकबाट महिलामा हुने छटपटीलाई यथार्थ रूपमा देखाउनु पात्रको मनोभावनालाई पाठकसामु प्रकट पार्नु कथाको उद्देश्य हो ।

### ४.५.१० स्व-स्खलन

(क) **कथावस्तु :**

प्रस्तुत कथा नारी मनोवैज्ञानिक यथार्थवादी कथा हो । एक न्यून वैतनिक कर्मचारीको परिवारमा नयाँ मानिसको उपस्थिति र व्यावहारिक संयोजनले परिवारमा

आउने सानातिना कुराहरूले मानसिक रूपमा पार्ने छापका कारणहरू नै कथाका घटना हुन् । रमेशले दीपाकै घरमा खाना खाने गर्छ भने दीपा पनि आफ्नो बाबुसँगभन्दा रमेशसँग नै बढी नजिकिन्छे । दीपाकी आमा पतिव्रता भए पनि रमेशको व्यवहारहरू उनले सम्झनामा राखिरहन्छिन् । बाबु बाहिर घुम्न जाँदा छोरीले रमेशलाई बढी माया गर्ने सँगै राख्ने कुरा गर्छे आफ्नो बुबाभन्दा बढी उसैलाई माया गरेको भन्छे । आमाको चिन्तन यसै कुरामा अल्मलिन्छ । कथा निम्न रैखिक ढाँचामा लेखिएको छ । कथामा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । दीपाको घरमा रमेशको उपस्थिति हुने बेलाभन्दा पूर्वको भागलाई आदि भाग, उपस्थितिपछि दीपाको बुबा बाहिर घुम्न नजाने बेलासम्म मध्य भाग र त्यसपछिको भाग अन्त्य भाग हो । कथानकको ढाँचा छोटो छ ।

**(ख) पात्र :**

प्रस्तुत कथामा मुख्य पात्र दीपाकी आमा हो । ऊ एक कर्मचारीकी पत्नी हो । दीपा स्कुल जाँदा उसको श्रीमान् कार्यालय जाँदा एक्लै कुरा खेलाएर बस्ने उसको बानी छ । ऊ पतिव्रता नारी तथा अनुकूल एवम् वर्गीय चरित्र हो । सहयोगी, सभ्य, मृदुभाषी व्यक्तिका सानिध्यले मनमा ज्वारभाटा चल्नु स्वाभाविक नारी सुलभपना हो । कथामा मुक्त चरित्रको रूपमा स्थापित 'म' पात्र अनुकूल एवम् गतिशील छे । रमेशलाई अति म पराउने भए पनि रतिरागात्मक भावना उसमा छैन ।

रमेश सहायक चरित्र हो । गतिशील स्वभावको अनुकूल चरित्र हुनुका साथै सभ्य, सहयोगी, मृदुभाषी र केटाकेटीलाई माया गर्ने स्वभावको छ । ऊ अविवाहित एक स्वस्थ युवाको रूपमा देखिनुका साथै परिवारमा मिलेर बस्न सक्ने मिलनसार छ । त्यसको ठीक विपरीत दीपाको बुबा हठी स्वभावको छ । सातातिना कुराहरूमा पनि ढङ्ग नभएको जस्तै : तरकारी किन्ने, छोरीलाई सिकाउने, पत्नीको रुचिको वास्ता नगर्ने किसिमको छ । गतिशील भएर पनि असामाजिक जस्तो देखिने कर्मचारी एवम् स्वाभाविक चरित्रको देखिँदैन ।

दीपा पनि सहायक पात्र हो । उसले बुबालाईभन्दा बढी रमेश अङ्कललाई मन पराउँछे । ऊ कक्षा एकमा पढ्ने चञ्चले र जिज्ञासाहरू राख्न सिपालु केटी हो । आफ्ना अप्ठेरा प्रश्न सोधेर आमाको अन्तरमनको स्खलन गराइदिन्छे । यस कथामा मतिना, बा, अंकल, छोरी आदि पात्रका रूपमा आएका छन् ।

**(ग) परिवेश :**

प्रस्तुत कथामा परिवेशका रूपमा एक कर्मचारीको घर आएको छ । सहरीया परिवेशमा कथा सिर्जित छ । समयमा झण्डै दुई महिनाको देखिन्छ । घरायसी स्थिति

त्यति राम्रो नभएको, कर्मचारीको स्थिति नाजुक भएको अवस्था यहाँ देखिन्छ । कार्यालय सहायकलाई 'पेइङ्ग गेस्ट' का रूपमा राखेर खुवाउने पारिवारिक स्थिति छ । कर्मचारीले श्रीमतीलाई समय दिन नसक्ने हुँदा श्रीमतीका मनमा अनेक तरङ्ग उब्जने मानसिक परिवेश यहाँ प्रबल छ । नारीप्रति सशङ्कित समाज, औपचारिकताको बन्धनमा बाँधिने सामाजिक परिस्थितिहरू कथाको घटनाका सृजनाका कारण हुन् । यस कथामा स्थानगत परिवेशका रूपमा पोखरा पनि आएको छ ।

(घ) **भाषा :**

'स्व-स्खलन' कथाको भाषाशैली सरल, सहज र स्वाभाविक छ । कतै-कतै अङ्ग्रेजी शब्दहरूको प्रयोग भएको पाइन्छ । भाषामा कुनै कृत्रिमता नझल्काई सहज बोलचाल कै भाषामा लेखिएको यो कथामा अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि स्वाभाविक लाग्छ । यस कथाको भाषा रोचक हुनुको साथै अल्पसमास शब्द, तत्सम र आगन्तुक शब्दको प्रयोग बढी छ । कथामा प्रत्यक्ष विधिको प्रयोग गरी नाटकीयतालाई अंगालिएको तथा पात्रअनुसारको भाषाको प्रयोग छ ।

(ङ) **दृष्टिविन्दु :**

प्रस्तुत कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म' पात्र दीपाकी आमाका मानसिक संवेगहरू कथाका माध्यम हुन् । उसमा रमेश नहुँदा दीक्क लाग्नु, आफ्नो श्रीमान्को भन्दा रमेशलाई बढी मासु राखिदिनु, रमेशको सम्झनामा डुब्नु, स्वाभाविक रूपमा आउने मानसिक संवेगका सङ्केत हुन् । प्रथम पुरुषवाची 'म' पात्र प्रयोग गरी लेखकीय दृष्टि संस्कारगत कमजोरीहरू 'म' पात्रका माध्यमबाट देखाइएको छ ।

(च) **उद्देश्य :**

'स्व-स्खलन' कथामा कथाकारले स्वाभाविक मानवीय मनोलोकलाई छायाँङ्कन गर्ने उद्देश्य राखेका छन् । पतिव्रता नारीका मनमा सामाजिक सहयोगी, सभ्य र मृदुभाषीका सानिध्यले मनोलोकमा उत्पन्न हुने यौन ज्वारभाटालाई कथामा प्रस्तुत गरिएको छ । पत्नीलाई कम समय दिने, उसको इच्छाको कम मह□व दिने पुरुषप्रति महिलाहरू खुसी हुन्नन् भन्ने सङ्केत दिन्छ । कथामा बालसुलभ प्रवृत्तिलाई सम्मान गर्ने व्यक्तिप्रति केटाकेटीले देखाउने आत्मीयपनको समेत चित्रण छ ।

### ४.५.११ दिन-प्रतिदिन

**(क) कथावस्तु :**

'दिन-प्रतिदिन' जटिल सामाजिक समस्यामा आधारित कथा हो । निरर्थक जीवनको यात्रामा सम्पूर्ण पाइलाहरू निरर्थक छन्, जता हिँडे पनि औचित्यहीन, व्यर्थ, गतिहीन, शून्य जीवनलाई यहाँ उद्घाटन गरिएको छ । यहाँ 'म' पात्र एक्लो सडकको पेटीमा हिडिरहेको छ । घरमा के खाऊँ भन्ने समस्याले पिरोलिएकोले काम पाउने आशामा सडकसडक भौतारिदा समय गइहाल्छ । केही काम नभए पनि बेलुकी घर पुग्दा बाबु, आमा, छोरा, श्रीमती 'म' पात्रको आशामा बसिरहेका हुन्छन् । दिनभरको निरर्थक जीवन, मूल्यहीन समय, सत्रतिरको नमस्ते, भाडा तिर्न नसकी पैदल हिँड्नु पर्ने बाध्यता, पत्रपत्रिका किनेर पढ्न नसक्ने अवस्थाजस्ता विषयहरू कथास्तुका रूपमा आएका छन् । कथावस्तु झिनो एवम् निम्न रैखिक कथासूत्रमा जोडिएको छ । आदि भागमा जीवनको जटिल पक्षलाई लिइएको छ । मध्य भागमा 'म' पात्रको निरर्थक यात्रा, गतिहीन र मूल्यहीन अवस्थाको परिवेश छ । अन्त्य भागमा घरायसी आर्थिक कठिनाइको सङ्केत गरिनुका साथै जीवनको विसङ्गत पक्षको चित्रण गरिएको छ ।

**(ख) पात्र :**

प्रस्तुत कथामा मुख्य पात्र 'म' पात्र हो । ऊ आर्थिक अवस्थाले कमजोर एक वर्गीय पात्र हो । हरेक दिन आफ्नो र आफ्नो परिवारको पेटको समस्याले गर्दा छट्पटिरहन्छ । सहरमा एक कोठा भाडामा लिएर परिवार राखेको छ । कतै केही काम मिल्ने सङ्केत नदेखिए पनि जीवन भोग्न बाध्य भएको छ । ऊ एक अनुकूल चरित्रको रूपमा स्थापित छ । ऊ जस्तोसुकै अवस्थामा पनि समाजमा अपहेलित हुने काम गर्दैन । पैसा नतिरी पत्रिका पढ्नेलाई चोरीको आरोप लगाउँछ । सडकमा कोही नब्बे वर्षका मानिस पनि नक्कली दाँत हालेर वैशालुझैं देखिने, तडक भडक जीवन बिताउने र कोही भोकै पेटीमा बस्ने अवस्थालाई तटस्थ रूपमा नियाली रहन्छ । 'म' पात्र एक मञ्चीय एवम् मुक्त पात्र हो । सरकारी तलब नीति र आर्थिक असमानताप्रति ऊ उदासी छ ।

अन्य पात्रहरू 'म' पात्रको छोरो, श्रीमती, आमा, बुबा आदि हुन् । अन्य पात्रको भूमिका सशक्त छैन अन्य पात्र कथाका बद्ध पात्र हुन् ।

**(ग) परिवेश :**

'दिनप्रतिदिन' कथाको परिवेश सहरीया छ । सडक, चोक, सहरको एक घर, 'म' पात्रको परिवार बसेको कोठा, पत्रिका पसल आदि कथाका स्थानगत परिवेश हुन् । 'म'

पात्र सारा ठाउँमा घुमेको छ, त्यसले मानसिक परिवेशसँग बाह्य परिवेशलाई सामान्यीकरण गरेको छ । घरबेटीले भाडा तिर्न नसकेर निकालिदिने डर, छोराको माग पूरा गर्न नसक्दाको पीर, श्रीमतीले विद्रोह गर्न नसकी छाक टार्न धौ-धौ परेको कुरा जाहेरी, आमा-बुबाको आशा आदि 'म' पात्रका मानसिक परिवेशअन्तर्गत पर्दछन् । 'म' पात्र सहृदयी पनि छ । फुटपातका मगन्तेहरूलाई महानताको संज्ञा दिन्छ । आफू शिक्षित भएर पनि दिनदिनै कार्यालयहरूमा प्रमाणपत्रहरू बोकेर हिड्नुपर्ने अवस्था कथामा देखिन्छ । दिनहुँजसो आफ्ना क्रियाकलाप दोहोऱ्याउनु उसको दैनिक कार्यप्रणाली भएको छ । यस कथामा एक दिनको समयमा घटित घटनालाई कथानकका रूपमा लिइएको छ । एकदिनको 'म' पात्रले दिन-प्रतिदिनको नेतृत्व गरेको छ ।

### (घ) भाषा :

'दिनप्रतिदिन' कथाको भाषा सरल छ । अप्रत्यक्ष विधिद्वारा पात्रको चरित्रचित्रण गरिएको छ । संस्कृत तत्सम र तद्भव शब्दहरूले कुनै कुनै ठाउँमा दुर्बोध्य बनेको देखिन्छ । कतै झर्रा शब्द जस्तै : अनायास, लटपट, बर्नल, जोडा आदि प्रयोग पाइन्छ । 'म' पात्रको एकालापीय शैलीमा लिखित कथामा छोटो आयामद्वारा जटिल कुराको उद्घाटन गरिएको छ । प्रतीकको रूपमा दशै पुर्वलाई लिन सकिन्छ । दशैं एक चाड हो तर यहाँ एक समस्याका रूपमा लिइएको छ । बिम्बात्मक प्रस्तुतिका रूपमा कथा सशक्त छ ।

### (ङ) दृष्टिविन्दु :

प्रस्तुत कथामा प्रथम पुरुषवाची आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म' पात्रका क्रियाकलापहरू केन्द्रीय रूपमा घटित छन् । आफै भौतारिने जीवन भोग्न बाध्य यावत् मानिसहरू लेखकीय दृष्टिभन्दा टाढा छैनन् ।

### (च) उद्देश्य :

'दिनप्रतिदिन' कथाको उद्देश्य जटिल जीवनको यथार्थता देखाउनु हो । पढेलेखेका मानिसहरूको प्रमाणपत्र बोक्दै हिड्ने, जागीर नपाइने, पाइहाले पनि घरव्यवहार चलाउन मुस्किल पर्ने स्थिति जटिल जीवनको यथार्थता हो । बजारमा पाइने वस्तुहरू आवश्यक भए पनि किन्न नसक्नु आजको जीवनको समस्या हो । असीमित आवश्यकतापूर्ति गर्ने क्रममा मानिसको जीवन मुख्य यान्त्रिक र निरर्थक भएको छ भन्ने यथार्थता देखाउनु यस कथाको मुख्य उद्देश्य हो ।

## ४.६ अविरल स्थापितका पत्रपत्रिकामा छापिएका कथाहरू

### ४.६.१ प्राइमेसी

**(क) कथावस्तु :**

'प्राइमेसी' एक मनोवैज्ञानिक कथा हो । यस कथामा आफूलाई मनोविश्लेषक भनी दावी गर्ने 'म' पात्र आफ्नो धर्मपत्नीलाई विवाहपूर्वका यौन प्रसङ्गहरू भन्छ । आफूलाई अतिआधुनिक र दार्शनिक ठान्ने 'म' पात्र आफ्नी श्रीमती आफ्नो जस्तै मन्त्रीका छोरासँगको विवाहपूर्व भएको प्रेम सम्बन्ध सुनेपछि विमूढ भएको छ । आफ्नो कुराले अरूलाई राम्रो लाग्नु पर्ने अरूको त्यही कुरा आफूलाई नपच्ने पुरुष चरित्र यहाँ प्रस्तुत भएको छ । कथाको आदि, मध्य र अन्त्यको ढाँचा मिलेको छ । कथानक खिरिलो तथा व्यक्तिक्रमित ढाँचामा छ ।

**(ख) पात्र :**

'प्राइमेसी' कथामा 'म' पात्र र उसकी श्रीमती प्रमुख पात्र हुन् । 'म' पात्रको विवाह पूर्वको प्रेमिका र मन्त्रीको छोरो सहायक पात्र हुन् । 'म' पात्र पहिले अनुकूलपछि प्रतिकूल चरित्रको रूपमा प्रस्तुत भएको छ । आफ्नो प्राइमेसी कुराले गृहस्थ जीवनलाई प्रभावित बनाउँछ भन्ने ज्ञान उसलाई हुँदैन । त्यसैले जीवन बरबाद बनाएको छ । उसकी श्रीमतीलाई सभ्य र आधुनिक ठान्ने 'म' पात्र श्रीमतीको आधुनिक व्यवहार सुनेपछि आन्दोलित बनेको छ । 'म' पात्र र उसकी श्रीमती मञ्चीय पात्र हुन् । अन्य पात्रहरू नेपथ्य पात्र हुन् । यो कथा चरित्र प्रदान कथा हो ।

**(ग) परिवेश :**

प्रस्तुत कथा सहरीया परिवेशमा लेखिएको छ । करिब दुई घण्टाको श्रीमान् श्रीमतीको कोठाभित्रको वार्तालापको विषयलाई लिएर कथा सिर्जिएको छ । 'म' पात्र र उसकी श्रीमतीको मानसपटलसम्बन्धी परिवेश नै यस कथाको आन्तरिक परिवेश हो । बाह्य परिवेशमा उनीहरू बस्ने घर, रातको समय, एकान्त ठाउँ र प्रणयकालीन बेला हो । कथामा विवाहपछि विवाहपूर्वका प्रणयसम्बन्धी 'प्राइमेसी' कुराहरूले जीवनलाई कति रिक्त र खल्लो बनाउछ भन्ने दयनीय परिवेश यस कथामा देखाइएको छ ।

**(घ) भाषा :**

'प्राइमेसी' कथामा प्रयुक्त भाषा सरल, सहज र स्वाभाविक छ । कथामा अङ्ग्रेजी र आगन्तुक शब्दहरू धेरै परेका छन् । कथामा अङ्ग्रेजी शब्द र वाक्यको प्रयोगले आधुनिक शिक्षित सहरीया सामाजिकता झल्किन्छ । छोटा-छोटा वाक्यमा

लेखिएका यी कथाहरूमा कतिपय ठाउँमा विचलनयुक्त वाक्यको प्रयोग पाइन्छ । यस कथामा प्रयुक्त अङ्ग्रेजी शब्दले कथालाई दुरुह बनाएको छैन । यस कथामा अपूर्ण वाक्यहरूको प्रयोग पनि पाउन सकिन्छ । यस कथामा संवादात्मक र वर्णनात्मक दुवै शैलीको प्रयोग गरिए पनि सम्वादात्मक शैलीको प्रयोग बढी छ । यस कथामा दृश्यात्मक पद्धति उपयोग गरिएको छ ।

(ङ) **दृष्टिविन्दु :**

प्रस्तुत कथा प्रथम पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ । 'म' पात्रले सम्पूर्ण घटनाहरूलाई अगाडि बढाएको छ ।

(च) **उद्देश्य :**

ग्रहस्थ जीवनमा कति कुराहरू भन्नु पर्छ कति कुराहरू खुलाउनु हुँदैन भन्ने कुराको ज्ञान यस कथाले दिएको छ । "अरे यार ! साथी भन्दैमा सबै कुरा रियल गर्नु हुँदैन । भन्नु हुँदैन । आमा, बाबु, दिदी, बहिनी, साथीभाइ त के इभन स्वास्नीसित पनि प्राइमेसी हुनुपर्दछ"[छट] । 'म' पात्रको साथीले 'म' पात्रलाई भनेको कुराले कथाको सारलाई प्रष्ट पारेको छ । सबैलाई गोपनियताको पाठ यस कथाले सिकाएको छ ।

### ४.६.२ एउटा क्रूर सत्य

(क) **कथावस्तु :**

'एउटा क्रूर सत्य' कथा नारी मनोवैज्ञानिक कथा हो । यस कथामा एक प्रेम विषयसँग सम्बन्धित असफल प्रेमी-प्रेमिकाको जीवन र आक्रान्त मनस्थितिको चित्रण गरिएको छ । विवाहपूर्वको आफ्नो प्रेमी विदेश पढ्न गएको, ढिलोसम्म नफर्केको र चिठीसम्म पनि नपठाएकोले 'म' पात्र अर्को केटासँग विवाह गरी बसेकी छ । केही समयपछि 'म' पात्रको प्रेमी 'विनोद' फर्केर आइसकेपछि उनको मोटरसाइकल 'म' पात्रको घर अगाडि जोडसँग चलाएर कार्यालय जान्छ । 'म' पात्र आन्तरिक रूपमा विक्षिप्त हुँदे जान्छे । एकातिर 'म' पात्र फेरि श्रीमती बनेर जान पनि सक्दिन, अर्कोतिर विनोदको विवाह भएको देख्न पनि सक्दिन भन्ने मानसिक ग्रन्थिलाई यस कथामा कथाकार स्थापितले प्रष्ट पारेका छन् । यस कथाको कथावस्तु शृङ्खलित छ । आयामका दृष्टिले कथा मझौला छ । घटनाहरूको रोचक तरिकाले प्रभावकारी प्रस्तुति छ । कथा चरित्रप्रधान बनेको छ ।

---

[५६] अविरल स्थापित, 'प्राइमेसी' kftfn 5fFuf], (व. २, अ. ४), पृ. ३४ ।

(ख)　**पात्र :**

'एउटा क्रुर सत्य' कथाको 'म' पात्र मुख्य पात्र हो । ऊ एक वर्गीय चरित्र बोकेकी नारी पात्र हो । यौवनको नसामा उसले एक युवकलाई प्रेम गर्छे । उसको प्रेमी विनोद विदेश जाँदा ऊ उसैलाई पर्खेर बसेकी छ । विवाहसम्बन्धी चिठी पठाउँदा पनि प्रतिउत्तर नपाएपछि 'म' पात्र दीपक गुरुङ भन्ने केटासँग विवाह गरेकी छ । 'म' पात्रले मौकाको ताकका विवाह गरेकी होइन । ऊ परिस्थितिको दास बनेकी हो । 'म' मात्र अनुकूल एवम् मञ्चीय पात्र हो ।

विनोद पनि एक अनुकूल चरित्रका साथै सभ्य पढेलेखेको मुक्त पात्र हो । कथामा ऊ सहायक पात्रका रूपमा उपस्थित छ । उसले 'म' पात्रलाई सच्चा प्रेम गरेको छ । विदेशमा पढ्न जाँदासमेत भुलेको देखिँदैन, बरु खबर र भेट हुन नपाएर व्याकुल छ । घर फर्कदा प्रेमिकाको अन्यत्र विवाह भएपछि आत्महत्या गर्न खोज्छ तर मन सम्हाल्छ । केही समयपछि अर्को केटी विवाह गर्ने तर्खरमा हुन्छ । विनोद एक मञ्चीय एवम् मुक्त पात्र हो ।

दीपक गुरुङ एक सहायक गतिशील उदार हृदय भएको पात्र हो । दीपक गुरुङले आफ्नी श्रीमतीको विवाहपूर्वको प्रेमको स्थिति थाहा पाउँदा पनि उसले सहर्ष स्वीकारेको छ । अझ भन्छ- "म त तिमी फेरि विनोदसँग गए पनि फर्काएर ल्याउँनेछु"[छ७] ।

म पात्रका कलेजका साथी, उसको छोरो, विनोदले विवाह गर्न थालेकी केटी आदि यस कथाका गौण पात्र हुन्, जसको कथामा खासै कुनै भूमिका छैन ।

(ग)　**परिवेश :**

प्रस्तुत कथाको स्थानगत परिवेश 'म' पात्रको घर र घर अगाडिको मोटर हिड्ने बाटो हो । दिनदिनै जसो मोटरसाइकलको चर्को स्वरले 'म' पात्रको मनस्थितिलाई विक्षिप्त पारिदिन्छ । यिनै बाह्य परिवेशका अतिरिक्त यस कथामा आन्तरिक परिवेश अझ बढी सशक्त छ । 'म' पात्रले एकान्तको समय सबैजसो विनोदको सम्झनामा खर्चिएकी छ । 'म' पात्र धेरैजसो घर अगाडि विनोदको मोटरसाइकलको आवाजलाई पर्खेर बस्छे । दुर्घटना हुनेगरी विनोदले मोटर चलाउँदा अत्तालिन्छे, यही मानसिक परिवेशमा कथा सिर्जिएको छ । कथाको आयाम मझौला छ तर कालक्रमिक हिसाबले कथाले एक लामो जीवन अनुभवको सङ्केत गर्दछ ।

---

[५७] अविरल स्थापित, 'एउटा क्रूर सत्य', k|fª\u0f ( ? ) पृ. ९३ ।

(घ) **भाषा :**

'एउटा क्रुर सत्य' कथाको भाषा सरल, सहज र स्वाभाविक छ । कथाकारले आधुनिक शिक्षा प्राप्त सहभागीहरूको सम्वाद गराउँदा कतै अङ्ग्रेजी वाक्यको पनि प्रयोग गरेका छन्, जस्तै : "हेलो, दीपक हाउ डु यु डु । आइ एम विनोद । नथिङ्ग इल्स । नथिङ्ग मोर ।"[५८] कतै अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग पाइन्छ तर यी शब्दहरूले कथाको भाषामा अस्वाभाविकता भने ल्याएका छैनन् । यस कथामा भाषिक विचलन पनि पाइन्छ । यस्तै व्याकरणका दृष्टिले नमिलेका र अपूर्ण वाक्यको प्रयोग पनि कतै कतै पाइन्छ, तर यसले भाषिक सम्प्रेषणमा भने कुनै बाधा पुऱ्याएको छैन । यस कथामा प्रतीकको पनि प्रयोग भएको छ । मोटरसाइकल यहाँ विक्षिप्त मनस्थितिको प्रतीकको रूपमा आएको छ । यही मोटरसाइकलको निरन्तर आवाजले एक क्रूर सत्यको उजागर गरेको छ । यहाँका पात्र सभ्य र पढेलेखेका छन् र त्यही अनुरूपको भाषा छ । कथामा वर्णनात्मक र सम्वादात्मक दुवै शैलीलाई अँगालिएको छ ।

(ङ) **दृष्टिविन्दु :**

प्रस्तुत कथा प्रथम पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ । म पात्रको आन्तरिक मनस्थितिमा नै कथा बहेको छ । उसैका क्रियाकलापले अरू पात्रलाई प्रसङ्गवस ल्याएका छन् ।

(च) **उद्देश्य :**

आफ्नो प्रेम सफल हुन नसकेको अवस्थाको प्रेमी-प्रेमिकाको मानसिकताको वर्णन यस कथामा भएको छ । प्रेम असफल भएका युवायुवतीको मनोदशा कस्तो हुन्छ भन्ने कुरा यस कथामा देख्न सकिन्छ । लामो जीवनमा तिनीहरू आफ्नो विछोडको यात्रा कसरी पूरा गर्छन् भन्ने कुरा कथामा छर्लङ्ग देखिन्छ । यौन मनोविज्ञानमा आधारित यो कथा वर्तमान युवा जमातमा देखिने यथार्थ घटनाको चित्र हो भन्न सकिन्छ ।

## ४.७ हिजोआज एकाङ्कीको विश्लेषण

(क) **कथावस्तु :**

गङ्गाराम अफिसबाट घरमा फर्किदा कोठाहरूको वातावरण सधैंभन्दा भिन्न देखिन्छ । कोठामा विभिन्न महङ्गा समानहरू सजाइएको हुन्छ । उसले किन यतिधेरै महङ्गा र नयाँ समानहरूले कोठा सजाएको भनी श्रीमती मानषीलाई सोध्दा उसका

---

[५८] ऐजन ।

साथीका दम्पतिहरू आउने भएकोले उनीहरूलाई देखाउनको लागि  यसो गर्नुपरेको कुरा बताउँछे । पहिले आफ्नो श्रीमान् डाइरेक्टर भएको कुरा जानकारी गराएकी मानषीले श्रीमान्लाई पनि डाइरेक्टरजस्तै बन्न आग्रह गर्छे । यसैबला कोठामा गङ्गारामको साथी महेन्द्रको प्रवेश हुन्छ । कोठाको चमकले गर्दा ऊ पनि सुरुमा अचम्ममा पर्छ पछि मानषीले यथार्थबोध गराएपछि भने सहयोग गर्ने कुरा गर्छ । गङ्गाराम भने के यस्तो जमाना आयो भन्दै निराश बन्छ । महेन्द्रले सुरुमा नोकर जयरामको भूमिका गर्न सहमत भए पनि उसको खाइलाग्दो शरीर देखेर मानषीले महेन्द्रलाई आफ्नो श्रीमान् र गङ्गारामलाई नोकरको भूमिका गर्न लगाउँछिन । यत्तिकैमा कल्पनामा दम्पत्ति पनि आइपुग्छन् । त्यसपछि सामान्य गफगाफहरू चल्दै जान्छन् । केही छिनको गफगाफपछि कल्पनाको श्रीमान्ले शौचालय खोज्छन् अनि नक्कली नोकरले देखाइदिन भित्र जाँदा दुवैजनाको कुराकानी हुन्छ । किनकि विनोद र गङ्गाराम सँगै कलेजमा पढेका साथीहरू हुन्छन् । उनीहरूले एक आपसलाई पहिलेदेखि नै चिनिसकेका हुन्छन् । अन्त्यमा गङ्गारामले सबै कुराको रहस्योद्घाटन गर्छ । कल्पनाको पनि र उसको पद दुवै नक्कली हुन्छ । सबै कुरा थाहा भए पछि मानषी मूर्छित हुन्छे भने कल्पनाले सोफामा घोप्टो परेर मुख छोप्न खोज्ने । तिनैजना पुरुषको हाँसोसँगै एकाङ्कीको अन्त्य हुन्छ ।

**(ख) पात्र :**

प्रस्तुत एकाङ्कीमा तीनजजा पुरुष पात्र र दुई जना नारी पात्रहरूको उपस्थिति रहेको छ भने एउटा पुरुष पात्र जयरामको सन्दर्भ मात्र आएको छ । यस एकाङ्कीको पाँचैजना पात्रहरू प्रमुख रूपमा उपस्थित भएका छन् । गङ्गाराम एकाङ्कीको प्रमुख पुरुष पात्र हो । ऊ सेक्सन अफिसर हुनुका साथै मानषीको श्रीमान् पनि हो । ऊ सोझो, असल, विवाहित, वयस्क पात्र हो । त्यसैगरी विनोद पनि सोझो, असल, वयस्क हुनुका साथै कल्पनाको नक्कली पति र नक्कली डाइरेक्टर बनेर देखापरेको छ । त्यसैगरी महेन्द्र पनि असल, सहयोगी, वयस्क तथा मानषीको पतिको भूमिका निर्वाह गरेर उपस्थित छ । यसका दुवैजना नारी पात्रहरू आडम्बरी, ढोंगी, नकारात्मक चरित्र हुन् । उनीहरू दुवैजना विवाहित साथीहरू पनि हुन् । उनीहरू आफ्नो व्यक्तित्व उच्च राख्न र आफू सभ्य र उच्च भएको देखाउन पति र उसको पद बदल्न पनि पछि नहट्ने खालका असत् चरित्रका रूपमा उपस्थित भएका छन् ।

(ग) **संवाद :**

प्रस्तुत एकाङ्कीमा केही मध्यम खालका र प्रायःजसो छोटाछोटा खालका संवादहरूको प्रयोग गरिएको छ । आफूलाई आधुनिक बनाउन चाहने चरित्रहरूले अङ्ग्रेजी मिश्रित संवादहरू प्रयोग गरेका छन् । सहरी सभ्यतामा प्रयोग हुने खालका संवादहरूको अत्यधिक प्रयोग यस एकाङ्कीमा गरिएको छ ।

(घ) **वातावरण :**

'हिजोआज' एकाङ्कीको सुरुमै स्थान काठमाडौं भनेर नेपालको राजधानीमा अवस्थित विषयवस्तुको प्रयोग गरिएको छ । सन्दर्भमा दार्जिलिङ र कलकत्ताको सन्दर्भ आए पनि एकाङ्कीको स्थानगत वातावरण काठमाडौंमै सीमित छ । त्यसैगरी सहरीमा सभ्यताप्रतिको बढ्दो आडम्बर र आफूलाई उच्च वर्ग बनाउन खोज्ने सामन्ती संस्कार हावी भएको तत्कालीन समयगत सन्दर्भ पनि देख्न सकिन्छ । यहाँ उच्च बन्न चाहनेहरूको आडम्बरी प्रवृत्ति पाइन्छ ।

(ङ) **भाषाशैली :**

प्रस्तुत एङ्काकीमा उच्च वर्गकाहरूले प्रयोग गर्ने अङ्ग्रेजी मिश्रित बौद्धिक भाषाको प्रयोग गरिएको छ । डाइरेक्टर, आक्च्युल्ली, सेक्सी, हेल्प, प्रोब्लेम, डोन्टवरी, पर्सन्यालिटी, डिक्रिज, गुड आइडिया, कटेज, ह्याण्डसम, हस्वेन्ड, एडजस्ट आदिजस्ता अङ्ग्रेजी शब्दहरूको अत्यधिक प्रयोग गरिएको छ । उचित स्थानमा नेपाली र अङ्ग्रेजी शब्दहरूको सन्तुलित प्रयोगले एकाङ्की सरस र कलात्मक बनेको छ ।

(च) **निष्कर्ष :**

प्रस्तुत एकाङ्कीमा आफूलाई उच्च बनाउन खोज्ने आडम्बरी महिलाहरूको ढोंगी प्रवृत्तिको चर्चा गर्दै तत्कालीन नेपाली नारीहरूमा उच्च बन्न खोज्ने विकृति र विसंगतिप्रति तीब्र व्यङ्ग्य गरिएको छ । यसमा गहन कथावस्तु सन्तुलित संवाद र कलात्मक भाषाशैलीको समेत प्रयोग गरिएको छ ।

### ४.८ अविरल स्थापितका कविताहरूको विश्लेषण

२०२४ सालदेखि औपचारिक रूपमा नेपाली साहित्यिक क्षेत्रमा उदाएका अविरल स्थापित कथाकार र कवि पनि हुन् । सर्वप्रथम २०२४ सालमा 'नयाँ सन्देश' शीर्षकको कविता नयाँ सन्देश भित्तेपत्रिकामा प्रकाशित गरेका स्थापितका हालसम्म लगभग १० वटा कविता प्रकाशित भएका छन् तर हालसम्म प्राप्त सबैभन्दा पहिलो प्रकाशित कविता भने २०२५ सालको नयाँ सन्देश पत्रिकामा प्रकाशित 'दुई मुक्तक'

शीर्षकको कविता हो । उनका प्रथम चरणमा पाँच र दोश्रो चरणमा पनि पाँचवटा कविता प्रकाशित भएका छन् । उनका सबैजसो कविताहरू निकै लघु आकारका छन् भने 'पोखरा एक स्केच' कविता मात्र मध्यम खालको छ । स्थापितका कविता कृतिहरूको सामान्य विश्लेषण विधागत त□वका आधारमा यसप्रकार गर्न सकिन्छ -

### (क) विषयवस्तु

अविरल स्थापितका अधिकांश कवितामा तत्कालीन समयका विकृति विसङ्गति प्रति आक्रोश व्यक्त गरिएको छ । यसका साथै कतिपय कवितामा प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधताको पनि चर्चा गरिएको देखिन्छ । 'दुई मुक्तक' कवितामा अभाव गरिबी, भोकमरीमा एउटा बच्चाको जन्म भएको र उसले आफ्नो पेट भर्न पाएकोमा गर्व गरेको कुराप्रति व्यङ्ग्य गरिएको छ । 'पोखरा-एक स्केच' कवितामा भने पोखराका प्राकृतिक सौन्दर्य, भौगोलिक अवस्था, सांस्कृतिक अवस्थाका साथै पर्यटकीय क्षेत्रको पनि चर्चा गरिएको छ । यसमा पोखरामा व्याप्त विकृतिको चर्चा पनि गरिएको छ । 'महिनाको पहिलो दिन' कवितामा महिनाभरि नै भोक, अभाव, पीडाले छटपटिदै विभिन्न योजनाहरू बनाउने तर तिनलाई बेरुजु राखेर नयाँ महिनाको पहिलो दिनको प्रतिक्षामा भोकै बस्नुपर्ने दयनीय अवस्थाको चित्रण पनि पाइन्छ । विभिन्न इच्छाहरूलाई थाती राखेर बाँच्नुपर्ने अवस्थाको चित्रण 'पेन्डिङ्ग फाइल' कवितामा पाइन्छ भने प्रेमिकाको यादमा तड्पिदाका पीडालाई 'मैले सपना भनी बिर्सिदिएको छु' कवितामा चर्चा गरिएको छ । त्यसैगरी 'दुई कविता' शीर्षकका दुई कविताहरूमा भ्रष्टाचार, प्रेस्क्रिप्सन, बानी र प्रेमका बारेमा छुट्टाछुट्टै चर्चा गरिएको छ । त्यसैगरी 'निकासा' र 'सफाई' कवितामा पनि रोगीहरूले समयमै उपचार गर्न नपाई मृत्युको मुखसम्म पुग्नुपरेको कारुणिक अवस्थाको चित्रणका साथै भिखारी नै भिखारीहरूले भरिएर देश नै भिखारी बनेको अवस्थाको चित्रण गरिएको छ ।

### (ख) लयविधान

प्रस्तुत कविताहरूमा एउटा भावप्रवाहलाई एउटै श्लोकमा व्यक्त गर्ने प्रवृत्ति अँगालिएको देखिन्छ । स्थापितका अत्यधिक कविताहरू पाँचदेखि १३ चरणसम्मका एउटै श्लोकमा रचिएका छन् भने 'दुई कविता' शीर्षकका दुईवटा कवितामा थप उपशीर्षकहरू पनि दिइएको छ । त्यसैगरी 'दुई मुक्तक' कवितामा दुई श्लोकहरू रहेका छन् भने 'पोखरा-एक स्केच' कवितामा भने तीनदेखि १३ चरणसम्मका सात श्लोकहरू रहेका छन् । उनका कविताहरू जतिसुकै श्लोक र चरणमा रचिएका भए पनि तिनमा निश्चित गण र मात्राका नियमहरूको पालना गरिएको देखिंदैन । तैपनि ती कविताहरू

पद्यशैलीमै लेखिएकाले तिनमा आन्तरिक लय र अन्तर्लय भने प्रभावकारी बन्न पुगेको देखिन्छ ।

### (ग) भाषाशैली

स्थापितका कवितामा छोटा छोटा शब्द र वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । पङ्क्ति पङ्क्तिमा पाइने आन्तरिक लय र स्वरव्यञ्जन वर्णको समुचित प्रयोग पाइन्छ । उनका कवितामा अत्यधिक मात्रामा आगन्तुक स्रोतअन्तर्गत अङ्ग्रेजी शब्दहरूको प्रयोग पाइन्छ भने तत्सम र तद्भव शब्दहरूको पनि समुचित प्रयोग पाइन्छ । उनका कतिपय कविताका शीर्षक नै अङ्ग्रेजीमा राखिएका छन् । त्यस्तै अन्य आगन्तुक स्रोतका शब्दहरूको पनि प्रयोग पाइन्छ । तैपनि उनले सरल र सरस किसिमका शब्दहरू सजिलै अर्थ लगाउन सक्ने गरी प्रयोग गरेकोले कविता पनि सरल र कलात्मक बनेका छन् ।

### (घ) कथनपद्धति

स्थापितका सबैखालका कविताहरूमा कवि आफैले कतै साँस्कृतिक र प्राकृतिक गुणगान गाएको, कतै समाजका विकृति र विसङ्गतिमाथि तीव्र आक्रोश पोखेको तथा कतै तत्कालीन सरकारको कार्यशैली प्रति नै असन्तुष्टि व्यक्त गरेकोले यिनमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको वा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग गरिएको पाइन्छ ।

### (ङ) भावविधान

स्थापितका कविताहरूमा तत्कालीन सरकारको नालायकीपन, जनताहरूले भोग्नुपरेका रोग, भोक, अशिक्षा, अभाव, पीडा, दुःख आदिको चित्रण एकातिर पाइन्छ भने एकाध कवितामा प्राकृतिक तथा सांस्कृतिक सौन्दर्यको झलक पनि देख्न सकिन्छ । त्यसैले उनका कवितामा कतै सुखको भाव, कतै पीडाको भाव, कतै करुणा र कतै आक्रोशको भाव पनि व्यक्त गरिएको पाइन्छ ।

### (च) बिम्बालङ्कार र प्रतीक

अविरल स्थापितका कुनै पनि कविताहरू प्रतीकात्मक अर्थ दिन सक्ने उचाइमा पुग्न नसके तापनि तिनमा विभिन्न बिम्ब र अलङ्करणहरूको प्रयोग भने पाइन्छ । उनका कवितामा स्मृति, सन्देह, प्रश्न, विष्मय, अतिशयोक्ति आदिजस्ता अर्थगत अलङ्कारको प्रयोग गर्ने उक्तिकौशल देखिएका छन् ।

## परिच्छेद पाँच

# उपसंहार

वि.सं. २०११ फागुन ८ गते हालको कास्की जिल्लाको पोखराको नदीपुर पाटनमा जन्मिएका अविरल स्थापितले सुरुमा घरैमा र पाँच वर्षको उमेरपछि देशका विभिन्न स्थानहरूमा विद्यालयीय शिक्षा ग्रहण गरेका हुन् । पछि उनले भारतबाट वि.एस्सी र बेलायतबाट एम.एस्सी. तथा विद्यावारिधि गरेका छन् । आर्थिक अवस्था सबल भएकोले नै उनले देशविदेशमा गएर उच्च शिक्षा हासिल गर्न सफल भएका छन् । आफ्नो जीवनको पूर्वार्द्धमा गहन रूपमा अध्ययनलाई नै निरन्तरता दिएका स्थापितले आफ्नो अध्ययन समाप्त भएपछि विभिन्न वैज्ञानिक अनुसन्धानमूलक कार्यमा लाग्नुका साथै साहित्य रचनामा पनि सक्रिय रहेको देखिन्छ ।

सबैभन्दा पहिले २०२५ सालमा 'दुई मुक्तक' शीर्षकको कविता नयाँ सन्देश पत्रिकामा प्रकाशित गरेर स्थापितले आफ्नो औपचारिक साहित्यिक यात्राको तय गरेका हुन् । सुरुका केही वर्षहरूमा निरन्तर रूपमा साहित्यिक रचना प्रकाशित गर्दै आएका स्थापित पछिल्ला वर्षहरूमा विभिन्न अनुसन्धानमूलक कार्यमा लागि देशविदेशको भ्रमण गर्नुपरेकोले, समाजसेवामा लाग्नु परेकोले तथा पारिवारिक दायित्व पूरा गर्नु परेकोले उनको साहित्यिक यात्राले निकै आरोहअवरोहहरू पार गर्नुपरेको देखिन्छ । स्थापितको चार दशक लामो (२०२५-हालसम्म) साहित्यिक यात्रामा उनले क्रमशः कविता, कथा र एकाङ्की विधामा कलम चलाएको देखिन्छ ।

अविरल स्थापितले नेपाली साहित्यका विविध विधामा कलम चलाउनुका साथै साहित्येतर विधामा पनि व्यापक रूपमा आफ्ना लेख रचनाहरू प्रकाशित गर्दै आइरहेका छन् । उनको चारदशक (वि.सं. २०२५ - हालसम्मको) लामो साहित्यिक यात्रालाई मूलतः दुई चरणमा विभाजन गरिएको छ । उनको प्रथम चरण २०२५ सालदेखि २०३५ जेठसम्मको समयावधि रहेको छ भने दोस्रो चरण २०३५ असारदेखि वर्तमान समयसम्मको समयावधि रहेको छ । स्थापितको साहित्यिक यात्राको प्रथम चरणमा पाँचवटा कविता र पन्ध्रवटा कथाहरू प्रकाशित छन् भने दोस्रो चरणमा चाहिँ एउटा एकाङ्कीनाटक, पाँचवटा कविता र पन्ध्रवटा कथाहरू प्रकाशित भएको देखिन्छ । उनको समग्र साहित्यिक यात्राकै पुस्तकाकार कृतिका रूपमा दुईवटा कथासङ्ग्रहहरू रहेका छन् भने अन्य रचनाहरू अझै पनि फुटकर रूपमै छिरलिएर रहेका छन् ।

स्थापितका माकुराका जालो कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा नवविवाहित दम्पतिहरू विछोडिनु पर्दा तिनीहरूका मनमा देखिएका छटपटीहरू, निम्नस्तरको

कर्मचारीको बाध्यात्मक जीवनयापन, आधुनिक श्रीमतीका चाहना पुऱ्याउन नसक्दाको सास्ती, हतियारबाट उब्जने मनोकुण्ठा, युवापुस्तामा देखिएका आधुनिक प्रवृत्तिहरू, सम्पन्न भए पनि पतिपत्नीले एक आपसलाई बुझ्न नसक्दाका पीडाहरू, किशोरावस्थामा अङ्कुराएको प्रेम, आदिलाई मार्मिक रूपमा विश्लेषण गरिएको छ । त्यसैगरी उनको अविरलका कथाहरू कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा जतिसुकै सम्पन्न भए पनि मृत्युलाई जित्न नसकिने मान्छेको बाध्यात्मक अवस्था, पुरुषप्रधान समाजमा नारीहरूले भोग्नु परेका बाध्यता र विवशताहरू, बहिराको मानसिक तनाब, श्रीमानसँग बिछोडिदा नारीमा देखिने मानसिकता, आफूले पाइरहेको मायाबाट बञ्चित हुनुपर्दाको अवस्था, युवापुस्ताको भड्किदो प्रेमप्रसङ्ग, सरकारी निम्नस्तरका कर्मचारीहरूको पीडा र पारिवारिक समस्या आदिका बारेमा चित्रण गरिएको छ । आफू सम्पन्न परिवारमा जन्मेर पनि स्थापितले निम्न तथा मध्यम वर्गीय परिवारको चित्र उतार्न सफल भएका छन् ।

स्थापितका कथाहरूमा अत्यधिक पात्रहरूको प्रयोग नगरिएर थारै पात्रहरूको प्रयोग गरिएको पाइन्छ । उनका कथामा पुरुष महिला दुवै खालका पात्रहरूको प्रयोग गरिए पनि मानवेत्तर पात्रको प्रयोग भने अति न्यून छ । त्यसैगरी उनका कथामा बालक, युवा, वयस्क र वृद्ध सबै उमेर समूहका पात्रहरू प्रयोग गरिएको पाइन्छ ।

स्थापितका कथाहरूमा ग्रामीणभन्दा बढी सहरीया सभ्यता र संस्कृतिको वातावरण पाउन सकिन्छ । सहरीया संस्कृतिमा पाइने देखावटीपन, आडम्बरी र यान्त्रिकताका साथै सहरीया सभ्यता सम्पन्न भए पनि भित्रभित्रै डेढेलो लागेको छ भन्ने उनका कथामा प्रष्ट पारिएको छ । त्यसैगरी उनका कथामा देशका विभिन्न स्थानहरूका साथै विदेशका स्थानहरूको पनि चित्रण गरिएको पाइन्छ ।

स्थापितले कथालाई वर्णनात्मक र व्याख्यात्मक प्रस्तुतिभन्दा नाटकीय प्रस्तुतिमा जोड दिन्छन् । छोटाछरिता संवाद योजनाले उनका कथा रोचक र मिठासयुक्त बनेका छन् । उनले पात्रको स्तरअनुरूप संवादको प्रयोग गरेका हुनाले संवाद पनि विश्वसनीय बन्न पुगेका छन् ।

स्थापितका विभिन्न कथाहरू प्रतीकात्मक बनेका छन् । 'भित्तामा टाँगिएका चित्रहरू', 'बन्द आँखाभित्रको ट्रेजेडी', 'माकुराको जालो' जस्ता कथाहरू शीर्षक नै प्रतीकात्मक छन् । 'सूर्यमुखी', 'पोइ', 'घडेरी' आदि कथाहरू पनि प्रतीकात्मक बनेका छन् । यहाँ सूर्यमुखीलाई जता पनि ढल्किने नारीको प्रतीक, घडेरीलाई कर्मचारीले खाने घुसको प्रतीक मानिएको छ । 'बन्द आँखाभित्रको ट्रेजडी' कथामा रूपनले दिएको बन्द आँखाको चित्र प्रेम विछोडको प्रतीक हो ।

त्यसैगरी स्थापितका कथाहरूमा छोटाछोटा र सरल वाक्य, संक्षिप्त र सारगर्भित भनाइ, मार्मिक संवाद पाइन्छन् । उनका कथामा पदक्रम हेरफेर गरी

राखिएका वाक्यको प्रयोग पाइन्छ । कतै क्रिया नभएका र कतै कर्ता नै नभएका विचलित वाक्यहरूको प्रयोग पनि पाइन्छ । भाषिक सरलता, अभिव्यक्तिमा मिठास र आयाम मझौला भएकाले उनका कथा प्रायः दश मिनेटमै पढेर सिद्धिन्छन् । संरचनागत विशिष्टता, मौलिकता, शिल्पगत नवीनता, समूचित भाषिक प्रयोग, सामाजिक सन्देशमूलकता आदिका दृष्टिले उनका उत्कृष्ट कथाहरूमा 'माकुराको जालो', 'घडेरी', 'समझौता', 'मासिक तलब', 'सौगात', 'सुषमा', 'चुपचाप टेलर' आदि कथाहरू पर्दछन् । झण्डै ढेड दशकसम्म उनका कथाहरू फाट्टफुट्ट प्रकाशित भए पनि तिनीहरू आधुनिक नेपाली कथाको क्षेत्रमा नयाँ इँटा थप्न सफल भएका छन् । मानवीय जीवनका कठोर यथार्थ, मान्छेको मनभित्रका शङ्का उपशङ्का, अरू खासगरी नारी मनभित्रका यौनमनोदशा, पारिवारिक तनाव, आर्थिक एवम् नैतिक सङ्कटजस्ता विविध पक्षलाई आफ्नो प्रतिभा र श्रमको उपयोग गरी अभिव्यक्ति गर्ने युवापुस्ताका एक प्रतिनिधि कथाशिल्पीका रूपमा अविरल स्थापितलाई चिन्न सकिन्छ ।

अविरल स्थापितका कविताहरूमा तत्कालीन नेपालको समसामयिक विषयवस्तु पाइन्छ । पोखराका प्राकृतिक सौन्दर्य, साँस्कृतिक विविधता, भौगोलिक अवस्थाका साथै पर्यटकीय अवस्थाको चित्रण पनि उनका कवितामा पाइन्छ । उनका अत्यधिक कवितामा तत्कालीन नेपालमा व्याप्त गरिबी, अशिक्षा, अभाव, पीडाको चित्रण गर्दै गरिबीको सङ्ग्रहालय बुनेर देश नै भिखारी बन्न पुगेको अवस्थाको चित्रण छ । यसका साथै निम्न आय भएका कर्मचारीहरूले बेहोर्नु परेका समस्या, प्रेमीप्रेमिकाहरूका पीडाको पनि चित्रण गरिएको पाइन्छ ।

उनका कविताहरूमा निश्चित गण र मात्राका नियमहरूको पालना नगरिएको भए पनि पद्यशैलीमै लेखिएकाले आन्तरिक लय भने प्रभावकारी बन्न पुगेको देखिन्छ । उनका कवितामा एउटा भावप्रवाहलाई एउटै श्लोकमा व्यक्त गर्ने गरिएको पाइन्छ । उनका कविताहरूमा कवि आफैले तत्कालीन कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरेकाले यिनमा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । त्यसैगरी कतै सुखको, कतै पीडाको, कतै घृणा र कतै आक्रोशको भाव व्यक्त गरिएको पनि पाइन्छ । तत्सम र आगन्तुक शब्दहरूको समेत यथोचित प्रयोगले उनका कविता सरल र सरस बनेका छन् ।

अविरल स्थापितको एउटा मात्र प्रकाशित एकाङ्कीमा तत्कालीन समाजमा सभ्य र शिक्षित बन्न खोज्नेहरूको आडम्बरी र देखावटीपनको विरोध गरिएको छ । आफ्नो हैकम र रवाफ देखाउन उच्च वर्ग भनाउँदा महिलाहरूले आफ्नो पति बदल्नसम्म पछि नपर्ने जस्ता घृणित कार्यहरू गर्न सक्छन् भन्ने कुरा देखाइएको छ ।

सँगै पढेकी आफ्नी साथीलाई आफ्नो श्रीमान् उच्च  पदमा रहेको देखाउन उसले गरेका क्रियाकलापहरू यहाँ व्यक्त गरिएको छ ।

उनको एकाङ्कीमा कम तर प्रभावकारी पात्रहरूको प्रयोग गरिएको छ । एक देशको एक काल र पक्षको चित्रण प्रभावकारी बन्न पुगेको छ । यसमा पनि सहरीया, सभ्य भनाउँदाहरूको कार्यशैलीलाई कार्यपीठिका बनाइएको छ । मध्यम र छोटाछोटा संवादहरूको प्रयोग प्रभावकारी भए पनि अङ्ग्रेजी मिश्रित संवाद भएकोले केही कठिनता पनि थप्न पुगेको पाइन्छ । यहाँ दार्जिलिङ र कलकत्ताको प्रसङ्ग सन्दर्भमा आए पनि काठमाडौंको कुनै घरको एउटा कोठामा घटेका प्रसङ्गलाई वातावरणमा लिइएको छ । यस एकाङ्कीमा आफूलाई उच्च बनाउन खोज्ने आडम्बरी महिलाहरूको ढोंगी प्रवृत्तिको चर्चा गर्द तत्कालीन नेपाली नारीहरूमा उच्च बन्न खोज्ने विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गरिएको छ । यसमा गहन कथावस्तु, सन्तुलित संवाद र कलात्मक भाषाशैलीको समेत प्रयोग गरिएको छ ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने देशका विभिन्न स्थानहरू र विदेशमा रहँदा पनि नेपाली भाषा र साहित्यको विकास र उन्नति गर्ने साहित्यकारका रूपमा अविरल स्थापितलाई लिन सकिन्छ । जहाँसम्म यिनका कमजोरी पक्षलाई केलाउँदा उनका कविताकृतिमा साहित्यिक कलात्मकताका केही कमी देखिनुका साथै शब्दप्रयोग र भावसम्प्रेषणमा पनि केही कसर देखिन्छ । स्थापित आफ्नो साहित्यिक यात्राको दोस्रो चरणको उत्तरार्द्धतिर बढी बैज्ञानिक अनुसन्धानमा लाग्नु परेको, विभिन्न काणले देशविदेशको भ्रमणमा हिँडिरहनु परेको र पारिवारिक दायित्व निर्वाह गर्नु परेकोले साहित्यमा त्यति सक्रिय भएको देखिदैन । उनको साहित्यिक यात्राको पहिलो चरण साहित्यिक अभ्यासको चरण भए पनि राम्रा राम्रा कथाहरू रचेको देखिन्छ भने दोस्रो चरण लामो प्रयास र अभ्यास पछिको चरण भएकोले अझै गुणात्मक कथाहरू रचेको देखिन्छ । यसर्थ पछिल्लो चरणमा देखिएका केही कमी कमजोरीहरूलाई क्रमिक रूपमा परिष्कार र परिमार्जन गर्दै अगाडि बढेमा स्थापितको साहित्यिक योगदानमा बृद्धि हुने उज्ज्वल आशा राख्न सकिन्छ । त्यसैले समग्रमा भन्नुपर्दा अविरल स्थापित नेपाली भाषा र साहित्यको विकासमा हालसम्म पनि साधनारत प्रतिभा हुन् । उनलाई कथा विधामा सबैभन्दा बढी क्रियाशील मनोवैज्ञानिक र यथार्थवादी साहित्यकारका रूपमा चिन्न सकिन्छ ।

# सन्दर्भग्रन्थसूची

## (क) पुस्तकसूची


अवस्थी, महादेव (सम्पा.), नेपाली कथा भाग-२, ललितपुर : साझा प्रकाशन, २०५५ ।

थापा, हिमांशु, साहित्य परिचय, चौ.सं., ललितपुर : साझा प्रकाशन, २०५० ।

बराल, ईश्वर, झ्यालबाट, छै.सं., ललितपुर : साझा प्रकाशन, २०५३ ।

श्रेष्ठ, दयाराम (सम्पा.), नेपाली कथा भाग-४, ललितपुर : साझा प्रकाशन, २०५७ ।

सुवेदी, राजेन्द्र, (सम्पा.), स्नातकोत्तर नेपाली कथा, ललितपुर : साझा प्रकाशन, २०५१ ।

स्थापित, अविरल, माकुराको जालो, ललितपुर : साझा प्रकाशन, २०४० ।

))))))), अविरलका कथाहरू, कास्की :पोखरेली युवा सांस्कृतिक परिवार, २०५६ ।


## (ख) पत्रपत्रिकासूची


काफ्ले, भिष्मराज, 'पाठक सभा', मधुपर्क (वर्ष २०, अङ्क ८), २०३६, पृ. २ ।

जोशी, भोज, 'पाठक प्रतिक्रिया', प्राङ्गण (वर्ष ३, अङ्क ३), २०३८, पृ. १३४ ।

ढकाल, सीताराम, 'पाठक सभा', मधुपर्क (वर्ष ११, अङ्क ४), २०३५, पृ. ९९ ।

पाण्डे, श्रीराम, 'पाठक सभा', मधुपर्क (वर्ष ११, अङ्क २), २०३५, पृ. १ ।

शर्मा, एम.आर., 'पाठक सभा', मधुपर्क (वर्ष ४, अङ्क २), २०२८, पृ. १ ।

स्थापित, अविरल, 'पोखरा एक स्केच', रूपरेखा (वर्ष १७, अङ्क ४), २०३३, पृ. ४० ।

))))), 'हिजोआज' मधुपर्क (वर्ष ११, अङ्क ४), २०३५, पृ. ३६-४१ ।

))))), 'प्रेस्क्रिप्सन' र 'भ्रष्टाचार', मधुपर्क (वर्ष ११, अङ्क ९), २०३५, पृ. ६२ ।

))))), 'बानी' र 'प्रेम', मधुपर्क (वर्ष १३, अङ्क ७), २०३६, पृ. ११० ।

))))), 'प्राइमेसी' पाताल छाँगो (वर्ष १, अङ्क २), २०३८, पृ. ३४ ।